*“पुनर्निर्माण र संविधानः बाल अधिकारको संरक्षण हाम्रो अभियान”*

# नेपालमा बालबालिकाको स्थिति, २०७२


नेपाल सरकार

**महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय**

**केन्द्रीय बालकल्याण समिति**

हरिहरभवन, ललितपुर

**प्रकाशक**

नेपाल सरकार
महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय
केन्द्रीय बालकल्याण समिति
हरिहरभवन, पुल्चोक, ललितपुर

**प्रति** : २००० प्रति

**मुद्रण** : अशिम प्रिण्टिङ्ग प्रेस, शंखमूल

**प्रकाशन मिति** : २९ भाद्र, २०७२ राष्ट्रिय बाल दिवस

**सर्वाधिकार** : केन्द्रीय बालकल्याण समिति, ललितपुर

**सम्पादन, संयोजन तथा लेखन समुह**
ज्ञानेन्द्र कुमार श्रेष्ठ, केन्द्रीय बालकल्याण समिति
रामबहादुर चन्द, केन्द्रीय बालकल्याण समिति
तिर्थ न्यौपाने, केन्द्रीय बालकल्याण समिति
लोचन रेग्मी, केन्द्रीय बालकल्याण समिति
देवि प्रसाद डोटेल, केन्द्रीय बालकल्याण समिति
कपिल अर्याल, परामर्शदाता

माननीय नीलम के.सी.(खड्का)
मन्त्री
महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय
पत्र संख्या :
चलानी नं. :

नेपाल सरकार

फोन नं.: ४२००२८०
फ्याक्स: ४२००११६
वेभसाइट: www.mowcsw.gov.np
इमेल: mail@mowcsw.gov.np

निजी सचिवालय
सिंहदरबार, काठमाण्डौ

# शुभकामना

बालबालिकाको विषयमा नेपालमा नीतिगत रुपमा संविधान देखि ऐनकानूनसम्म र राष्ट्रिय योजना देखि स्थानीय स्तरसम्म थुप्रै व्यवस्थाहरु गरिएका छन् । खासगरी बालअधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि, १९८९ लाई २०४७ साल भाद्र २९ गतेका दिन तदनुरुप सन् १९९० सेप्टेम्बर १४ मा नेपालले अनुमोदन गरेपछि बालअधिकारका क्षेत्रमा उल्लेख्य प्रगतिहरु भएका छन् । यद्यपी गर्न बाँकी कामहरु पनि प्रसस्तै छन् । विनाशकारी भुकम्प लगायतका विपद्बाट धेरै बालबालिकाले ज्यान गुमाउन परेको,घर, परिवार विहिन बन्न पुगेको यस दुःखद घडीमा बालबालिकाको विषय सबैका लागि अझ बढी संवेदनशिल र महत्वपूर्ण हुन पुगेको छ ।

महासन्धीको अनुमोदन लगतै बालबालिकाको विषयलाई महत्व दिदै बालबालिका सम्बन्धी ऐन २०४८ निर्माण भई कानूनीरुपमा बालबालिकाको हकअधिकारका बारेमा व्यवस्था हुनुका साथै बालबालिकाको क्षेत्रमा विशिष्टिकृत निकायका रुपमा केन्द्रीय बालकल्याण समिति लगायतको संरचनाको स्थापनाले यस क्षेत्रमा गति प्रदान गरेकोछ । यस वर्ष पनि केन्द्रीय बालकल्याण समितिले राष्ट्रिय बालदिवसको सन्दर्भ पारेर **नेपालमा बालबालिकाको स्थिति-२०७२** प्रकाशित गर्न लागेकोमा मलाई अत्यन्त हर्ष लागेको छ । यथार्थ सूचना र जानकारीहरु विना सही नीति र कार्यक्रम निर्माण र त्यसको कार्यान्वयन गर्न कठीन हुन्छ । नेपालमा बालबालिकाको अवस्थाका विविध पक्षहरुलाई समेटेर तयार भएको यस स्थिति प्रतिवेदन सबैका लागि उपयोगी हुने ठानेको छु । विशेषतः बालबालिकाको क्षेत्रमा कामगर्ने सबै सरकारी निकाय, गैरसरकारी संघसंस्था, संचार माध्यम, नीजी क्षेत्र तथा अन्तरराष्ट्रिय क्षेत्र लगायतलाई आगामी दिनमा के कस्ता कार्यक्रमहरुमा अझ बढी जोड दिनु पर्दछ भन्ने विषयमा थप जानकारीहरु प्रदान गर्न यसले मद्दत पुऱ्याउने छ । यस प्रतिवेदन तयारीमा लाग्नुहुने सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

नेपाल नयाँ संविधान निमार्णको अन्तिम घडीमा रहेको छ । इतिहासमा नै पहिलो पटक नेपालको अन्तरिम संविधान २०६३ मा मौलिक हक अर्न्तगत बालबालिका सम्बन्धी हकहरुको व्यवस्था गरिएको छ भने यसलाई अझ परिमार्जनका साथ नयाँ संविधानको विधेयकमा समेटीनु सबैका लागि खुसीको कुरा हो । बालबालिकाको हितका लागि सरकारी तथा गैरसरकारी क्षेत्रबाट थुप्रै प्रयासहरु भइरहेका छन् । तर अझै पनि बालसंरक्षणको क्षेत्रमा गर्न बाँकि धेरै काम रहेका छन् । यो वर्ष राष्ट्रिय बालदिवस, **"पुनर्निर्माण र संविधानः बालअधिकारको संरक्षण हाम्रो अभियान"** भन्ने मूल नाराका साथ मनाउन लागिएको अवसरमा सबै बालबालिकाको उज्वल भविष्यको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद
भदौ, २०७२

............................
निलम के सी (खड्का)
मन्त्री,

नेपाल सरकार
# महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

सिंहदरबार, काठमाडौं, नेपाल
फोन नं. : ००९७७-१-४२००१६८
४२०००८२/४२००४१३
फ्याक्स : ४२००११६

पत्र संख्या :
चलानी नं.:

मिति :

## शुभ-कामना

संयूक्त राष्ट्रसंघको महासभाबाट बालबालिकाको अधिकारको संरक्षण र सम्वर्द्धन गर्न सन् १९८९ नोभेम्वर २० का दिन अनुमोदित बालअधिकार सम्बन्धी महासन्धी बालअधिकारको आधारशिलाको रुपमा रहेको छ । नेपाल सरकारले बालबालिकाको अधिकारको संरक्षणको लागि आवश्यक ऐन, नियम र नीतिहरु तर्जुमा गरेको छ । संवैधानिक इतिहासमै पहिलो पटक नेपालको अन्तरिम संविधान, २०६३ को भाग ३ मा मौलिक हक भित्र बालबालिकाको हक समावेश गरेर बालबालिका प्रति राज्यको दायित्व उजागर भएको छ । साथै, नेपालको बन्न लागेको संविधानको परिमार्जित विधेयकमा समेत बालअधिकारलाई उचित स्थान दिइएको छ ।

हरेक बर्ष राष्ट्रिय बाल दिवसको अवसर पारेर केन्द्रीय बालकल्याण समितिले बालबालिकाको अवस्थाबारे सूचना संकलन, प्रशोधन र विश्लेषण गरी बालबालिकाको स्थिति चित्रण गर्ने कार्यलाई निरन्तरता दिने क्रममा नेपालका बालबालिकाको स्थिति २०७२ प्रतिवेदन प्रकाशन गर्न लागेको थाहा पाउँदा मलाई अत्यन्तै हर्ष लागेको छ । बालबालिकासम्बन्धी विद्यमान कानून तथा नीति, निर्देशिकाको प्रभावकारी कार्यान्वयनमा थप पहल र प्रयास गरी समग्र बालबालिकाको हक अधिकार संरक्षण तथा प्रवर्द्धन अभियानमा जुट्न सम्बद्ध सबै निकाय तथा संस्थाको प्राथमिकता हुनु आवस्यक छ । यस प्रकाशनले बालबालिकाको बारेमा आवश्यक सूचना एवं तथ्याङ्क उपलब्ध गराई आगामी दिनमा बालबालिकाको लागि अपनाउनुपर्ने नीति तथा कार्यक्रमको तर्जुमा गर्नमा सम्बद्ध सबै निकायहरुलाई सहयोग पुग्नेछ भन्ने मैले विश्वास लिएको छु। प्रतिवेदनले औल्याएका कुराहरुमा मन्त्रालयले दायित्व, सहयोग र अभिभावकत्व निर्वाह गर्ने कुरामा विश्वास दिलाउन चाहन्छु। सिमित स्रोत र साधनका बावजूद केन्द्रीय बालकल्याण समितिले बालअधिकारको संरक्षणार्थ गर्दै आएको कार्य सह्रानीय छ ।

नयाँ बर्षसँगै चुनौतिको रुपमा आएको भुकम्पले पारेको क्षतिले बालबालिका र बालबालिकाकालागि उपलब्ध सेवाहरु समेत नराम्ररी प्रभावित हुन पुगेको छ । यस विषम परिस्थितिको सामना गर्दै ***पुनर्निर्माण र संविधान: बालअधिकारको संरक्षण हाम्रो अभियान*** भन्ने मूल नाराका साथ मनाउन लागिएको राष्ट्रिय बालदिवस २०७२ को सुअवसरमा सबै नेपाली बालबालिकाको उज्वल भविष्य र प्रगतिको शुभकामना व्यक्त गर्न चाहन्छु। धन्यवाद ।

धनबहादुर तामाङ्ग
सचिव

भदौ, २०७२

E-mail : mail@mowcsw.gov.np, Website : www.mowcsw.gov.np

नेपाल सरकार

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

# केन्द्रीय बालकल्याण समिति

**Central Child Welfare Board, CCWB**

हरिहरभवन, ललितपुर

पत्र संख्या :

चलानी नं. :

मिति.........................

## शुभ-कामना !

आजका बालबालिका हाम्रा लागि प्रकृतिले दिएका खुशीका उपहार हुन भने भोलिका देशका कर्णधार, सभ्यता, संस्कार र संस्कृतिका स्तम्भ हुन । प्रकृतिका यी सुन्दर सिर्जना काँचो माटो हुन्, काँचो माटोबाट जस्तो आकार र प्रकारको वस्तु निर्माण गर्न सकिन्छ त्यस्तै समाज र देश निर्माण तथा पुनर्निर्माण गर्ने ईट्टा भनेका बालबालिका नै हुन । त्यसैले यिनीहरुको बाल्यकाल असल र सुखद हुनुपर्छ । भूकम्पजस्ता विनाशकारी विपद आइपरेको बेलामा समेत बालबालिकालाई प्राथमिकतामा राखी व्यवस्थापनको कार्य गर्नुपर्छ । बाबुआमा, परिवार, समाज र विद्यालयबाट बालबालिकालाई जस्तो संस्कार तथा संस्कृति, शिक्षादीक्षा र व्यवहार गरिन्छ त्यस्तै सिक्छन् र उनीहरुको जीवन शैली पनि त्यस्तै बन्छ । संयुक्त राष्ट्रसंघीय बालअधिकारसम्बन्धी महासन्धी १९८९, नेपालको अन्तरिम संविधान २०६३, बालबालिकासम्बन्धी ऐन, २०४८ र बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ लगायतका कानूनी र नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयनमा सरकारी निकाय, स्थानीय निकाय, गैरसरकारी संघ-संस्था, नागरिक समाज र अभिभावक स्वयम्को चासो र प्राथमिकता हुनुपर्छ । राजनीतिक दल, दलका भातृ संघ-संगठन, शिक्षक, प्राध्यापक, चिकित्सक, कानून व्यवसायी, उद्योग व्यवसायी, व्यापारी, पत्रकार र आम नागरिकको दायित्व बालबालिकाको उचित पालनपोषण र संरक्षण गरी बालअधिकारको संरक्षण र सम्बर्धन गर्नु हो । यही मर्मलाई आत्मसाथ गरी नेपालको संविधान, २०७२ को प्रारम्भिक विधेयकको मस्यौदामा पनि बालबालिकाको हकलाई संवैधानिक हकको प्रत्याभूति गरी बालबालिकाको सर्वोत्तम हितलाई राज्यले विशेष प्राथमिकता दिने व्यवस्था उल्लेख गरेको छ ।

कुनै पनि देशमा कानून कार्यान्वयन फितलो हुन्छ भने त्यसबाट सबैभन्दा बढी बालबालिकानै प्रभावित, पीडित र शोषित हुन्छन् । त्यसकारण, कानून कार्यान्वय गरी कानूनी शासनमा बालमैत्री वातावरण सहितको बालअधिकार सुनिश्चित गर्नु हामी सबैको साझा दायित्व हो ।

सिमित स्रोत र साधनका बावजुद पनि केन्द्रीय बालकल्याण समितिले बालअधिकार संरक्षण तथा सम्वर्धन गर्दै वि.सं. २०६३ साल देखि बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ३२ को उपदफा ५ बमोजिम बालबालिकासम्बन्धी राष्ट्रिय वार्षिक प्रतिवेदन प्रकाशन गर्दै आएको छ । यस वर्ष पनि **राष्ट्रिय बाल दिवस**को शुभ अवसरमा **नेपालमा बालबालिकाको स्थिति, २०७२** राष्ट्रिय प्रतिवेदन प्रकाशन गर्न पाउँदा खुशी लागेको छ । बालबालिकाको हक हित तथा बालअधिकार संरक्षण र सम्वर्धन गर्ने कुरा कुनै पनि सिद्धान्त, विचार, आस्था, पेशा र धर्मभन्दा माथि भएकोले राजनीतिक दल, नागरिक समाज, कर्मचारी, व्यपारी, उद्योगपति, पत्रकार एवम् बालबालिकासम्बन्धी सरोकार भएका सरकारी निकाय, गैरसरकारी संघ-संस्था, शिक्षक, अभिभावक तथा विद्यार्थी सबैलाई आ-आफ्नो क्षेत्र र लक्ष्यमा सधैं निरन्तर अगाडि बढ्न र बालअधिकार संरक्षण तथा सम्वर्धन गर्न यस प्रतिवेदनले थप प्रेरणा दिने छ भन्ने पूर्ण दृढ विश्वास लिएको छु ।

अन्त्यमा, यस प्रतिवेदनलाई वार्षिक रुपमा प्रकाशन गर्ने कार्यमा विभिन्न प्रकारले आवश्यक सहयोग पुऱ्याउनु हुने सरकारी निकाय, गैरसरकारी संघ-संस्था, विकासका साझेदार, नागरिक समाज, बालकल्याण समितिका पदाधिकारीहरु, विशेष गरी यस समितिका कार्यकारी निर्देशक र कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । राष्ट्रिय बाल दिवस -२०७२ को मूल नारा **"पुनर्निर्माण र संविधान: बालअधिकारको संरक्षण हाम्रो अभियान"** लाई अभियानकै रुपमा अगाडि बढाउन सबैको सहयोगको अपेक्षा सहित, सम्पूर्ण नेपाली बालबालिकाको उज्ज्वल भविष्यका लागि हार्दिक शुभ-कामना व्यक्त गर्दछु ।

धन्यवाद !

डिल्ली राम गिरी
अध्यक्ष

२९ भदौ २०७२

**फोन नं.** : ५०१००४५, ५०१००४६, ५५३९२११ **फ्याक्स** : ९७७-१-५५२७५९१ E-mail : contact@ccwb.gov.np

Tel. : 5010045, 5010046, 5539211 Fax : 977-1-5527591 Website : ccwb.gov.np

# प्राक्कथन

केन्द्रीय बालकल्याण समिति बालबालिकाको विषयमा एक विशिष्टिकृत निकायका रुपमा रहेको छ । बालबालिकासम्बन्धी ऐनले दिएका विभिन्न जिम्मेवारीहरु वहन गर्ने सन्दर्भमा बिगत २०६३ साल देखिको क्रमलाई निरन्तरता दिंदै नेपाली बालबालिकाको अवस्थाबारेका विविध तथ्याङ्क, सूचना र जानकारीहरु सङ्कलन गरी बार्षिक प्रतिवेदनका रुपमा **नेपालमा बालबालिकाको स्थिति–२०७२** प्रकाशन गर्न पाएकोमा खुसी लागेको छ ।

नेपालमा बालबालिकाको क्षेत्रमा धेरै नीतिगत सुधार हुनुका साथै योजना र कार्यक्रमहरु पनि उल्लेख्य रुपमा रहेका छन् । सरकारी निकायदेखि गैरसरकारी क्षेत्र, समुदाय र बालबालिका तथा विकासका साझेदारहरुसमेतको क्रियाशिलताले सकारात्मक परिवर्तन पनि भएको छ । तर पनि बालबालिकाको समग्र अवस्थामा सुधार गर्नुपर्ने धेरै पक्षहरु बाँकी नै रहेका छन् । सुधार एक निरन्तर प्रक्रिया हो, बालबालिकाको विषय धेरै पक्षहरुसँग गाँसिने भएकाले सबै क्षेत्रको समान चासो र क्रियाशिलतामा नै यो सम्भव हुन सक्दछ ।

देश पुनर्संरचनाको संघारमा रहेको अवस्थामा बालबालिकाका विषयहरुलाई कहाँ कसरी सम्बोधन गर्नु पर्ने हो भन्नेबारेमा सबैको सर्तकता आवश्यक छ । एकातिर विनासकारी भूकम्पले पुऱ्याएको क्षति अपुरणीय रहेको छ भने अर्कोतर्फ कतिपय मानव सिर्जित हिंसाजन्य कार्यबाट पनि बालबालिका प्रताडित भैरहेका छन् । भूकम्प, अन्य प्राकृतिक विपदलगायत विभिन्न नाममा भएका हिंसात्मक गतिविधिबाट दिवङ्गत भएका सम्पूण बालबालिकाप्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दै सम्बन्धित परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछु । आगामी बर्षको प्रतिवेदनमा यस्ता वाक्यांशहरु उल्लेख गर्नु नपरोस् भन्ने कामना पनि गर्दछु ।

यस परिदृश्यमा बालबालिकाको संरक्षणार्थ बालबालिकाको क्षेत्रमा क्रियाशिल सबै निकाय, संघसंस्था तथा व्यक्तिहरुको भूमिका अत्यन्त महत्वपूर्ण हुन्छ । बालबालिका प्रतिको सम्बेदनशिलता हरेक तहमा हुनु आवश्यक छ । समाजमा बालबालिकासंग सम्बन्धित धेरै समस्या आइरहन्छन् र तिनलाई सिर्जनात्मक सोचका साथ समाधान गर्न सबैको सहकार्य आवश्यक हुन्छ । बालबालिकाको क्षेत्रमा भएगरेका उपलब्धीहरुलाई समेत समेटेर तयार पारिएको यस प्रतिवेदनमा खासगरी बालबचाउ, बालसंरक्षण, बालविकास र बालसहभागिताको अवस्थालाई सकेसम्म उल्लेख गर्ने प्रयत्न गरिएको छ । जसमा बालबालिकाको क्षेत्रमा ध्यान दिनुपर्ने अवस्थाहरुलाई पनि केही हदसम्म औंल्याइएको छ । बालअधिकार

सुनिश्चितताका लागि यस क्षेत्रमा भएका प्रगति र अभावका सूचना जानकारीको विश्लेषण गरी आगामी कार्ययोजनाहरु निर्माण गर्नमा यस प्रतिवेदनले सबैलाई सघाउ पुऱ्याउने अपेक्षा गरिएको छ ।

यस प्रतिवेदन तयार गर्ने क्रममा प्राप्त अनुभवबाट पनि कतिपय सरकारी तथा गैरसरकारी संघसंस्थाहरुमा सूचना जानकारीहरुको व्यवस्थापन अझ त्यसमा पनि बालकेन्द्रत तथ्यतथ्याङ्कको व्यवस्थापन कमजोर रहेको देखिएकोछ। जसले गर्दा कतिपय तथ्य जानकारीहरुलाई आधिकारिक रुपमा प्रस्तुत गर्न सकिएको छैन । यस प्रतिवेदनमा उल्लेख गरिएका जानकारी, सूचना र तथ्याङ्कहरू विभिन्न स्रोतबाट संकलन गरिएको हुँदा सोको समयावधिहरूमा विविधता रहेका छन् । कतिपय नेपाली आर्थिक वर्षमा आधारित छन् भने कतिपय इस्वी सन्मा आधारित छन् । तसर्थ स्रोतका सन्दर्भहरूलाई जस्ताको तस्तै प्रस्तुत गर्ने जमर्को समेत गरिएको छ। बालबालिकाको विषयमा केन्द्रित सक्षम राष्ट्रिय बालअधिकार सूचना स्रोत तथा अनुसन्धान केन्द्रको आवश्यकता निरन्तर खड्किरहेको छ। जसलाई परिपुर्ति गर्ने बाटोमा केन्द्रीय बालकल्याण समिति क्रियाशिल रहिरहेको छ ।

साधनस्रोतको अभावमा पनि यो प्रतिवेदन तयारी क्रममा सूचना जानकारी पठाउने जिल्ला बालकल्याण समितिहरु, तथ्याङ्क उपलब्ध गराउने अन्य सरकारी निकायहरु, संघसंस्थाहरुका साथै सूचना सङ्कलनदेखि विश्लेषण, लेखन, सम्पादन लगायतका कार्यमा सक्रिय रुपमा संलग्न हुने र सहयोग गर्ने केन्द्रीय तथा जिल्ला बालकल्याण समितिका कर्मचारीहरु र विज्ञहरुको योगदान सराहनीय छ । यस प्रतिवेदन प्रकाशनको सहकार्यमा सहयोग पुऱ्याउने युनिसेफ, प्लान नेपालकासाथै केन्द्रीय बालकल्याण समितिसंग यस वर्ष नियमित कार्यक्रम सम्पन्न गर्न सहयोग गर्ने सेभ द चिल्ड्रेन, टीडिएच तथा आंशिक सहयोग गर्ने वर्ल्डभिजनलाई हार्दिक धन्यवाद छ ।

अन्त्यमा, **"पुनर्निर्माण र संविधानः बालअधिकारको संरक्षण आम्रो अभियान" को** मूल नारासहित मनाइएको यस बर्षको बालदिवसको अवसरमा बालअधिकार संरक्षणका लागि सम्बद्ध सबैको अझ बढी ध्यान पुग्नेछ भन्ने आशा गर्दछु ।

**तारक धिताल**
कार्यकारी निर्देशक
केन्द्रीय बालकल्याण समिति

भाद्र २९, २०७२ ।

# सारसङ्क्षेप

- संयुक्त राष्ट्रसंघको बालअधिकारसम्बन्धी महासन्धि सन् १९८९ का प्रावधानहरु लागू गरी नेपाली बालबालिकाको अधिकार सुनिश्चित गर्ने क्रममा नेपालको संविधानमा बालअधिकारका प्रावधानहरु समावेश गरिएको छ । बालबालिकासम्बन्धी छुट्टै कानुन, नीति र कार्ययोजना तर्जुमा गरी कार्यान्वयन भैरहेको छ। राष्ट्रिय आवधिक विकास योजनामा बालअधिकारका विषयलाई समावेश गर्ने गरिएको छ। केन्द्रदेखि स्थानीयस्तरसम्म बालबालिकासम्बन्धित संस्थागत संरचनाको व्यवस्था रहेको छ।

- विभिन्न क्षेत्रगत मन्त्रालयहरु तथा सरकारी, अर्धसरकारी, गैरसरकारी निकाय एवम् अन्य विकासका सहकर्मीहरुबाट बालबालिकासंग सम्बन्धित शिक्षा, स्वास्थ्यलगायत बालसंरक्षणका विषयहरुमा विभिन्न कार्यक्रमहरु सञ्चालन भैरहेका छन् ।

- आर्थिक वर्ष २०७०/७१ मा गर्भवती भएपछि पहिलोपल्ट जाँच गराउने महिलाको अनुमानित प्रतिशत ८६, गर्भावस्थामा कम्तिमा चारपल्ट जाँच गराउने महिलाको प्रतिशत ४९, टिटि-२ पाउने गर्भवती महिलाको प्रतिशत ४० र स्वास्थ्य संस्थाहरूमा सुत्केरी गराउने महिलाको प्रतिशत ५० एवम् तालिमप्राप्त सुडेनीको सहयोगमा बच्चा जन्माउने महिलाको प्रतिशत ५० रहेको छ। यसैगरी जीवित बालक जन्मदिएपछि पहिलोपल्ट जाँच गराउने सुत्केरी महिलाको प्रतिशत ५९ पुगेको छ।

- स्वास्थ्य सेवा विभागको तथ्याङ्क अनुसार नेपालका ९७ प्रतिशत जनतामा भेदभावरहित ढंगले खोप कार्यक्रमको पहुँच पुगेको छ। नेपाल २७ मार्च २०१४ मा पोलियो रहित देश घोषित भएको छ। त्यसैगरी सन् २००५ देखि मातृ तथा शिशुमा टिटानस उन्मूलन भएको र जापनिज इन्सेफलाइटिस नियन्त्रणमा रहेको छ । सन् २०१९ सम्ममा दादुरा उन्मूलन गर्ने लक्ष्य राखिएको छ।

- स्वास्थ्य सेवा विभागमा आर्थिक वर्ष २०७०/७१ मा १०२ वटा सार्वजनिक अस्पताल, २०८ वटा प्राथमिक स्वास्थ्य सेवा केन्द्र, १,५५९ स्वास्थ्य चौकी, २,२४७ उपस्वास्थ्य चौकीहरू, १२,६१८ प्राथमिक स्वास्थ्य आउटरिच क्लिनिक तथा १६,८४० विस्तारित खोप केन्द्रहरू सूचीकृत भएका छन् ।

- आर्थिक वर्ष २०७२/७३ को बजेट वक्तव्यको बुँदा नं १८५ मा "सन् २०१७ भित्र नेपाललाई पूर्ण खोप पाएको देश घोषणा गर्ने गरी स्थानीय स्वामित्व र सहभागितामा शत् प्रतिशत बालबालिकालाई खोप उपलब्ध गराइने" व्यवस्था उल्लेख गरिएको छ ।

- नेपालमा नवजात शिशु, शिशु तथा बालबालिकाको मृत्युदरमा क्रमिक सुधार आएको देखिन्छ। त्यसैगरी प्रजनन् दर पनि घट्दै गएको देखिन्छ । सन् २०१० मा जम्मा प्रजनन् दर (प्रति महिला) ३ रहेकोमा सन् २०१४ मा २.३ मा झरेको छ । सन् २०१० मा पाँच वर्षमुनिको बालबालिकाको मृत्युदर (प्रति १००० जीवित जन्ममा) ५५ जना रहेकोमा सन् २०१४ मा ३८ मा झरेको छ । सन् २०१० मा शिशु मृत्युदर (प्रति १००० जीवित जन्ममा) ४४ जना रहेकोमा सन् २०१४ मा ३३ मा आइपुगेको छ । त्यसैगरी नवजात शिशु मृत्युदर (प्रति १००० जीवित जन्ममा) ३३ रहेकोमा सन् २०१४ मा २३ मा झरेको छ ।

- आर्थिक वर्ष २०६९/७० को तुलनामा २०७०/७१ मा कुपोषणमा रहेका बालबालिकाको संख्या १ प्रतिशत बिन्दुले घटेको छ ।

- युनिसेफको सन् २०१५ को प्रतिवेदन अनुसार १७.८ प्रतिशत बालबालिका जन्मदै कम तौलका जन्मिएका र ६९.६ प्रतिशत बालबालिकाले ६ महिनासम्म आमाको दूधमात्र पिउन पाएको पाइएको छ । २ वर्षसम्म आमाको दूध पिउने बालबालिका ९२.६ प्रतिशत देखिएको छ भने ९९ प्रतिशत बालबालिकालाई भिटामिन ए खुवाइएको पाइएको छ ।

- स्वास्थ्य सेवा विभागको वार्षिक प्रतिवेदन आर्थिक वर्ष २०७०/७१ अनुसार सन् २०१३ सम्म नेपालमा एच.आई.भि/एड्स संक्रमितको संख्या ४०,७२३ रहेको छ जसमध्ये ८ प्रतिशत अर्थात ३,२८२ बालबालिका रहेका छन् ।

- राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रको २०७२ सालको प्रतिवेदनअनुसार सन् २०१४ मा एच.आई.भि. संक्रमणको अनुमानित संख्या ३९,२४९ रहेका छन् । जसमध्ये १४ वर्ष मुनिका बालबालिकामा अनुमानित एच.आई.भि. संक्रमणको संख्या १,९६८ रहेका छन् । आर्थिक

वर्ष २०७०/०७१ मा १४ वर्षमुनिका बालबालिकामा एच.आई.भि. संक्रमणको दर्ता भएका घटनाको संख्या ८७ रहेको देखिएको छ ।

- आर्थिक वर्ष २०७१/७२ मा ४४ जिल्लामा ५७७ आवासीय बालगृहहरू सञ्चालनमा रहेका छन् । यी बालगृहहरुमा जम्मा १६,४०० बालबालिका (७,९८९ बालक र ८,४११ बालिका) आवासीय रुपमा रहेको पाइएको छ। काठमाडौं जिल्लामा सर्वाधिक २०१ वटा बालगृह रहेका छन् भने १७ वटा जिल्लामा १-१ वटा मात्र बालगृह सञ्चालनमा रहेको पाइएको छ ।

- बालबालिका खोजतलास समन्वय केन्द्रमा आर्थिक वर्ष २०७१/७२ मा हराएका ७८६ जना बालबालिकाको सूचना दर्ता भएकोमा सोको खोजतलास गरी हराएकामध्ये फेला परेका २८७ जनालाई परिवारमा पुनर्मिलन गराइएको छ। वेवारिस फेला परेका ३६० मध्ये २०९ जनालाई परिवारमा पुनर्मिलन तथा पुनर्एकीकरण गरिएको छ। यसरी कूल ४९६ जनाको पारिवारिक पुनर्मिलन गरिएको छ। घरपरिवार थाहा हुन नसकेका १५१ वेवारिस फेला परेका बालबालिकालाई विभिन्न संस्थाहरुमा संरक्षणका लागि राखिएको छ ।

- काठमाडौ उपत्यकामा सडक बालबालिका रहने विभिन्न २० प्रमुख क्षेत्रमा न्यूनतम २५७ र अधिकतम ३४२ सम्मको संख्यामा सडक बालबालिका रहेको अनुमान गरिएको छ। जसमा १६ वर्ष उमेर भन्दामुनिको सडक बालबालिका भने करीब १२७ जना रहेको अनुमान छ ।

- सन् २००५ देखि २०१३ सम्मको तथ्याङ्कको आधारमा युनिसेफले सार्वजनिक गरे अनुसार नेपालमा १५ वर्षमुनिका विवाहितहरू १०.१ प्रतिशत रहेका छन् भने १८ वर्ष मुनिका विवाहितहरू ४०.७ प्रतिशत रहेका छन् ।

- नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षण अनुसार सन् २००१ मा १५ देखि १९ वर्ष उमेर समुहमा अविवाहित महिला ६० प्रतिशत रहेकोमा सन् २०११ मा ७१ प्रतिशत पुगेको छ। यसले कम उमेरमा विवाह गर्ने क्रम क्रमशः घट्दै गएको देखिन्छ। २० देखि २४ वर्ष उमेर समूहका ४१ प्रतिशत महिलाहरूको विवाह १८ वर्ष पुग्नु अगावै भएको देखिन्छ भने यसको तुलनामा यही उमेर समूहका ११ प्रतिशत मात्र पुरुषहरूको विवाह १८ वर्षभन्दा कम उमेरमा भएको पाइन्छ।

- बालविवाहका घटनाहरु समाजमा हुने गरेता पनि यसको उजुरी परी कारवाहीको प्रक्रिया अघी बढाउने प्रचलन भने न्यून रहेकोछ। आर्थिक वर्ष २०७०/७१ मा नेपाल प्रहरीमा जम्मा २३ वटा मात्र बालविवाहको उजुरी परेको पाइन्छ ।

- नेपाललगायत सार्क मुलुकहरूमा बालविवाह अन्त्यका लागि क्षेत्रीय कार्ययोजना (२०१५-२०१८) समेत तयार भएको छ। हाल महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयको संयोजनमा सन् २०२० सम्ममा नेपालमा बालविवाहको अन्त्य गर्ने उद्धेश्यका साथ "नेपालमा बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति" निर्माणको तयारी अन्तिम चरणमा पुगेको छ।

- कारागार व्यवस्थापन विभागको २०७२ असार मसान्तसम्मको कैदी बन्दीको विवरण अनुसार जम्मा ७१ जिल्लास्थित कारागारमा कूल १७,२१२ कैदी बन्दी (१५,९६१ पुरुष र १,२५१ महिला) मा आश्रित बालबालिका जम्मा ९५ जना रहेको देखिन्छ।

- बहुसूचक क्लस्टर सर्वेक्षण (सन् २०१०/११) मा बालबालिकाको जन्मदर्ता ४२ प्रतिशत देखिएको थियो भने सन् २०१४ मा गरिएको यही सर्वेक्षणबाट यो दर बढेर ५८.४ प्रतिशत पुगेको देखिएको छ।

- पञ्जिकरण विभागबाट प्राप्त पछिल्लो तथ्याङ्कनुसार २०७१ मा बालिका ४,२१,५०३ र बालक ४,५४,६९० गरी जम्मा ८,७६,१९३ जनाको जन्मदर्ता भएको पाइन्छ। हरेक वर्ष सोही वर्ष जन्मेका बालबालिका मात्रै कतिको जन्म दर्ता भयो भन्ने एकीकृत तथ्याङ्क भने उपलब्ध हुन सकेको छैन।

- आ.व. २०७०/७१ मा भारत, नर्वे र संयुक्त राज्य अमेरिकामा एक एक जना बालिका गरी जम्मा ३ जना बालिकामात्र र आ.व. २०७१/७२ मा अमेरिका र स्लोभानियामा एक/एक जना गरी दुइजना बालिकामात्र धर्मसन्तानको रुपमा ग्रहण भएको देखिन्छ।

- भूमिसुधार तथा व्यवस्थापन विभागका अनुसार आर्थिक वर्ष २०७०/७१ मा जम्मा ७४ जना बालबालिका नेपालभित्रै धर्मसन्तानका रुपमा अपनाइएका थिए। आर्थिक वर्ष २०७१/७२ मा १५ जिल्लाबाट जम्मा ६२ जना बालबालिका धर्मसन्तानको रुपमा ग्रहण गरिएको देखिन्छ।

- गृह मन्त्रालयबाट प्राप्त तथ्याङ्कनुसार नेपालमा हाल बेलडागी, शनिश्चरे स्थित भुटानी शरणार्थीहरुको क्याम्प र सो बाहिर रहेका समेत गरी १७ वर्षसम्मका बालक ३,८३९ र बालिका ३,६४२ गरी जम्मा ७,४८१ जना भुटानी शरणार्थी बालबालिका रहेका छन्। भुटानी शरणार्थीका अतिरिक्त नेपालमा अन्य विभिन्न देशका वयस्क शरणार्थीसहित बालबालिका पनि रहेको देखिने गरेको भएता पनि सोको आधिकारिक तथ्याङ्क उपलब्ध हुन सकेको छैन।

- २०६८ सालको जनगणनाअनुसार नेपालमा कुल जनसंख्याको १.९४ प्रतिशत (५,१३,३२१ जना) जनसंख्यामा कुनै न कुनै प्रकारको अपाङ्गता देखिएको छ। जसमध्ये शारीरिक अपाङ्गता

३६.३ प्रतिशत, दृष्टिविहीन १८.५ प्रतिशत, सुस्त श्रव्य १५.४ प्रतिशत र बोल्न नसक्ने ११.५ प्रतिशत, बहु अपाङ्गतामा ७.५ प्रतिशत, मानसिक अपाङ्गता ६ प्रतिशत, बौद्धिक अपाङ्गता २.९ प्रतिशत र दृष्टि-श्रवण अपाङ्गता १.८ प्रतिशत रहको छ ।

- आ.ब.२०७०/७१ मा (क) वर्गको अपाङ्गता परिचयपत्र पाउने २६,४५७ जना, (ख) वर्गको अपाङ्गता परिचयपत्र पाउने ४६,११८ जना (ग) वर्गको अपाङ्गता परिचयपत्र पाउने ४७,४०८ जना र (घ) वर्गको अपाङ्गता परिचयपत्र पाउने ३४,७८९ जना तथा वर्ग नखुलेको ३२,०९२ गरी जम्मा १,८६,८६४ जना रहेका छन् । जसमा ५ वटा जिल्लाबाट मात्र जानकारी अनुसार अपाङ्गता परिचयपत्र वितरणसम्बन्धी बालबालिकाको संख्या ४,५६० प्राप्त रहेको छ ।

- मानवअधिकार वर्ष पुस्तक २०१५ अनुसार सन् २०१४ भित्र ९४० वटा बालअधिकार हनन् तथा बालबालिकामाथि ज्यादतीका घटना घटेको पाइएको छ । जसमध्ये बलात्कार र यौन दुर्व्यवहारका घटना धेरै हुनेगरेको देखिएको छ ।

- विभिन्न छ वटा संघसंस्थाहरुको सहकार्यमा १३ जिल्लामा सञ्चालित बाल हेल्पलाइन १०९८ बाट २०७२ आषाढ मसान्तसम्म जोखिमपूर्ण अवस्थामा रहेका बालक २,१८४ र बालिका १,८८५ गरी जम्मा ४,०६९ बालबालिकाको आपतकालीन उद्धार गरी राहत, मनोविमर्श, पारिवारिक पुनर्मिलन, पुनर्एकीकरण तथा पुनर्स्थापन गरिएको छ ।

- केन्द्रीय बालकल्याण समितिले केन्द्रीय तहबाट आर्थिक वर्ष २०७१/७२ मा जम्मा १९८ वटा बालगृहको स्थलगत अनुगमन गऱ्यो । जसमध्ये आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड अनुकूल नरहेका समस्याग्रस्त सात बालगृहहरुबाट ४७ जना बालक र ५२ जना बालिकालाई उद्धार गरिएको थियो । त्यसैगरी यौन हिंसामा परेका दुइजना बालक पाँचजना बालिका, श्रमिकको रुपमा राखिएका २५ जना बालक र ३१ जना बालिका र वेवारिस फेला परेका १२ जना बालक र ३ जना बालिकाको उद्धार गरिएको थियो । भूकम्पपश्चात अनाधिकृत रुपमा स्थान्तरण गरिएका २२७ जना बालक र १३९ जना बालिकालाई उद्धार गरी आवधिक गृहमार्फत परिवारमा पुनर्मिलन तथा पुनर्स्थापन गरिएको छ ।

- विभिन्न ४८ जिल्ला बालकल्याण समितिमा रहेको बालउद्धार कोषमार्फत जोखिम तथा विभिन्न समस्यामा परेका जम्मा १०७० जना बालबालिका (बालिका ४९४) लाई आर्थिक राहात सहयोग प्रदान गरिएको छ । यसैगरी केन्द्रीय बालकल्याण समितिले सुस्त मनस्थिति भएका, मानसिक विरामी भएका, अपाङ्गता भएका र वेवारिस फेला परेका ९१ सहित

परिवारविहीन तथा असहाय बालक ६६ र बालिका ५६ गरी १२२ जना बालबालिकालाई संरक्षणका निम्ति आवश्यक आर्थिक तथा संस्थागत सहयोग गरेको छ।

- भूकम्पका कारण ५,३६,९४८ वटा घरहरु पूर्ण रुपमा क्षति भएका थिए भने ११,२१,००८ जना बालबालिका प्रभावित भएका थिए। भूकम्पले धेरै प्रभाव पारेको १४ जिल्लाहरुको हालसम्म प्राप्त तथ्याङ्क अनुसार बाबुआमा दुवै गुमाउने बालबालिकाको संख्या १७६ रहेको छ। आमा गुमाएका ८६५ र बाबु गुमाएका ९७२ रहेको छ। यसरी आमाबाबु दुवै वा कुनै एक गुमाउने जम्मा बालबालिका २,०१३ पाइएको छ। भूकम्पमा परी २७३७ बालबालिकाले ज्यान गुमाए भने २१०७ जना घाइते भए।

- शिक्षाको क्षेत्रमा दलित र जनजाति बालबालिकाको पहुँचको हिसाबले २०७१ सालमा प्रारम्भिक बालविबास केन्द्रमा जम्मा १०,१४,३३९ बालबालिका भर्ना भएकोमा १८.० प्रतिशत दलित बालबालिका (बालक १७.४ प्रतिशत र बालिका १८.८ प्रतिशत) र ३८.६ प्रतिशत जनजाति बालबालिका (बालक ३८.५ प्रतिशत र ३८.८ प्रतिशत बालिका) रहेको देखिन्छ।

- २०७१ मा देशभर प्राथमिकतहमा जम्मा ४३,३५,३५५ बालबालिका भर्ना भएकोमा दलित बालबालिकाको संख्या ८,६०,७२३ रहेको छ। यो संख्या देशभरको प्राथमिकतहमा भर्ना भएका जम्मा बालबालिकाको १९.९ प्रतिशत हो। निम्न माध्यमिकतहमा १४.५ प्रतिशत दलित बालबालिका भर्ना भएका थिए भने आधारभूततहमा १८.३ प्रतिशत दलित बालबालिका भर्ना भएका थिए।

- नेपाल प्रहरी, महिला तथा बालबालिका सेवा निर्देशनालयले २०७१/०७२ मा देशभरमा १८४ वटा मानव बेचबिखनको मुद्दा दायर भएको जनाएको छ। यसमा १८ वर्षमुनिको बालबालिका पीडित भएको संख्या उल्लेख भएको भए पनि विस्तृत तथ्याङ्क प्रशोधनको क्रममा रहेको जनाइएको छ। यस अतिरिक्त आ.ब. २०७१/७२ मा बालबालिका बेचविखन तथा ओसार पसारको आशंकामा उद्दार गरिएका बालबालिकाको संख्या २१२ जना बालक र २१३ जना बालिका गरी जम्मा संख्या ४२५ रहेको छ।

- आ.ब. २०७१/०७२ मा बाल हेल्पलाइन नं. १०९८ बाट बालक १०९ र बालिका ८६ गरी १९५ बालश्रमिकलाई उद्दार तथा पुनर्स्थापन गरिएको छ। यसैगरी केन्द्रीय तथा जिल्ला बालकल्याण समितिबाट बालक २५ र बालिका ३१ गरी जम्मा ५६ जना श्रमिक बालबालिकालाई उद्धार गरिएको छ

- श्रमशक्ति सर्वेक्षण, २००८ मा प्राप्त तथ्यहरूलाई थप विश्लेषण गरी "नेपाल बालश्रम प्रतिवेदन" सन् २०१२ मा प्रकाशित प्रतिवेदनअनुसार नेपालमा ५-१७ वर्ष उमेर समूहका बालबालिकाको संख्या ७७ लाख ७० हजारमध्ये ४०.४ प्रतिशत अर्थात् ३१ लाख ४० हजार बालबालिका रोजगारीमा (काममा) सम्लग्न देखिन्छन् । जसमध्ये १६ लाख बालबालिका (५१ प्रतिशत) बालश्रमको समूहभित्र पर्दछन् । त्यसमध्ये पनि ६ लाख २० हजार बालबालिका भने जोखिमपूर्ण श्रममा सम्लग्न रहेको अनुमान छ ।

- यस वर्ष विभिन्न जिल्ला अदालतमा १२ वटा लागूऔषधसम्बन्धी बालविज्याँइका मुद्दा रहेका छन् । यसैगरी यसवर्षमात्रै लागूऔषध मुद्दामा २६ जना बालबालिका तीनवटा बाल सुधार गृहमा प्रवेश गरेका तथा पारिवारिक पुनर्स्थापन भएको देखिन्छ ।

- केन्द्रीय बालकल्याण समितिबाट सङ्कलित तथ्याङ्क अनुसार बीस जिल्लाहरुमा सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिका मध्ये बालक ४४८ र बालिका ३४२ गरी ७९० जनाले दुबै बाबुआमा गुमाएका छन् । समग्रमा बीस जिल्लामा जम्मा १,६९०६ जना बालबालिका सशस्त्र द्वन्द्वबाट कुनै न कुनै रुपमा प्रभावित भएको पाइएको छ । हाल विभिन्न संस्थाहरुबाट ३३१ जना सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकालाई आवासीय बालगृहमा संरक्षण दिइएको पाइन्छ । जसमध्ये ७२ जना बालबालिकाका दुबै बाबुआमा छैनन्, १९ जना बालकालिकाको बाबु मात्र छन् भने १९६ जना बालबालिकाको आमामात्र रहेको अवस्था छ । शहीद प्रतिष्ठान अन्तर्गतका ५ वटा क्षेत्रीय आवासीय विद्यालयमा १,३६४ जना द्वन्द्व प्रभावित बालबालिका रहेका छन् ।

- शान्ति तथा पुनर्निर्माण मन्त्रालयले टुहुरा बालबालिका पुनर्स्थापना कार्यक्रममार्फत ३४ जिल्लाका जम्मा ६२० जना बालबालिकालाई शुरुदेखि हालसम्म (आ.ब. २०७१/७२) जम्मा रु. ९,७२,३०,०००/- प्रदान गरेको पाइएको छ ।

- यस आर्थिक वर्ष २०७१/०७२ मा प्राप्त १२७ वटा बालबिज्याँईसम्बन्धी मुद्दाहरु मध्ये ८६ वटा अर्थात ६७.७ प्रतिशत मुद्दाहरु फैसला भइसकेका छन् । यस आर्थिक वर्षमा पनि बालबालिकाले गर्ने बिज्याँइहरुमा सब भन्दा बढी जबरजस्ती करणीसम्बन्धी मुद्दाको संख्या ४२ देखिएको छ । त्यस पछि साधारण चोरीसम्बन्धी बालबिज्याँईको संख्या १९ देखिन्छ । त्यस्तै जबरजस्ती करणी उद्योगसम्बन्धी बालबिज्याँईको संख्या १७ देखिन्छ भने नकवजनी चोरी, लागूऔषध, कर्तब्य ज्यानसम्बन्धी मुद्दाहरुको संख्या क्रमश १३, १२ र ८ देखिन्छ ।

- आर्थिक वर्ष २०७१/०७२ मा जम्मा दर्ता भएका १२७ वटा बालबिज्याँईसम्बन्धी मुद्दाहरुमा प्रतिवादी बालबालिकाको संख्या १३८ मध्ये २ जना मात्र बालिका रहेको देखिन्छ। उमेरगत समुहमा हेर्दा १४ वर्ष मुनीका बालबालिकाको संख्या ६५ जना अर्थात ४७.१ प्रतिशत रहेको देखिन्छ भने १४ देखि १६ वर्ष बीचका बालबालिकाको संख्या ७३ जना अर्थात ५२.९ प्रतिशत देखिन्छ। १४ वर्षमुनिका २३ जना बालकहरु जबरजस्ती करणीमा र ६ जना जबर जस्ती करणी उद्योगमा प्रतिवादी भएको देखिनुले कलिलै उमेरमा बालकहरुको यौनअपराधमा भएको सम्लग्नता गम्भीर विषयका रुपमा रहेकोछ।

- २०७१ मा समुदायमा आधारित बालविकास केन्द्र ३०,०३४ वटा र संस्थागत विद्यालयमा आधारित बालविकास केन्द्र ५,०८७ गरी जम्मा ३५,१२१ वटा बालविकास केन्द्र सञ्चालनमा रहेको र सोमा जम्मा १०,१४,३३९ बालबालिका भर्ना भएका थिए। यसै गरी बाल विकास केन्द्रबाट कक्षा १ मा भर्ना भएका बालबालिकाको संख्या ५,४९,२५३ पुगेको छ।

- बालबालिकाको प्राथमिक विद्यालयमा खूद भर्नादर २०७१ सालमा ९६.२ प्रतिशत पुगेको छ। निम्न माध्यमिक स्तरमा खूद भर्नादर ७४.६ प्रतिशत देखिन्छ भने माध्यमिक (कक्षा ९ र १०) स्तरमा यो दर ५६.१ प्रतिशत र उच्च माध्यमिकस्तरमा (कक्षा ११ र १२) मा १३.१ प्रतिशतमात्र देखिन्छ। २०७१ सालमा देशभरमा प्राथमिकतहमा २२,०१,३१३ छात्रा र २१,३४,०४२ छात्र गरी जम्मा ४३,३५,३५५ विद्यार्थी भर्ना भएको देखिन्छ। विद्यार्थी भर्नाको अनुपात हेर्ने हो भने निम्न माध्यमिक र आधारभूत तहमा पनि छात्राकै संख्या छात्रको तुलनामा उच्च रहेको पाइन्छ। लैङ्गिक समानता सूची प्राथमिकस्तरमा ०.९९, निम्न माध्यमिकस्तरमा १.०२, माध्यमिकस्तरमा ०.९९ र उच्च माध्यमिकस्तरमा १.०३ रहेको छ।

- प्राथमिकस्तरमा एक कक्षामा भर्ना भै कक्षा पाँचसम्म पुग्ने बालबालिकाको प्रतिशत ८६.८ (बालक ८७.५ र बालिका ८६.५) तथा कक्षा आठसम्म पुग्नेको प्रतिशत ७४.६ (बालक ७३.३ र बालिका ७६.०) देखिन्छ।

- विगत पाँच वर्षको एस.एल.सी. परीक्षामा उतीर्ण परीक्षार्थीको प्रतिशत हेर्दा सबभन्दा कम २०६९ सालमा (४१.८७) र सबभन्दा बढी २०६७ सालमा (५५.९५) देखिन्छ। २०७१ मा उर्त्तीण प्रतिशत ४७.४३ रहेबाट विद्यालयस्तरीय शिक्षामा गरिएको बढ्दो लगानी र प्रयासको अनुपातमा शिक्षाको गुणस्तरमा खासै सुधार भएको देखिँदैन। २०६७ सालदेखि २०७१ सालसम्म एस.एल.सी. परीक्षामा सम्मिलित कूल परीक्षार्थीमध्ये सामुदायिक विद्यालयका परीक्षार्थी क्रमशः ७८.४२, ७७.९५, ७६.६२, ७५.८३ र ७४.६० प्रतिशत रही प्रत्येक वर्ष घट्दै गएको देखिन्छ।

- नेपालमा कक्षा १ देखि १२ सम्म पढाइ हुने जम्मा ३५,२२३ विद्यालयहरू छन् । जसमध्ये २९,६३० सामुदायिक र ५,५९३ निजी विद्यालयहरू रहेका छन् । यसैगरी उच्च माध्यमिकस्तरमा २,६४८ सामुदायिकस्तरबाट र ९४८ निजीस्तरबाट गरी जम्मा ३,५९६ वटा विद्यालय रहेका छन् ।

- विद्यार्थी भर्ना कक्षा १ देखि १२ सम्मका विद्यालयहरूमा जम्मा ७५,४२,३९३ रहेका छन् । जसमा बालिकाको संख्या ३८,२२,५८० रहेको छ भने बालकाको संख्या ३७,१९,८१३ रहेको छ । नेपालभरिका कक्षा १ देखि १२ सम्म अध्यापनहुने विद्यालयहरुमा शिक्षकको कूल संख्या २,९२,८४५ रहेकोमा पुरुषको संख्या १,९२,३९९ र महिलाको संख्या १,००,४४६ रहेको छ ।

- देशभरमा कक्षा १ दखि कक्षा १२ सम्म पढाइहुने सम्पूर्ण धार्मिक विद्यालयहरूको तथ्याङ्क अनुसार मदरसाको संख्या ७३५, गुम्बाको संख्या ७६ र आश्रमको संख्या ६८ रहेको देखिन्छ ।

- बालअधिकारसम्बन्धी महासन्धिको अनुमोदनपश्चात् नेपालमा बालसहभागितामा उल्लेख्य वृद्धि भएको छ । बालबालिकाको सङ्गठित हुने अधिकारको उपभोग गर्दै नेपालमा २२,४५७ सङ्ख्यामा बालबालिकाका समूह, क्लब, बालअधिकार मञ्चहरू क्रियाशील रहेका छन्, जसमा करिब ४ लाख ३१ हजार ९ सय ६० बालबालिका आबद्ध रहेको पाइन्छ ।

- वि.सं. २०६८ सालमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले बालमैत्री स्थानीय शासनः राष्ट्रिय रणनीति र कार्यान्वयन कार्यविधि २०६८ लागू गरी बालमैत्री गाविस/नगर पालिका स्थापनाका लागि ६० जिल्लामा ४४ वटा नगरपालिका र १०५६ गाविसमा कार्य भइरहेको छ । नवलपारासीको सुनवल नगरपालिका नेपालको पहिलो बालमैत्री नगरपालिकाका रुपमा घोषणा भएको छ ।

- केन्द्रीय बालकल्याण समितिले बालमैत्री गाविस स्थापना गर्ने अभियानमा मोरङ्ग जिल्लाको ते तरिया गाविस बालमैत्री गाविस घोषणातिर उन्मुख भएको छ । त्यसैगरी मकवानपुर, कञ्चनपुर, बाँके र रौतहट जिल्लाको क्रमश : फाखेल, दोधारा, परसपुर र गेडहीगुठी गाविसलाई बालमै त्री गाविसको रुपमा घोषणा गर्नका लागि हालसम्म ती गाविसहरूमा भएका गतिविधी र प्रयासहरूको समीक्षा गर्दै ३ वर्षभित्र घोषणा गर्ने रणनैतिक योजना समेत निर्माण गरिएको छ ।

# विषय सूची


**शीर्षक** **पेज नं.**

सारसङ्क्षेप

**परिच्छेदः १ परिचय**

१.१ परिचय ........ १

१.२ नेपालमा बालबालिकासम्बन्धी संबैधानिक, कानुनी, नीतिगत, संरचनागत व्यवस्था तथा नेपाल सरकारको योजना र कार्यक्रमहरू ........ २

**परिच्छेदः २ बालबचावट**

२.१ परिचय ........ १३

२.२ गर्भ र जन्मको अवस्था ........ १३

२.३ बाल्यकालमा हुने रोगका जोखिम र खोप ........ १४

२.४ शिशु तथा बाल मृत्युदर ........ १५

२.५ पोषण ........ १६

२.६ एच.आई.भि./एड्स संक्रमित तथा प्रभावित बालबालिका ........ १७

२.७ गर्भिणी र सुत्केरी आमाहरुको उचित स्याहार ........ १८

**परिच्छेदः ३ बालसंरक्षण**

३.१ परिचय ........ १९

३.२ बालबालिकाको स्याहार ........ २०

३.३ हराएका, फेला परेका र वेवारिस बालबालिका ........ २१

३.४ सडक बालबालिका ..... २३
३.५ बालविवाह ..... २४
३.६ अभिभावकसंगै कारागारमा रहेका बालबालिका ..... २६
३.७ जन्मदर्ता ..... २७
३.८ धर्मसन्तान ..... २८
३.८.१ विदेशी नागरिकलाई धर्म सन्तान ..... २८
३.८.२ स्वदेशी नागरिकलाई धर्म सन्तान ..... २९
३.९ गोपनीयताको हकको संरक्षण ..... ३०
३.१० शरणार्थी बालबालिका ..... ३०
३.११ अपाङ्गता भएका बालबालिका ..... ३१
३.१२ सामाजिक सुरक्षा र बालबालिका ..... ३२
३.१३ बालअधिकारविरुद्धका घटनाबाट पीडित बालबालिकाको उद्धार, शारीरिक र मनोबैज्ञानिक सुधार र पारिवारिक पुनर्स्थापना ..... ३४
३.१३.१ बालअधिकार हननूका घटना ..... ३४
३.१३.२ उद्धार तथा पारिवारिक पुनर्स्थापना ..... ३६
३.१४ भूकम्पबाट प्रभावित बालबालिका ..... ३८
३.१५ अल्पसंख्यक र आदिबासी बालबालिका ..... ४३
३.१६ बेचबिखनमा परेका बालबालिका ..... ४५
३.१७ बालश्रम ..... ४६
३.१८ लागू पदार्थको दुरुपयोग र ओसार-पसारबाट संरक्षण ..... ४७
३.१९ सशस्त्र द्वन्द्व प्रभावित बालबालिका ..... ४८
३.२० बालन्याय ..... ४९
३.२१ बाल सुधार गृह ..... ५५

**परिच्छेद: ४ बालविकास**

४.१ परिचय ..... ६१

४.२ प्रारम्भिक बालविकास ६१

४.३ विद्यालयस्तरको शिक्षा ६३

४.४ २०७२ सालको प्रवेशिका परीक्षा उत्तीर्ण गर्ने बालबालिकाको स्थिति ६५

४.५ सामुदायिक तथा संस्थागत विद्यालयको गत पाँच वर्षको एस.एल.सी. परीक्षाको नतिजा ६६

४.६ विद्यालयको संख्या ६७

४.७ बालबालिकाको मनोरञ्जन, खेल र साँस्कृतिक क्रियाकलापमा सहभागिता ६९

**परिच्छेदः ५ बालसहभागिता**

५.१. परिचय ७०

५.२ बालबालिकाको बिचार र अभिव्यक्ति स्वतन्त्रताको स्थिति ७१

५.३. बालक्लब ७१

५.४ः बालमैत्री स्थानीय शासन/बालमैत्री गाविस स्थापना कार्यक्रम ७३

## तालिका


तालिका १ : शिशु तथा बाल मृत्युदर ..... १६

तालिका २ : वि.सं. २०७२ सम्मको एच.आई.भि. संक्रमणसम्बन्धी तथ्याङ्क ..... १८

तालिका ३ : गर्भिणी र सुत्केरी आमाहरुको स्वास्थ्य सेवा ..... १८

तालिका ४ : आ.ब. २०७०/७१ मा बालविवाह मुद्दाको क्षेत्रगत तथ्याङ्क ..... २५

तालिका ५ : भुटानी शरणार्थी बालबालिकासम्बन्धी विवरण, अप्रिल ३०, २०१५ सम्म ..... ३१

तालिका ६ : अपाङ्गता परिचयपत्र वितरणसम्बन्धी जानकारी आ.ब.२०७०/७१ ..... ३२

तालिका ७ : सन् २०१४ मा बालअधिकार उल्लंघन तथा ज्यादतीका घटनामा पीडित संख्या ३५

तालिका ८ : सन् २०१४ मा बालअधिकार उल्लंघन तथा ज्यादतीका घटनामा पीडित संख्या (उमेरको आधारमा) ..... ३५

तालिका ९ : २०७२ साल बैशाख १२ गते गएको भूकम्प र सो पछिको पराकम्पबाट प्रभावित बालबालिकाको संख्या ..... ४०

तालिका १० : बालमैत्री स्थानको विवरण ..... ४२

तालिका ११ : मिति २०७२ साल बैशाख १२ गतेको भूकम्पपश्चात सिमानाकाहरुबाट उद्दार गरिएका बालबालिकाको संख्या ..... ४३

तालिका १२ : प्रारम्भिक बालबिकास केन्द्रमा भर्ना भएका दलित तथा जनजाति बालबालिका ..... ४४

तालिका १३ : प्राथमिक, निम्न माध्यमिक तथा आधारभूततहमा दलित बालबालिका ..... ४५

तालिका १४ : प्राथमिक, निम्न माध्यमिक तथा आधारभूततहमा जनजातिबालबालिका ..... ४५

तालिका १५ : आ.ब. २०७१/७२ मा उद्दार गरिएका बालबालिकाको संख्या ..... ४६

तालिका १६ : शहीद प्रतिष्ठान अन्तर्गतका आवासीय विद्यालयमा रहेका बालबालिकाको संख्या ४९

तालिका १७ : बालबिज्याँईसम्बन्धी मुद्दाको प्रकृति, जम्मा मुद्दा संख्या र फैसलाको विवरण ..... ५१

तालिका १८ : प्रतिवादी बालबालिकाको संख्या र लिङ्गगत बिवरण ..... ५२

तालिका १९ : प्रतिवादी बालबालिका र उमेर समुह ५३

तालिका २० : बालबिज्याँईसम्बन्धी जम्मा फैसला संख्या, ठहर संख्या र फैसलाको विवरण ५३

तालिका २१ : बालबिज्याँईसम्बन्धी ठहर भएका मुद्दामा सजायको किसिम ५४

तालिका २२ : बालबालिकासम्बन्धी मुद्दाको प्रकृति, जम्मा मुद्दा संख्या र फैसला गर्न लागेको अवधि ५५

तालिका २३ : बालसुधार गृहमा रहेका बालबालिका ५६

तालिका २४ : बाल सुधार गृह, सानोठिमी भक्तपुरमा आ.व. ०७०/०७१ र ०७१/०७२ मा प्रवेश र पारिवारिक पुनर्मिलनमा गएका बालबालिकाको मुद्दागत विवरण ५७

तालिका २५ : बाल सुधार गृह, सराङ्गकोट, कास्कीमा आ.व. ०७०/०७१ र ०७१/०७२ मा प्रवेश र पारिवारिक पुनर्मिलनमा गएका बालबालिकाको मुद्दागत विवरण ५८

तालिका २६ : बाल सुधार गृह, विराटनगर, मोरङमा आ.व. ०७०/०७१ र ०७१/०७२ मा प्रवेश र पारिवारिक पुनर्मिलनमा गएका बालबालिकाको मुद्दागत विवरण ५९

तालिका २७ : आ.व. २०७१/०७२ मा बाल सुधार गृहबाट एस.एल.सी. परीक्षा दिएका र उतीर्ण भएका बालबालिकाको विवरण ६०

तालिका २८ : प्रारम्भिक बाल विकास केन्द्र ६२

तालिका २९ : प्रारम्भिक बाल विकासको अनुभवसहित कक्षा १ मा भर्ना भएका बालबालिकाको विवरण ६३

तालिका ३० : शैक्षिकतहका आधारमा विद्यार्थी संख्या ६४

तालिका ३१ : गत पाँच वर्षको एस.एल.सी. परीक्षामा सहभागी तथा उतीर्ण बालबालिकाको विवरणः ६५

तालिका ३२ : सामुदायिक तथा संस्थागत विद्यालयको गत पाँच वर्षको एस.एल.सी. परीक्षाको नतिजा ६७

तालिका ३३ : विद्यालयको संख्या ६८

तालिका ३४ : केन्द्रीय बालकल्याण समितिले बालमैत्री गाविस बनाउनका लागि छनौट गरेका गाविसहरुको विवरण ७५

**ग्राफ**


ग्राफ १ : विकास क्षेत्रानुसार बालगृह र बालबालिकाको संख्या ........ २१

ग्राफ २ : बालबालिका खोजतलाससम्बन्धी विवरण ........ २२

ग्राफ ३ : भक्तपुरको बाल सुधार गृहमा प्रवेश गरेका र पारिवारिक पुनर्मिलन भएका बालबालिका ........ ५७

ग्राफ ४ : कानुनको विवादमा परी बाल सुधार गृह, सराङ्गकोट, कास्की प्रवेश गरेका र पारिवारिक पुनर्मिलनमा गएका बालबालिका ........ ५८

ग्राफ ५ : कानुनको विवादमा परी बाल सुधार गृह, विराटनगर, मोरङ प्रवेश गरेका र पारिवारिक पुनर्मिलनमा गएका बालबालिका ........ ५९

ग्राफ ६ : पाँच बर्षको एस.एल.सी. परीक्षामा उतीर्ण परीक्षार्थी ........ ६६


**सन्दर्भ सामग्रीहरू**

**अनुसूची**


अनुसूची १ : बालगृह र तिनमा आश्रित बालबालिकाको जिल्लागत तथ्यांङ्क

अनुसूची २ (क) : काठमाडौं उपत्यकामा रहेका सडक बालबालिकाको अनुमानित विवरण

अनुसूची २ (ख) : संस्थाको नाम, प्रकृति र बालबालिका राख्ने क्षमता तथा आश्रित बालबालिकाको संख्या

अनुसूची ३ : थुना तथा कारागारमा कैदी बन्दीका आश्रितको संख्या

अनुसूची ४ : २०७१ मा विभिन्न जिल्लामा जन्मदर्ता भएका बालबालिकाको संख्या

अनुसूची ५ : आ.ब. २०७१/७२ मा स्वदेशभित्र ग्रहण गरेको धर्म सन्तानको विवरण

अनुसूची ६ : बीस जिल्लाका सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाको बाबुआमा रहे-नरेको स्थिति

अनुसूची ७ : जिल्लामा गठन भएका बालक्लब

# संक्षिप्त रूप

| | |
|---|---|
| केबाकस | केन्द्रीय बालकल्याण समिति |
| गाविस | गांउ विकास समिति |
| जिबाकस | जिल्ला बालकल्याण समिति |
| मबाकस | नगर पालिका |
| वि.सं | विक्रम सम्वत् |
| सं.रा.सं. | संयुक्त राष्ट्रसंघ |
| NDHS | Nepal Demographic Helath Survey |
| NHSP | National Health Sector Program |
| NMICS | Nepal Multiple Indicator Cluster Survey |

परिच्छेद
१

# परिचय

## १.१ परिचय

नेपालमा बालबालिकाको हित र संरक्षणका विषयवस्तुहरू ऐतिहासिक परम्पराको रुपमा रही आएको पाइन्छ । बालबालिकालाई मृत्युदण्ड तथा कठोर दण्ड सजाय नदिइने, १० वर्षभन्दा मुनिका बालबालिकालाई कुनैपनि फौजदारी कसुरमा दायित्व बहन नगराइने, नाबालक साथमा भएका तथा गर्भवतीले सती जानु नपर्ने जस्ता प्रावधानहरू बालबालिकाको हित र संरक्षणका विषयहरु नेपालको पहिलो मुलुकी ऐन, वि.स. १९१० मा पनि समावेश भएको पाइन्छ । हालको कानुनमा पनि बालबालिकालाई कठोर दण्ड सजाय नदिइने, १० वर्षभन्दा मुनिका बालबालिकालाई कुनैपनि फौजदारी कसुरमा दायित्व बहन नगराइने लगायतका व्यवस्था छँदैछ ।

नेपाल सरकारले संयुक्त राष्ट्रसंघको बालअधिकारसम्बन्धी महासन्धि, सन् १९८९ लाई सन् १९९० सेप्टेम्बर १४ मा अनुमोदन गरी उक्त दस्तावेजका प्रावधानहरु लागू गर्न प्रतिबद्धता जनाइसकेपछि संविधान, कानुन, नीति, योजना, कार्यक्रम तथा संस्थागत व्यवस्थामा बालबालिकाको विषयलाई समाहित गर्दै बालबालिकाको विकास र बालअधिकारको संरक्षण तथा प्रवर्द्धनमा उल्लेखनीय प्रयास गरिरहेको छ । यस प्रयासमा विज्ञ, नागरिक समाज, विकासका राष्ट्रिय र अन्तर्राष्ट्रिय सहकर्मीको समेत योगदान रहेको छ ।

केन्द्रीय बालकल्याण समितिले बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ३२(५) मा भएको प्रावधानलाई मूर्तरूप दिन नेपालमा बालबालिकाको स्थितिबारे बाल दिवसका दिन बालबालिकासम्बन्धी स्थिति प्रतिवेदन सार्वजनिक गर्ने कार्यलाई २०६३ सालदेखि निरन्तरता दिँदै आएको छ। जिल्ला र केन्द्रीयस्तरको सूचना, जानकारी, तथ्याङ्कहरूलाई समायोजन, प्रशोधन र विश्लेषण गरी यो "नेपालमा बालबालिकाको स्थिति, २०७२" प्रतिवेदन प्रकाशित गरिएको छ। सबैको प्रयासको नतिजास्वरुप बालबालिकाको स्थितिमा क्रमशः सुधारहुँदै आएको सर्वविदित नै छ। यस प्रतिवेदनमा संयुक्त राष्ट्रसंघको बालअधिकारसम्बन्धी महासन्धिमा उल्लेख भएका मूलभूत अधिकारहरूलाई सकेसम्म समेट्ने गरी तयार गरिएको छ।

## १.२ नेपालमा बालबालिकासम्बन्धी संवैधानिक, कानुनी, नीतिगत, संरचनागत व्यवस्था तथा नेपाल सरकारको योजना र कार्यक्रमहरू

### क. संवैधानिक व्यवस्था

संविधान देशको मूल कानुन हो र योसँग बाझिएका कानुनहरू बाझिएको हदसम्म अमान्य हुन्छन्। नेपालको अन्तरिम संविधान, २०६३ ले आधारभूत मानव अधिकारलाई सुनिश्चित गरेको छ। केही राजनीतिक अधिकारबाहेक अन्य सबै अधिकार बालबालिकाका हकमा पनि लागू हुन्छन्। नेपालको संवैधानिक इतिहासमै पहिलोपल्ट यस संविधानमा बालबालिकाको हक अधिकारलाई मौलिक हकअन्तर्गत राखिएको छ।

नेपालको संविधान, २०७२ को परिमार्जित विधेयकमा पनि बालबालिकासित प्रत्यक्ष सम्बन्धित व्यवस्थाहरू परेका छन्। बालबालिकाको हक अधिकारलाई मौलिक हकअन्तर्गत धारा ४४ मा विस्तृत रुपमा उल्लेख गरिएको छ। यसअतिरिक्त बालबालिकाका निमित्त न्यायसम्बन्धी हक (धारा २५), अपराध पीडितको हक (धारा २६), शोषणविरुद्धको हक (धारा ३४), शिक्षासम्बन्धी हक (धारा ३६), स्वास्थ्यसम्बन्धी हक (धारा ४०) पनि आकर्षित हुन्छन्। संविधानको भाग ४ राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीतिमा **बालबालिकाको सर्बोत्तम हितलाई प्राथमिक रुपमा ध्यान दिने** भन्ने व्यवस्थाले बालअधिकारको आधारभूत सिद्धान्तलाई अङ्गिकार गरेको छ।

यसरी संविधानको परिमार्जित विधेयकमा बालबालिकाका विषयबस्तुहरु विगतमा भन्दा परिमार्जित रुपमा समावेश गरिनुमा यस क्षेत्रमा क्रियाशील सबै निकाय, संघसंस्था एवम् राजनीतिक व्यक्तिहरुको सकारात्मक भूमिका रहेको छ ।

## ख. बालबालिकासम्बन्धी ऐन नियमहरू

नेपालका ४० वटाभन्दा बढी ऐन-नियमहरुमा बालबालिकासँग सरोकार राख्ने प्रावधानहरु छन् । यसमध्ये निम्न ऐन-नियमहरुमा बालबालिकाको हक अधिकारसँग प्रत्यक्ष सरोकार राख्दछन् ।

बालबालिकासम्बन्धी ऐन २०४८, बालबालिकासम्बन्धी नियमावली २०५१, बालश्रम (निषेध र नियमित गर्ने) ऐन २०५६, आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन २०४९, बालन्याय (कार्यविधि) नियमावली २०६३, आपतकालिन बालउद्धार कोष (सञ्चालन) नियमावली २०६७, अन्तरदेशीय धर्मपुत्र, धर्मपुत्री व्यवस्थापन विकास समिति (गठन) आदेश, २०६७, नेपाली बालबालिका विदेशी नागरिकलाई धर्मपुत्र, धर्मपुत्री ग्रहण गर्न दिने सर्त तथा प्रक्रिया, २०६५, जन्म, मृत्यु र अन्य व्यक्तिगत घटना दर्ता ऐन २०३३, बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति र कार्यान्वयन निर्देशिका २०६८, आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०६९ आदि प्रत्यक्ष सम्बन्धित छन् ।

माथिका ऐन नियम तथा निर्देशिकाका अतिरिक्त निम्न ऐन नियमहरूमा पनि बालबालिकासँग सरोकार राख्ने केही प्रावधानहरू छन् ।

कानुनी सहायता ऐन २०५४, कारागार ऐन २०१९, चन्दा ऐन २०३०, चलचित्र निर्माण, प्रदर्शन र वितरण ऐन २०२६, चिठ्ठा ऐन २०२५, छापाखाना र प्रकाशनसम्बन्धी ऐन २०४८, जीवनासक विषादी ऐन २०४८, दैवी प्रकोप उद्दार ऐन २०३९, निर्माण व्यवसाय ऐन २०५५, निर्वाचन अपराध र सजाय ऐन २०४७, मदिरा ऐन २०३१, मानव शरीरको अङ्ग प्रत्यारोपण नियमित र निषेध ऐन २०५५, लागु औषध नियन्त्रण ऐन २०३३, अपाङ्ग संरक्षण तथा कल्याण ऐन २०३९ र यसको नियमावली, संस्था दर्ता ऐन २०३४,

शिक्षा ऐन २०२८, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन २०६३ र यसको नियमावली २०६४ तथा चियाबगानसम्बन्धी (श्रम) नियमावली २०५० ।

बालबालिकासम्बन्धी ऐनका कमी कमजोरीलाई सम्बोधन गर्दै बालबालिकासम्बन्धी ऐनको नयाँ मस्यौदा तयार भइरहेको छ । यसले बालबालिकाको उमेर १८ वर्ष हुने भनि प्रस्ताव गरेको छ ।

### ग. बालबालिकासम्बन्धी नीति

बालबालिका केन्द्रित कानुनका साथसाथै नेपाल सरकारले बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ लागु गरेको छ । यस नीतिको दीर्घकालीन लक्ष्य "सरकारी निकाय, स्थानीय निकाय, अभिभावक, शिक्षक र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको समन्वयात्मक र सहकार्यमा सबै वर्ग र समुदायका बालबालिकाले बालअधिकारको पूर्ण उपभोग गर्दै सक्षम र योग्य नागरिकको रूपमा व्यक्तित्व विकास गर्नसक्ने वातावरणको सिर्जना गर्ने" रहेको छ ।

प्रत्येक बालबालिकाको अधिकार संरक्षण र प्रवर्द्धन गर्नु बालबालिकासम्बन्धी राष्ट्रिय नीतिको प्रमुख उद्देश्य रहेको छ र अन्य उद्देश्यहरूमा-

- सबै प्रकारका शारीरिक वा मानसिक हिंसा, क्षति वा दुर्व्यवहार, परित्याग, उपेक्षा, शोषण वा यौन दुर्व्यवहारबाट बालबालिकाको संरक्षण गर्ने,
- बालबालिका जन्मनुअघि र जन्मेपछि उनीहरूलाई आवश्यक स्याहार, पोषण सहयोग र शिक्षा प्रदान गरी बालबालिकाको शारीरिक, मानसिक र शैक्षिक विकास गर्ने,
- आफ्नो धारणा बनाउन सक्षम बालबालिकालाई निजहरूसँग सम्बद्ध सबै विषयहरूमा आफ्नो विचार अभिव्यक्त गर्न पाउने अवसर दिई बालसहभागिता अभिवृद्धि गर्ने,
- बालबालिकाप्रतिको विभेद अन्त्य गर्ने, आदि रहेका छन् ।

बिगतका केही राष्ट्रिय विकासका योजनाहरूमा खासगरी सातौं योजनामा बालबालिकाको विषयबारे केही उल्लेख गरिएको थियो भने आठौं योजनादेखि बालबालिकाका बारेमा बेग्लै परिच्छेद नै राखी बालअधिकारका विविध पक्षलाई समेट्ने गरेको पाइन्छ । यस

अतिरिक्त बालबालिकाका लागि दश वर्षीय राष्ट्रिय कार्य योजना, बालश्रमसम्बन्धी गुरू योजना पनि बनेका छन् । जिल्लास्तर र गाउँस्तरसम्ममा बालबालिकाका निमित्त भनेर नै विविध नीतिगत निर्णय र कार्ययोजनाहरू बन्ने गरेको पाइन्छ । साथसाथै गाँउ विकास समिति, नगरपालिका र जिल्ला विकास समितिलाई बालमैत्री स्थानीय शासन अवधारणा अन्तर्गत ती निकायहरूले बालबालिकाको बचावट, विकास, संरक्षण र सहभागिता प्रवर्द्धन गर्न ती निकायहरूको कुल बजेटको १५ प्रतिशत खर्च गर्नुपर्ने नीतिले स्थानीयस्तरमा बालबालिकाको हक-हित संरक्षण गर्न स्रोत परिचालन गर्ने मार्ग प्रशस्त गरेको छ ।

यी नीति र राष्ट्रिय कार्ययोजना बाहेक विभिन्न मन्त्रालयहरू अन्तर्गत बालबालिकाका विभिन्न बिषयहरू पर्दछन् र यी मन्त्रालयहरूले आ-आफ्नो कार्यक्षेत्र र प्राथमिकता अनुसार आफ्नो योजनामा बालबालिकालाई पनि ध्यान दिएर बालबालिकाका विषयवस्तु समेट्ने गरेका छन्, सोहीअनुरुप कार्यक्रम पनि निर्माण गर्ने गरेका छन् । विषेश गरेर गृह मन्त्रालय, संघीाय मामिला तथा स्थानीय विकास मन्त्रालय, स्वास्थ्य मन्त्रालय, शिक्षा मन्त्रालय, शान्ति तथा पुनर्निर्माण मन्त्रालय, श्रम तथा रोजगार मन्त्रालय, राष्ट्रिय योजना आयोग र नेपाल प्रहरी महिला तथा बालबालिका निर्देशनालयले कार्यक्रम तर्जुमा गर्दा बालबालिका विषयवस्तु पनि समावेश हुने गरेका छन् ।

### घ. संरचनागत व्यवस्था

बालबालिकाको हकहित संरक्षण तथा प्रवर्धन गर्न र बालबालिकाको अधिकार प्रत्याभूत गराउन राज्यले आफ्ना सबै संरचना तथा सम्यन्त्रहरूसँग बालबालिकाको विषय प्रत्यक्ष वा परोक्ष रूपमा सम्लग्न गराएको हुन्छ । केन्द्रीयतहमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयलाई मुख्य सरोकारवाला मन्त्रालयको रूपमा राखेको छ भने प्रत्यक्ष रुपमा विषयगत मन्त्रालयको रूपमा शिक्षा मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, श्रम तथा रोजगार मन्त्रालय, कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय, शान्ति तथा पुनर्निर्माण मन्त्रालय, गृह मन्त्रालयजस्ता मन्त्रालयहरु रहेका छन् । बालबालिकासम्बन्धी एक विशिष्टिकृत समन्वयकारी केन्द्रीय निकायको रुपमा केन्द्रीय बालकल्याण समिति रहेको छ ।

बाल केन्द्रित रहेर बालबालिकाको विषयमा समेत बढी जिम्मेवार बनाउन महिला विकास विभागलाई 'महिला तथा बालबालिका विभाग' को रूपमा परिणत गरिएको छ भने ७५ जिल्लामा महिला विकास अधिकृतलाई बालकल्याण अधिकारीका रूपमा विगतदेखि नै तोकिएको छ । जिल्ला बालकल्याण समितिलाई अझ बढी व्यवस्थित र क्रियाशील बनाउन केन्द्रीय बालकल्याण समितिबाट बालअधिकार अधिकृतको व्यवस्था भएको छ। महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयअन्तर्गत यसै आर्थिक बर्षदेखि २३ जिल्लाका महिला बालबालिका कार्यालयमा बालसंरक्षण अधिकृत र बाँकी जिल्लामा बालसंरक्षण निरीक्षकको व्यवस्था निजामती सेवाअन्तर्गत नै गरिएको छ ।

बालन्याय सम्बन्धमा क्रियाशील रहन अदालतको न्यायिक संरचनाका अतिरिक्त केन्द्रमा सर्वोच्च अदालतका माननीय न्यायाधीशको अध्यक्षतामा केन्द्रीय बालन्याय समन्वय समिति गठन भएको छ भने बालन्यायसम्बन्धी कार्यक्रम सञ्चालन भएका ६४ जिल्लामा जिल्ला बालन्याय समन्वय समितिहरू गठन भएका छन् । प्रारम्भमा भक्तपुरमा एउटै मात्र बाल सुधार गृह रहेकोमा हाल कास्की र विराटनगरमा एक-एक वटा बाल सुधार गृह सञ्चालनमा आएका छन् । बालबालिकासम्बन्धी विषयलाई संवेदनशील ढङ्गले सम्बोधन गर्न सकियोस् भन्ने अभिप्रायले नेपाल प्रहरीभित्र महिला तथा बालबालिका सेवा केन्द्र रहेको छ । केन्द्रमा निर्देशनालयको तहमा रहेको यस सेवा केन्द्र ७५ वटै जिल्लामा विस्तार गरिएको छ ।

बालअधिकार हननूका घटनालाई तत्काल सम्बोधन गरी आवश्यक कारवाही गर्न तथा बालबालिकाको आपत्कालीन उद्धार, राहत, परामर्श र संरक्षणका लागि सञ्चालित निःशुल्क फोन १०९८ (दश नौ आठ) सहितको एकीकृत सेवालाई १३ जिल्लामा विस्तार गरिएको छ । हराएका बालबालिका खोजतलास तथा समन्वयका लागि काठमाडौंमा निःशुल्क फोन नं. १०४ सहित बालबालिका खोजतलास समन्वय केन्द्र सञ्चालनमा रहेको छ ।

जिल्लाहरूमा मानव बेचबिखनविरूद्ध लगायतका विभिन्न विषयगत कार्यदल, लैङ्गिक तथा बालअधिकार मूलप्रवाहीकरण समन्वय समिति, घरेलु हिंसा पीडितकालागि

अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्रजस्ता संरचनाहरु रहेका छन् । समुदायसम्म पहुँच हुने गरी जिल्ला शिक्षा कार्यालय तथा जिल्ला जनस्वास्थ्य कार्यालय अन्तर्गतका संरचनाहरू क्रियाशील छन् । यसैगरी स्थानीय निकायहरू पनि बालबालिकाका लागि महत्वपूर्ण रहेका छन् । बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि गाँउ तथा जिल्ला विकास समितिहरू क्रियाशील रहेका छन् । यसैगरी बालसंरक्षणमा विशेष जोड दिन जिल्ला बालकल्याण समिति अन्तर्गत गाउँ बालसंरक्षण समितिहरू क्रियाशील रहेका छन् ।

गैरसरकारी क्षेत्रबाट बालबालिकाका बारेमा थुप्रै संघ-संस्थाहरू क्रियाशील रहेकाछन् । यस्ता संस्थाको विषयगत राष्ट्रिय सञ्जाल पनि निर्माण भएका छन् । बालक्लबहरूका पनि विभिन्न तहमा सञ्जालहरू निर्माण भएका छन्, जसले बालबालिकाका विषयलाई एकीकृत रूपमा आवाज उठाउन र सम्बोधन गर्न सघाउ पुऱ्याएको छ ।

राष्ट्रिय मानव अधिकार आयोग निष्पक्ष रुपमा मानव अधिकारको अनुगमन गर्ने निकायको रुपमा रहेको छ भने यसभित्र बालबालिकाका विषयवस्तुलाई हेर्न व्यवस्था गरिएको छ । त्यसैगरी राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोग पनि बालबालिकासँग प्रत्यक्ष सरोकार राख्दछ ।

बालबालिकाको विषयमा कार्य गर्ने अन्य संस्था र कार्यालयहरु पनि रहेका छन्, जस्तैः जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समिति, गाउँ विकास समिति तथा नगरपालिका, जिल्लास्थित विषयगत कार्यालयहरु (जिल्ला शिक्षा कार्यालय, जिल्ला जनस्वास्थ्य कार्यालय, कृषि कार्यालय, जिल्ला प्रहरी कार्यालय आदि), बालक्लब, आमा समूह, सामुदायिक बन समूह, उपभोक्ता समूह तथा अन्य समूहहरु, गैरसरकारी संघसंस्थाहरु आदिको प्रत्यक्ष र परोक्ष सम्बन्ध बालबालिकासंग रहन्छ ।

### ङ नेपालमा बालअधिकार महासन्धि र यसको ऐच्छिक आलेखको स्थान

१९८९ नोभेम्बर २० मा संयुक्त राष्ट्रसंघबाट पारित बालअधिकारसम्बन्धी महासन्धिले

बालबालिकाको विश्वब्यापी नागरिक हैसियतलाई स्थापित गर्दै उनीहरुको बालापनलाई प्रस्फुटन गरी सम्मान गर्दै उनीहरुमा रहेको क्षमतालाई उजागर हुन र एक मर्यादित मानव जीवन जीउनका लागि कानुनी आधार स्थापना गरेको छ । यो महासन्धि सन् १९९० सेप्टेम्बर २ देखि लागू भएको हो ।

बालअधिकारसम्बन्धी महासन्धिले बालबालिकाको सर्वोत्तम हित, जीवन र विकास, संरक्षण, सहभागिता र विचार र भावनाको कदर जस्ता मूल सिद्धान्तमा आधारित भएर ४० सारभूत हक अधिकारहरू सुनिश्चित गरेको छ । महासन्धिमा रहेका कुल ५४ धाराहरु मध्ये ४० धाराहरुले बालबालिकाको अधिकारको ब्याख्या गरेका छन् भने बाँकी १४ धाराहरुले कार्यान्वयन र अनुगमनको ब्यबस्था गरेका छन् ।

बालअधिकारसम्बन्धी महासन्धिमा उल्लेख गरिएका कुनै धाराहरुलाई थप प्रस्टता वा सो सम्बन्धी थप कानुनी प्रस्टताको आवश्यकता परेको खण्डमा सोसम्बन्धी निर्माण गरिने विशेष व्यवस्थालाई ऐच्छिक सन्धिपत्र वा प्रलेख भनिन्छ । बालअधिकारसम्बन्धी महासन्धिका निम्न तिनवटा ऐच्छिक प्रलेखहरु रहेका छन् ः

१) सशस्त्र संघर्षमा बालबालिकाको सम्लग्नता सम्बन्धी ऐच्छिक प्रलेख, २०००

२) बालबालिकाको बेचबिखन, बालबालिकाको यौन शोषण र बालबालिकाको अश्लील चित्रण सम्बन्धी ऐच्छिक प्रलेख २०००

३) बालअधिकारसम्बन्धी महासन्धिको बालअधिकार हननूको उजुरी सम्बन्धमा ऐच्छिक प्रलेख २०११

राष्ट्रले मानव अधिकारको सम्मान गर्नुपर्ने, संरक्षण गर्नुपर्ने र परिपालना गर्नुपर्ने दायित्व बोकेको हुन्छ । राष्ट्र मानव अधिकारको संरक्षक पनि हो र प्रत्याभूति गराउने निकाय पनि हो । अझ कुनै अन्तराष्ट्रिय महासन्धिमा अनुमोदन गरिसकेपछि राज्यका थप दायित्वहरु हुन्छन् । जस अन्तर्गत सन्धिको इमान्दारीका साथ पालना गर्नु, आफ्ना ऐन, कानुन, रीति परम्परामा भएका भेदभावमुलक व्यवस्थाहरु हटाउनु, त्यस्ता ऐनहरुलाई सन्धि अनुकुल बनाउँदै लैजानु र ती सन्धिमा उल्लेखित अधिकारहरुको उपभोगको अवस्था के कस्तो रहेको छ त्यसको आवधिक रुपमा प्रतिवेदन तयार गरि सार्वजनिक गर्नु पनि पर्दछन् ।

नेपालको सन्धि ऐन, २०४७ को दफा ९ ले नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय महासन्धिहरुसँग नेपालको कानुनी प्रवधानहरु बाझिएमा बाझिएको हदसम्म नेपाली कानुनी प्रावधानहरु अमान्य हुने र ती अन्तर्राष्ट्रिय कानुनी प्रावधानहरु नेपाल कानुन सरह लागू हुने व्यवस्था गरेको छ। तसर्थ नेपालले अनुमोदन गरेको अन्तर्राष्ट्रिय कानुनी प्रावधान मान्ने - नमान्ने वा पालना गर्ने नगर्ने भन्ने राज्यको इच्छामा निर्भर गर्दैन। ती कानुनहरु लागू गर्नु र परिपालना गर्नु राज्यको दायित्व हो।

## च. बालअधिकारसम्बन्धी महासन्धिअन्तर्गत नेपालको आवधिक प्रतिवेदनको स्थिति

नेपालले सन् १९९० सेप्टेम्बर १४ मा बालअधिकारसम्बन्धी महासन्धिमा अनुमोदन गरेपछि महासन्धिको धारा ४४ बमोजिम दुईवर्षभित्र प्रारम्भिक प्रतिवेदन र त्यसपछि ५-५ वर्षमा आवधिक प्रतिवेदन संयुक्त राष्ट्र संघको बालअधिकार समितिमा पठाउनु पर्ने हुन्छ। नेपालले यस महासन्धि अर्न्तगत सन् १९९५ फेब्रुअरीमा प्रारम्भिक प्रतिवेदन पठायो । त्यसमाथि समितिले केही समापन टिप्पणी प्रस्तुत गरेपछि मे १९९६ मा नेपालले थप सूचना राखी प्रतिवेदन पेश गर्‍यो। नेपालले सन् १९९७–२००२ बीचका प्रयास तथा स्थितिलाई समेटी पहिलो प्रतिवेदन सन् २००३ मा र दोस्रो प्रतिवेदन सन् २००५ मा बुझायो । तेश्रो, चौथो र पाँचौ संयुक्त प्रतिवेदन सन् २०१२ मा बुझाएको थियो । यससन्दर्भमा संयुक्त राष्ट्रसंघमा सन् २०१५ को मे महिनामा छलफल हुने तालिकानुसार बालअधिकार समितिबाट थप सूचना जानकारी माग गरिएकोमा सो समेत बुझाई सकिएको थियो। २०७२ साल बैशाख १२ गतेको भूकम्पका कारण उक्त प्रतिवेदनमाथिको छलफल स्थगित गरी सन् २०१६ को मे महिनाका लागि तय गरिएको छ।

## छ. राष्ट्रिय योजना, नीति, क्षेत्रगत कार्ययोजनाहरु तथा कार्यक्रमहरु

नेपाल सरकारले संयुक्त राष्ट्रसंघको बालअधिकारसम्बन्धी महासन्धि सन् १९८९ लाई अनुमोदन गर्नुभन्दा अगाडि देखि कल्याणकारी सोचकै आधारमा पनि बालबालिकासम्बन्धी शिक्षा र स्वास्थ्यजस्ता विषयलाई राष्ट्रिय योजना र कार्यक्रममा समावेश गरेको थियो

भने अनाथ बालबालिकाका लागि बालकल्याण गृह तथा बाल मन्दिरजस्ता संस्थागत व्यवस्था गरेको थियो । बालबालिकाको विषयलाई राष्ट्रियतहमा महत्व दिने क्रममा सातौं योजनामा केही स्थान दिएको पाइन्छ ।

बालअधिकारसम्बन्धी महासन्धिको अनुमोदनपश्चात पहिलो पटक आठौं योजना (२०४९/५० - २०५३/५४) मा बालबालिकासम्बन्धी छुट्टै नीति समावेश गरेको, नवौं योजनादेखि बालअधिकारसम्बन्धी महासन्धिको मर्म तथा सिद्धान्तानुसार बालबालिकासम्बन्धी विषयलाई योजनाको मूलप्रवाहमा समाहित गरेको पाइन्छ । यस अतिरिक्त शिक्षा, स्वास्थ, श्रम, स्थानीय विकासजस्ता विषयगत क्षेत्रहरुमा पनि बालबालिकासम्बन्धी क्षेत्रगत नीति, कार्ययोजना, निर्देशन तथा कार्यक्रमहरुमा थप जोड दिँदै आएको देखिन्छ । शिक्षा मन्त्रालयबाट विद्यालयस्तरमा हुने हिंसा तथा यौन दूर्व्यवहारविरुद्धको राष्ट्रव्यापी अभियान सञ्चालन कार्यविधि, २०७१, अनिवार्य आधारभूत शिक्षा कार्यान्वयन निर्देशिका, २०७१, विद्यालय शान्तिक्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका, २०६८ जस्ता महत्वपूर्ण दस्ताबेजहरु कार्यान्वयनमा ल्याएको छ ।

तेह्रौं योजना (२०७०/७१ - २०७२/७३) मा बालबालिका तथा किशोर-किशोरीको विषयलाई एकीकृत गरेको छ भने बालबालिकाको समग्र अधिकारहरूको संरक्षण र प्रवर्द्धन गर्ने, बालबालिका तथा किशोर-किशोरी उपर हुने सबै प्रकारका हिंसा र दुर्व्यवहारलाई उन्मूलन गर्ने र सबै किसिमको बालश्रमको उन्मूलन गर्ने उद्देश्यहरु लिइएका छन् । यी तीन उद्देश्यहरु पूरा गर्नको लागि बालबालिका तथा किशोर-किशोरीविरूद्धका सबै प्रकारका शोषण, दुर्व्यवहार, भेदभाव र बहिष्करणको नियन्त्रण गरी बालबालिकालाई उनीहरूको अधिकारको प्रत्याभूति गर्ने, गर्भावस्थादेखि जन्म पछिसम्म आवश्यक स्याहार तथा पोषण व्यवस्थाको सुनिश्चितता गर्ने तथा बालबालिकाको शारीरिक, मानसिक र बौद्धिक क्षमता विकास गर्न आवश्यक कार्यक्रम सञ्चालन गर्ने तीन रणनीतिहरु लिइएका छन् । यसैगरी उद्देश्यहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि निम्नानुसारका कार्यनीतिहरु अवलम्बन गरिएका छन् :

- आफ्नो धारणा बनाउन सक्षम बालबालिका तथा किशोर-किशोरीलाई निजसँग सम्बद्ध सबै विषयहरूमा आफ्नो विचार अभिव्यक्त गर्न पाउने अवसर दिई बाल

सहभागिता अभिवृद्धि गरिनेछ ।

- विनाभेदभाव सबै किसिमका बालअधिकार र आधारभूत स्वतन्त्रताको पूर्ण उपभोगको प्रत्याभूतिका लागि कानुनी एवम् संस्थागत व्यवस्थालाई प्रभावकारी बनाइनेछ ।
- बेचबिखनमा परेका बालबालिका तथा किशोर-किशोरीका लागि राहत, पुनःस्थापना, पारिवारिक पुनर्मिलन र कानुनी तथा मनोवैज्ञानिक परामर्श सेवाका कार्यक्रमहरू लागु गरिनेछ ।
- बालबालिकाको जन्मदर्तालाई अनिवार्य गरी प्रारम्भिक बालविकास प्रक्रियालाई व्यवस्थित गरिनेछ ।
- गर्भावस्थामा शिशु र आमाको सुरक्षाका लागि पोषणसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।
- सबै बालबालिकालाई आधारभूत शिक्षा प्रदान गरी तिनलाई विद्यालयमा टिकाई राख्न स्थानीय निकाय र समुदायसँग प्रभावकारी सहकार्य गरी कार्यक्रम सञ्चालन गरिनेछ ।
- बालबालिका तथा किशोर-किशोरीलाई उनीहरूसँग सम्बन्धित विषयहरूमा शैक्षिक संस्थाहरूमा परामर्श दिने प्रणालीको थालनी गरिनेछ ।
- बालसंरक्षण समिति र बालक्लब सञ्चालन तथा परिचालनका लागि बाल क्लबहरूलाई सहयोग पुऱ्याइनेछ ।
- किशोरकिशोरीहरूका लागि जीवन उपयोगी सीप प्रदान गर्न सरकारी, गैर सरकारी तथा निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।

विभिन्न मन्त्रालयहरुबाट यस आर्थिक बर्षमा सञ्चालन गरिने बालबालिकासम्बन्धी मुख्य कार्यक्रमहरुमा **महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय**बाट बालकल्याण कार्यक्रमअन्तर्गत आपत्कालीन बाल उद्धार कोषको सञ्चालन तथा आपतमा परेका बालबालिकालाई सहयोग, सिंहदरवारभित्र दिवा शिशुस्याहार केन्द्र सञ्चालन, कानुनी विवादमा परेका बालबालिकालाई भक्तपुर, मोरङ र कास्कीमा बाल सुधार गृहमा पुनर्स्थापन, विभिन्न ५६ जिल्लाहरुमा बाल इजलाश पूर्णरुपमा सञ्चालन भई बालन्याय प्रणालीलाई बालमैत्री बनाइएको, अनाथ, असहाय बालबालिकाको लागि बाल कल्याण गृहहरु (मोरङ, सप्तरी, पर्सा र रुपन्देही) सञ्चालन भैरहेको छ । **शिक्षा मन्त्रालय**बाट बालबालिकाको शिक्षा पाउने अधिकार सुनिश्चित गर्नको लागि प्रारम्भिक बाल विकास,

प्राथमिक तथा आधारभूत शिक्षा, माध्यमिक तथा उच्च माध्यमिक शिक्षामा प्रत्येक बर्ष थप जोड दिएको पाइन्छ । मुख्य कार्यक्रमहरुमा विभिन्न किसिमका छात्रबृत्ति, विद्यालय खाजा तथा अन्य शिक्षासम्बन्धी सुविधा प्रदान गरेको छ । **स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**बाट बाल स्वास्थ्यअन्तर्गत गर्भावस्था, नवजात शिशु, शिशु तथा बालबालिकाका लागि विभिन्न खोप र निश्चित स्वास्थ्य सेवा र औषधीहरु तोकिएका स्वास्थ्य संस्थाहरु तथा अस्पतालहरुमा निःशुल्क उपलब्ध गराइएको छ । **संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय**बाट बालमैत्री स्थानीय शासन अभिबृद्धि गर्ने जस्ता स्थानीयस्तरसम्म नै लागू हुने खालका कार्य गरेको छ । **श्रम तथा रोजगार मन्त्रालय**बाट बालश्रम निवारण तथा सुधार कार्यक्रम/आयोजनाअन्तर्गत बालश्रम अनुगमन, बालश्रमविरुद्धको चेतना जागरणजस्ता कार्यहरु भैरहेका छन् । **शान्ति, पुनर्निर्माण तथा पुनर्स्थापना मन्त्रालय**अन्तर्गत द्वन्द प्रभावित बालबालिकाका लागि छात्रबृत्ति प्रदान गर्ने कार्य गरेको छ ।

**केन्द्रीय बालकल्याण समितिबाट** यस आर्थिक बर्षमा नेपालको संविधानमा बालअधिकार सुनिश्चित गर्ने तथा बालबालिकासम्बन्धी कानुनमा समयानुसारको सुधार गर्ने विषयमा पैरवी तथा समन्वय गर्ने, सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन मार्गदर्शन तयार गर्ने, बालअधिकार संरक्षणसम्बन्धी व्यापक चेतना जागरण गर्ने, सम्बद्ध मन्त्रालयहरुसंग बालअधिकारका विषयमा समन्वय तथा सहजीकरण गर्ने, आपत तथा जोखिममा परेका बालबालिकालाई उद्धार तथा सहयोग गर्ने, बालगृह अनुगमन गर्ने, बालबालिकासम्बन्धी घटना व्यवस्थापन गर्ने, सरोकारवाला निकायको क्षमता अभिबृद्धि गर्ने, बालबालिका खोजतलास समन्वय केन्द्र नं. १०४ सञ्चालन तथा व्यवस्थापन गर्ने, बाल हेल्पलाइन नं. १०९८ नेपाल सञ्चालन तथा व्यवस्थापनमा थप सहयोग र सुदृढीकरण गर्ने, केन्द्रमा राष्ट्रिय बालअधिकार सूचना स्रोत केन्द्र सञ्चालन र जिल्लामा बालबालिकासम्बन्धी सूचना व्यवस्थापन सुदृढ गर्नेजस्ता मुख्य कार्यक्रम सञ्चालन गरिएका छन् ।

परिच्छेद
२

# बालबचावट

## २.१ परिचय

बालअधिकारसम्बन्धी महासन्धि, १९८९ का धाराहरूको अध्ययन र विश्लेषणबाट बालअधिकारका विषयहरुलाई सरल तरिकाले व्याख्या गर्न बालबचावट, बालविकास, बालसंरक्षण र बालसहभागिता गरी चार भागमा विभाजन गर्ने गरिएको पाइन्छ । यस परिच्छेदमा बाल बचावटसंग सम्बन्धित दीर्घ जीवन र विकास (धारा ६), स्वास्थ्यसम्बन्धी अधिकार (धारा २४) लगायतका विषयहरु समावेश गरिएका छन् । जस अन्तर्गत मूलतः गर्भ र जन्मको अवस्था, बाल्यकालमा हुने रोगका जोखिम र खोप, बाल पोषण, एच.आई.भि/एड्स संक्रमित तथा प्रभावित बालबालिका, शिशु तथा बाल मृत्युदर, गर्भिणी र सुत्केरी आमाहरुको उचित स्याहार जस्ता विषयहरू समावेश गरिएका छन् ।

## २.२ गर्भ र जन्मको अवस्था

नेपालको कानुनी इतिहास हेर्ने हो भने लामो समयसम्म गर्भपतन फौजदारी कसुरको रुपमा रहेको थियो । मुलुकी ऐनको एघारौ संशोधनले केही शर्तहरुको अधिनमा रही नेपालमा पहिलो पटक सुरक्षित गर्भपतनसम्बन्धी कानुनी व्यवस्था गरेको छ । हाल नेपालले गर्भपतनसम्बन्धी सम्पूर्ण सेवाहरु (Comprehensive Abortion Care (CAC) Services)

एकीकृत रुपमा उपलब्ध गराउने नीति लिएको छ। सुरक्षित गर्भपतनसम्बन्धी राष्ट्रिय नीति, २०६० र सुरक्षित गर्भपतन सेवा प्रकृया, २०६० पनि निर्माण गरी जारी भएको छ।

यस व्यवस्थाबाट बाह्र हप्तासम्मको कुनैपनि गर्भ, जबरजस्ती करणी वा हाडनाता करणीबाट रहन गएको अठार हप्तासम्मको गर्भ र गर्भपात नगराएमा गर्भवती महिलाको ज्यानमा खतरा पुग्न सक्दछ वा निजको स्वास्थ्य शारीरिक वा मानसिक रुपले खराब हुन सक्दछ वा विकलाङ्ग बच्चा जन्मन सक्छ भन्ने अधिकार प्राप्त चिकित्सकको राय भएमा वा भ्रूण विकलाङ्ग र बाँच्न सक्ने नदेखिएमा गर्भवती महिलाको मञ्जुरीले गर्भपतन गराउन पाउने कानुनी प्रावधान रहेको छ।

मुलुकी ऐनमा भएको यो संशोधनले गर्भमा रहेको भ्रुणको लिङ्ग पहिचान गरी गरिने गर्भपतनलाई भने गैरकानुनी कार्य मानेको छ। यो व्यवस्थाले नेपालमा व्याप्त रहेको छोरा प्रतिको मोह र छोरी प्रतिको पूर्वाग्रह तथा भेदभावका कारण हुने स्त्री जाति भ्रुणको हत्याको परिपाटिलाई न्यूनीकरण गर्ने प्रयत्न गरेको छ।[1] यो प्रावधानको प्रतिकूल अभ्यास गर्ने चिकित्सकलाई कानुनको दायरामा ल्याई कारवाहीसमेत भएको छ।

गर्भवती महिला र बच्चाको स्वास्थ्यको लागि आइरन, क्याल्सियमलगायतका औषधिहरू अस्पताल तथा स्वास्थ्य चौकीबाट निःशुल्क उपलब्ध गरिने व्यवस्था गरिएको छ। सरकारी अस्पताल तथा स्वास्थ्य चौकीमा सुत्केरी गराउने महिलालाई निःशुल्क सेवा उपलब्ध गराई यातायात खर्चसमेत प्रदान गर्ने गरिएको छ।

आर्थिक बर्ष २०७२/७३ को बजेट वक्तव्यको बुँदा नं १५९ मा “जन्मदेखि २८ दिनसम्मको नवजात शिशुको सरकारी स्वास्थ्य संस्थामा निःशुल्क उपचारको व्यवस्था मिलाइएको छ” भन्ने उल्लेख भएको छ।

### २.३ बाल्यकालमा हुने रोगका जोखिम र खोप

युनिसेफले सन् २०१३ को तथ्याङ्कमा आधारित भई सन् २०१५ मा सार्वजनिक गरेको संसारभरका बालबालिकाको तथ्यगत जानकारी अनुसार नेपालमा प्रतिवर्ष ५,८३,९०० बालबालिका जन्मने गरेकोमा २३ हजार बालबालिका ५ वर्षको उमेर पूरा नगर्दै मर्ने गरेका छन्। नवजात शिशु तथा

---

1 मुलुकी ऐन ११औं संशोधन २०५९ ज्यानसम्बन्धीको महल २८ नं.

५ वर्षमुनिका बालबालिकाको मृत्युको मुख्य कारण न्यूमोनिया, झाडापखाला, मलेरिया, कुपोषण, जण्डिस, चिसो तथा संक्रमण रहँदै आएका छन् । बाल्यकालमा हुने रोग र बालबालिकाको उचित स्याहारसम्बन्धी जानकारी कम वा सामान्य जानकारी हुँदाहुँदै पनि स्याहारकर्ताको व्यवहारमा सुधार नआउँदा शिशु तथा बालबालिका विभिन्न रोगको जोखिममा पर्दछन् ।

स्वास्थ्य सेवा विभागको तथ्याङ्क अनुसार नेपालका ९७ प्रतिशत जनतामा भेदभावरहित ढंगले खोप कार्यक्रमको पहुँच पुगेको छ ।[2] नेपाल २७ मार्च २०१४ मा पोलियो रहित देश घोषित भएको छ । त्यसैगरी सन् २००५ देखि मातृ तथा शिशुमा टिटानस उन्मूलन भएको र जापनिज इन्सेफलाइटिस नियन्त्रणमा रहेको छ । सन् २०१९ सम्ममा दादुरा उन्मूलन गर्ने लक्ष्य राखिएको छ ।

स्वास्थ्य सेवा विभागमा आर्थिक बर्ष २०७०/७१ मा १०२ वटा सार्वजनिक अस्पताल, २०८ वटा प्राथमिक स्वास्थ्य सेवा केन्द्र, १५५९ स्वास्थ्य चौकी, २२४७ उपस्वास्थ्य चौकीहरू, १२६१८ प्राथमिक स्वास्थ्य आउटरिच क्लिनिक तथा १६,८४० विस्तारित खोप केन्द्रहरू सूचिकृत भएका छन् ।

आर्थिक बर्ष २०७२/७३ को बजेट बक्तव्यको बुँदा नं १८५ मा "सन् २०१७ भित्र नेपाललाई पूर्ण खोप पाएको देश घोषणा गर्ने गरी स्थानीय स्वामित्व र सहभागितामा शत् प्रतिशत बालबालिकालाई खोप उपलब्ध गराइने" व्यवस्था उल्लेख गरिएको छ ।

## २.४ शिशु तथा बाल मृत्युदर

नेपालमा नवजात शिशु, शिशु तथा बालबालिकाको मृत्युदरमा क्रमिक सुधार आएको देखिन्छ । त्यसैगरी प्रजनन् दर पनि घट्दै गएको देखिन्छ । सन् २०१० मा जम्मा प्रजनन् दर (प्रति महिला) ३ रहेकोमा सन् २०१४ मा २.३ मा झरेको छ । सन् २०१० मा पाँच वर्षमुनिको बालबालिकाको मृत्युदर (प्रति १००० जीवित जन्ममा) ५५ जना रहेकोमा सन् २०१४ मा ३८ मा झरेको छ । सन् २०१० मा शिशु मृत्युदर (प्रति १००० जीवित जन्ममा) ४४ जना रहेकोमा सन् २०१४ मा ३३ मा आइपुगेको छ । त्यसैगरी नवजात शिशु मृत्युदर (प्रति १००० जीवित जन्ममा) ३३

2 स्वास्थ्य सेवा विभागको वार्षिक प्रतिवेदन २०७०/७१ (२०१३/१४)

रहेकोमा सन् २०१४ मा २३ मा झरेको छ।[3] विस्तृत जानकारी तालिका नं. १ मा दिइएको छ।

**तालिका १: शिशु तथा बाल मृत्युदर**

| सूचक | सन् २०१० सम्मको स्थिति | स्रोत | सन् २०१४ सम्मको स्थिति | स्रोत |
|---|---|---|---|---|
| जम्मा प्रजनन् दर (प्रति महिला) | ३ | NHSP- II, 2010 | २.३ | NMICS, 2014 |
| किशोरीको प्रजनन् दर (१५-१९ उमेर समुहका महिला, प्रति १००० मा) | ९८ | NDHS, 2011 | ७१ | NMICS, 2014 |
| पाँच वर्षमुनिको बालबालिकाको मृत्युदर (प्रति १००० जीवित जन्ममा) | ५५ | NHSP- II, 2010 | ३८ | NMICS, 2014 |
| शिशु मृत्युदर (प्रति १००० जीवित जन्ममा) | ४४ | NHSP- II, 2010 | ३३ | NMICS, 2014 |
| नवजात शिशु मृत्युदर (प्रति १००० जीवित जन्ममा) | ३३ | NHSP- II, 2010 | २३ | NMICS, 2014 |
| मातृ मृत्युदर (प्रति १०००० जीवित जन्ममा) | २५० | NHSP- II, 2010 | १९० | विश्व स्वास्थ्य संगठनको २०१४ को अनुमान |

*स्रोतः स्वास्थ्य सेवा विभागको वार्षिक प्रतिवेदन २०७०/७१ (२०१३/१४)*

## २.५ पोषण

पोषणबिना स्वस्थ जीवनको कल्पना गर्न सकिदैंन । स्वस्थ जनशक्तिबिना देशको आर्थिक, सामाजिक वा राजनीतिक कुनै पनि क्षेत्रको विकास सम्भव हुँदैन । यही कुरालाई आत्मसात गर्दै देशले जनताको स्वस्थ्यका लागि पोषणसम्बन्धी विविध कार्यक्रम गर्ने गर्दछ। आर्थिक बर्ष २०६९/७० को तुलनामा २०७०/७१ मा कुपोषणमा रहेका बालबालिकाको संख्या १ प्रतिशत विन्दुले घटेको छ।[4]

3 ऐजन

4 स्वास्थ्य सेवा विभागको वार्षिक प्रतिवेदन २०७०/७१ (२०१३/१४)

आर्थिक बर्ष २०७०/७१ मा Integrated Management of Acute Malnutrition सञ्चालन भएका ११ वटा जिल्लाका विभिन्न स्वास्थ्य संस्थाहरूमा जम्मा ७,१३७ बालबालिका कुपोषणले अत्यन्त ग्रसित अवस्थामा उपचारार्थ आएकोमा ५,९२५ सफल उपचार पाई घर फर्किएका थिए। जसमध्ये ८० प्रतिशत बालबालिका पूर्णरुपमा निको भएका थिए भने १४ प्रतिशत आंशिक रुपमा निको भएका थिए। कुपोषणका कारण मृत्युहुने बालबालिकाको संख्या ०.१९ प्रतिशत रहेको थियो।[५]

स्वास्थ्य सेवा विभागको वार्षिक प्रतिवेदनबाट नेपालमा बालबालिकाको उमेर अनुसार तौल नपुगेका (Under weight) २९ प्रतिशत, उमेर अनुसार उचाईं नपुगेका (Stunting) ४१ प्रतिशत र उचाई अनुसार तौल नपुगेका (Wasting) ११ प्रतिशत देखिएको छ।[६]

युनिसेफको सन् २०१५ को प्रतिवेदन अनुसार १७.८ प्रतिशत बालबालिका जन्मदै कम तौलका जन्मिएका र ६९.६ प्रतिशत बालबालिकाले ६ महिनासम्म आमाको दूधमात्र पिउन पाएको पाइएको छ। २ वर्षसम्म आमाको दूध पिउने बालबालिका ९२.६ प्रतिशत देखिएको छ भने ९९ प्रतिशत बालबालिकालाई भिटामिन ए खुवाइएको पाइएको छ।[७]

### २.६ एच.आई.भि./एड्स संक्रमित तथा प्रभावित बालबालिका

स्वास्थ्य सेवा विभागको वार्षिक प्रतिवेदन आर्थिक बर्ष २०७०/७१ अनुसार सन् २०१३ सम्म नेपालमा एच.आई.भि/एड्स संक्रमितको संख्या ४०,७२३ रहेको छ जसमध्ये ८ प्रतिशत अर्थात ३,२८२ बालबालिका रहेका छन्। बाँकी ९२ प्रतिशत संक्रमित १५ वर्ष उमेरभन्दा माथिका छन्।

राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रको २०७२ सालको प्रतिवेदनअनुसार सन् २०१४ मा एच.आई.भि. संक्रमणको अनुमानित संख्या ३९,२४९ रहेका छन्। जसमध्ये १४ वर्षमुनिका बालबालिकामा अनुमानित एच.आई.भि. संक्रमणको संख्या १,९६८ रहेका छन्। आर्थिक वर्ष २०७०/०७१ मा १४ वर्षमुनिका बालबालिकामा एच.आई.भि. संक्रमणको दर्ता भएका घटनाको संख्या ८७ रहेको देखिएको छ।

तलको तालिकामा वि.सं. २०७२ आषाढसम्मको एच.आई.भि. संक्रमणसम्बन्धी तथ्याङ्कलाई विस्तृत रुपमा देखाइएको छ।

---

5 ऐजन

6 ऐजन पृ. २३

7 UNICEF, *State of The World's Children 2015, Country Statistical Information 2015*

**तालिका २: वि.सं. २०७२ सम्मको एच.आई.भि. संक्रमणसम्बन्धी तथ्याङ्क**

| सि.नं. | सूचक | संख्या |
|---|---|---|
| १ | सन् २०१४ को अनुमानित एच.आई.भि. संक्रमण | ३९,२४९ |
| २ | १४ वर्षमुनिका बालबालिकामा अनुमानित एच.आई.भि. संक्रमण | १,९६८ |
| ३ | २०७२ साल आषाढसम्ममा दर्ता भएका एच.आई.भि. संक्रमण | २६,६४७ |
| ४ | आर्थिक वर्ष २०७०/०७१ मा एच.आई.भि. संक्रमणका दर्ता घटनाहरू | १,४०५ |
| ५ | आर्थिक वर्ष २०७०/०७१ मा १४ वर्षमुनिका बालबालिकामा एच.आई.भि. संक्रमणका दर्ता घटनाहरू | ८७ |

स्रोतः *राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र, २०७२*

## २.७ गर्भिणी र सुत्केरी आमाहरुको उचित स्याहार

बालबालिकाको बाँच्न पाउने अधिकार गर्भिणी र सुत्केरी आमाहरुको उचित स्याहारसमेतमा निर्भर हुन्छ । नेपाल सरकार स्वास्थ्य मन्त्रालयअन्तर्गत सुरक्षित मातृत्वसम्बन्धी विभिन्न कार्यक्रमहरू लागू भएका छन् ।[८] विस्तृत जानकारी तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ३: गर्भिणी र सुत्केरी आमाहरुको स्वास्थ्य सेवा**

| **सुरक्षित मातृत्वका सूचकहरु** (**प्रतिशत**) | २०६८/६९ | २०६९/७० | २०७०/७१ |
|---|---|---|---|
| टिटि-२ पाउने गर्भवती महिला | ३८ | ४१ | ४० |
| टिटि-२+ पाउने गर्भवती महिला | ३६ | ३७ | ३५ |
| गर्भवती भएपछि पहिलोपल्ट जाँच गराउने महिला | ८३ | ८९ | ८६ |
| गर्भावस्थामा कम्तिमा चारपल्ट जाँच गराउने महिला | ५३ | ५५ | ५९ |
| गर्भावस्थाको अन्तिम हप्तामा आइ.एफ.ए. चक्की तथा झोल औषधी सेवन गर्ने महिला | ६८ | ७५ | ७२ |
| सुत्केरी भएपछि भिटामिन ए सेवन गर्ने महिला | ५६ | ५७ | ५३ |
| स्वास्थ्य संस्थाहरूमा सुत्केरी गराउने महिला | ४४ | ४५ | ५० |
| तालिमप्राप्त सुडेनीको सहयोगमा बच्चा जन्माउने महिला | ४४ | ४५ | ५० |
| शल्यक्रियाबाट बच्चा जन्माउने महिला | ५।९ | ६।३ | ६।७ |
| जीवित बालक जन्मदिएपछि पहिलोपल्ट जाँच गराउने सुत्केरी महिला | ५६ | ५५ | ५९ |

स्रोतः *बार्षिक प्रतिबेदन, स्वास्थ्य सेवा विभाग, आ.व. २०७१/७१*

8 *Health Service Coverage Fact Sheet, Fiscal Year 2068/69 ( 2070/71 (2011/12 - 2013/14)*

परिच्छेद
3

# बालसंरक्षण

## ३.१ परिचय

बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, नैतिक तथा बौद्धिक विकासमा गम्भीर नकारात्मक असर पार्ने खालका कार्य वा व्यवहारबाट उनीहरुलाई संरक्षण गर्न बालबालिकामाथि आइपर्ने कुनै पनि जोखिम तथा हानि, क्षतिबाट जोगाउनु जस्ता कार्य बालसंरक्षण भित्र पर्दछन् । यो परिच्छेदमा संयुक्त राष्ट्रसंघको बालअधिकारसम्बन्धी महासन्धि सन् १९८९ मा भएका बालसंरक्षणसम्बन्धी व्यवस्थाहरु जस्तै, बालअधिकारको संरक्षण (धारा ४), आमाबाबुबाट स्याहार (धारा ५), जन्मदर्ता, नाम र राष्ट्रियता वा पहिचान (धारा ७ र ८), अभिभावकबाट अलग्याउन नहुने (धारा ९), पारिवारिक पुनर्मिलन (धारा १०), गोपनीयताको हकको संरक्षण (धारा १६), सबै प्रकारको हिंसाबाट संरक्षण (धारा १९), पारिवारिक स्याहारको वातावरण नभएका बालबालिकालाई विशेष वा बैकल्पिक स्याहार (धारा २०), धर्म सन्तान (धारा २१), शरणार्थी बालबालिका (धारा २२), बालश्रम (धारा ३२), लागू औषध दूर्व्यसन (धारा ३३), यौन शोषण (धारा ३४), अपहरण र बेचबिखन (धारा ३५), थुना र सजाय (धारा ३७), युद्ध र सशस्त्र द्वन्द्व (धारा ३८), पीडित बालबालिकाको पुनर्स्थापना (धारा ३९), बालन्याय (धारा ४०) लगायतका विषयहरुमा उपलब्ध भएसम्मका सूचनालाई प्रस्तुत गरिएको छ ।

### ३.२ बालबालिकाको स्याहार

सामान्यतयाः बाबुआमा, अभिभावक वा परिवारले बालबालिका हेरचाहको दायित्व स्वभावैले पालना गरेको पाइन्छ । तर कुनै कारणवश बाबुआमा वा परिवार गुमाएका, एक्ला भएका वा बाबुआमा वा परिवारका सदस्यले आफ्ना बालबालिकाको हेरचाह गर्न नसक्ने अवस्था आएमा त्यस्ता बालबालिकाको हेरचाह वा पालनपोषणको दायित्व सरकारले वहन गर्नुपर्दछ । राज्यको संयन्त्रबाट यस्ता सबै बालबालिकाको राम्रो हेरचाह वा स्याहार गर्न कठीन भएको अवस्थामा गैरसरकारी तथा समुदायमा आधारित संस्था वा व्यक्तिगत रुपमा पनि बालबालिकाको वैकल्पिक स्याहार तथा हेरचाहको व्यवस्था गरिएको पाइन्छ । वैकल्पिक हेरचाहका बिभिन्न स्वरूपहरूमध्ये अन्तिम उपायका रुपमा आवासीय बालगृह पनि एक रहेकोछ । आवासीय बालगृह भन्नाले संस्थागत स्याहार, आवासीय हेरचाह प्रदान गर्ने गृह, बालगृह, अनाथालयजस्ता जुनसुकै नाममा सञ्चालित बालबालिका रहने गृहसमेतलाई बुझाउँछ ।


आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०६९ मा 'विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिका' भन्नाले देहायका बालबालिकालाई सम्झनुपर्छ भनी उल्लेख गरेको छ ।

- बाबुआमा दुबै नभएका र कसैले पनि हेरचाह नगरेका,
- बाबुआमाबाट बिछोडिएका वा त्यागिएका वा घरबाट भागेका र बाबुआमा पत्ता नलागेका,
- बाबुआमा वा संरक्षकबाट उचित पालनपोषण नगरी हेलाँ, दुर्व्यवहार वा शोषणमा परेका,
- बाबु वा आमा भए पनि बालबालिकाको हेरचाह गर्न शारीरिक वा मानसिक अशक्तताका कारणले सक्षम नभएका,
- घर वा बसोबासको स्थायी ठेगान नभएका बालबालिका आदिलाई बुझाउँदछ ।

आर्थिक बर्ष २०७१/७२ मा केन्द्रीय बालकल्याण समितिबाट सङ्कलन गरिएको तथ्याङ्क अनुसार नेपालका ४४ जिल्लामा ५७७ आवासीय बालगृहहरू सञ्चालनमा रहेका छन् । यी बालगृहहरुमा जम्मा १६,४०० बालबालिका (७,९८९ बालक र ८,४११ बालिका) आवासीय रुपमा रहेको पाइएको छ । काठमाडौं जिल्लामा सर्वाधिक २०१ वटा बालगृह रहेका छन् भने १७ वटा जिल्लामा १-१ वटा मात्र बालगृह सञ्चालनमा रहेको पाइएको छ । जिल्लागत आवासीय

बालगृहहरूको जानकारी अनुसूची १ मा उल्लेख गरिएको छ । विकास क्षेत्रानुसार बालगृह र बालबालिकाको संख्या **ग्राफ** १ मा दिइएको छ ।

ग्राफ १ः विकास क्षेत्र अनुसार बालगृह र बालबालिकाको संख्या




*स्रोतः केबाकस र जिबाकस २०७२*

क्षेत्रगत रुपमा हेर्दा मध्यमाञ्चल विकास क्षेत्रमा सबैभन्दा बढी ४३५ वटा आवासीय बालगृहहरू सञ्चालनमा छन् भने सुदूर-पश्चिमाञ्चलमा सबैभन्दा कम १३ वटा आवासीय बालगृहहरू सञ्चालनमा छन् ।

केन्द्रीय तथा जिल्ला बालकल्याण समितिले नेपाल सरकारको “आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड–२०६९” को आधारमा आवासीय बालगृहरुको अनुगमन गर्ने र मापदण्ड विपरित सञ्चालनमा रहेका बालगृहलाई सुधारका लागि सुझाव तथा सहयोग गर्ने गरेको छ । २०७२ आषाढ मसान्तसम्म विभिन्न जिल्लामा सञ्चालनमा रहेका ४७३ वटा बालगृहहरुको केन्द्र तथा जिल्लाबाट अनुगमन गरिएको छ ।


### ३.३ हराएका, फेला परेका र वेवारिस बालबालिका

हराएका बालबालिकाको खोजतलास गर्ने तथा फेला परेका र वेवारिस बालबालिकाको संरक्षण र पुनर्स्थापना लगायतका कार्यका साथै त्यस्ता घटना हुन नदिन र रोकथाम समेतको उपायहरु

अपनाउन महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, केन्द्रीय बालकल्याण समिति, नेपाल प्रहरी, समाज कल्याण परिषद्, विकासका साझेदार र नागरिक समाजको संयुक्त प्रयासमा वि.सं. २०६३ साल मंसिर २२ गते नेपाल प्रहरीको एक अङ्गको रुपमा रहने गरी **बालबालिका खोजतलास समन्वय केन्द्र**को स्थापना गरिएको छ । विशेषतः हराएका र अलपत्र परेका बेवारिस बालबालिकाको सन्दर्भमा चौबीसै घण्टा सञ्चालनमा रहने बालबालिका खोजतलास केन्द्रको **निःशुल्क टेलिफोन नं** १०४ मार्फत यसले सेवा प्रदान गरिरहेको छ। यसले हराएको जानकारी दर्ता हुने वित्तिकै हराएका बालबालिकाको सम्भव भएसम्मको विवरणसहित सरकारी र निजी सञ्चार माध्यमहरुमा सूचना प्रसारण गर्ने, प्रहरीमा संचार गरी खोजी गर्ने, फेला परेका बालबालिकालाई संरक्षण प्रदान गरी अभिभावकसँग सम्पर्क स्थापना गर्ने, हराएका, अपहरण भएका तथा फेला पारिएका बालबालिकाको अभिलेख तयार गर्ने र यस्ता अपराधिक क्रियाकलाप विरुद्ध जनचेतना जगाउने कार्य गर्दछ ।

**बालबालिका खोजतलास समन्वय केन्द्र**मा आर्थिक बर्ष २०७१/७२ मा हराएका ७८६ जना बालबालिकाको सूचना दर्ता भएकोमा सोको खोजतलास गरी हराएकामध्ये फेला परेका २८७ जनालाई परिवारमा पुनर्मिलन गराइएको छ । वेवारिस फेला परेका ३६० मध्ये २०९ जनालाई परिवारमा पुनर्मिलन तथा पुनर्एकीकरण गरिएको छ । यसरी कूल ४९६ जनाको पारिवारिक पुनर्मिलन गरिएको छ। घरपरिवार थाहा हुन नसकेका १५१ वेवारिस फेला परेका बालबालिकालाई विभिन्न संस्थाहरुमा संरक्षणका लागि राखिएको छ। बांकीको खोजतलास कार्य जारी रहेको छ। यसलाई तलको **ग्राफ** २ मा पनि देखाइएको छ ।

ग्राफ २ः बालबालिका खोजतलाससम्बन्धी विवरण




*स्रोतः बालबालिका खोजतलास केन्द्र, २०७१/७२*

### ३.४ सडक बालबालिका

नेपाल सरकारले जारी गरेको बालबालिकासम्बन्धी राष्ट्रिय नीतिको बुँदा नं ८.१७ मा उल्लेख भए अनुसार सडक बालबालिकासम्बन्धी समस्यालाई निराकरण गर्नका लागि बालबालिकाको अभिलेख दुरुस्त गर्ने, सडकमा आएका बालबालिकाको उद्दार गरी आवधिक अस्थायी/अल्पकालिन गृहमा राख्ने एवम् पारिवारिक पुनर्एकीकरण गर्ने लगायतको नीति लिइएको छ । बालबालिकालाई सडकबाट उद्दार गरी स्वास्थ्य सेवा, मनोविमर्श र कूलतबाट छुटकारा दिलाई भविष्यको योजना बनाएर परिवार तथा समाजमा पुनर्स्थापना हुन अभिप्रेरित गर्ने उद्देश्यले विभिन्न संघसंस्थाहरु पनि कार्यरत छन् । विभिन्न संघसंस्था लामो समयदेखि क्रियाशील भएता पनि सरकारी संयन्त्रको सक्रिय सम्लग्नता र समन्वयको अभावमा सडकमा रहेका बालबालिकाको पर्याप्त मात्रामा व्यवस्थापन हुन नसकेको महसुस गरी सरकारले सडकमा रहेका बालबालिकाका लागि एकीकृत रुपमा कार्य सञ्चालन गर्न सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन मार्गदर्शन तयार गरी स्वीकृतिको लागि अन्तिम चरणमा रहेको छ। यसैक्रममा केन्द्रीय बालकल्याण समितिले हालै उपत्यकाका सडक बालबालिका र सो क्षेत्रमा कार्यरत संस्थाहरुको नक्साङ्कन प्रतिवेदन, २०७२ तयार गरेको छ। प्रतिवेदन अनुसार काठमाडौ उपत्यकामा सडक बालबालिका रहने विभिन्न २० प्रमुख क्षेत्रमा न्यूनतम २५७ र अधिकतम ३४२ सम्मको संख्यामा सडक बालबालिका रहेको अनुमान गरिएको छ। जसमा १६ वर्ष उमेरभन्दा मुनिको सडक बालबालिका भने करीब १२७ जना रहेको अनुमान छ। विस्तृत जानकारी अनुसूची २ मा उल्लेख गरिएको छ।

विगत लामो समयदेखि उपत्यकामा सडक बालबालिकाको उद्दार, पुनर्स्थापना तथा पुनर्मिलनसम्बन्धी कार्यमा विभिन्न संस्थाहरुले काम गर्दै आइरहेका छन्। अध्ययन गरिएकामध्ये काठमाण्डौं उपत्यकामा सातवटा संस्थाबाट सम्पर्क केन्द्रका रुपमा ड्रप इन सेन्टर, नौवटा संस्थाबाट सामाजिकीकरण केन्द्र सञ्चालन गरिएको पाइएको छ । अध्ययन गरिएको समयमा ड्रप इन सेन्टरहरुमा जम्मा १७३ जना, सामाजिकीकरण केन्द्रमा जम्मा २७२ जना र सीप विकास केन्द्रमा ६० जना गरी कूल ५०५ जना सडक बालबालिकाले खानेबस्ने, मनोरञ्जन, अनौपचारिक शिक्षालगायत सीपमूलक तालिमको सुविधा पाई पुनर्स्थापनाको क्रममा रहेको देखिन्छ। यसैगरी गत वर्ष सन् २०१४ मा विभिन्न संस्थाबाट २३३ जना सडक बालबालिकालाई परिवार तथा समुदायमा पुनर्स्थापना तथा पुनर्मिलन गरिएको विवरणसमेत प्राप्त भएको छ।

काठमाण्डौं उपत्यकाका अतिरिक्त नेपालका अन्य केही शहरी क्षेत्रहरुमा पनि सडक बालबालिका रहेका छन् । जिल्ला बालकल्याण समितिकानुसार पोखरामा १११ जना सडक बालबालिका रहेको तथ्याङ्क छ । यसैगरी विराटनगर, इटहरी, धरान, नारायणगढ, वुटवललगायतका शहरहरुमा सडक बालबालिका रहेका छन् भने कतिपय क्षेत्रमा शहरीकरणको विकास संगसगै सडकमा विभिन्न स्वरुपमा बालबालिका आश्रित हुन थालेको पनि देखिएको छ ।

आर्थिक बर्ष २०७२/७३ को बजेट वक्तव्यको बुँदा नं १८९ मा "सडक बालबालिकाको उद्दार, संरक्षण तथा व्यवस्थापनको कार्यलाई अझ प्रभावकारी बनाइनेछ । काठमाण्डौं उपत्यकालाई सडक बालबालिकामुक्त क्षेत्र बनाइनेछ । हराएका बालबालिकाको खोजी, उद्दार, राहत तथा पुनर्स्थापना कार्यलाई बजेट विनियोजन गरिएको छ" भन्ने उल्लेख भएको छ । यसबाट नेपाल सरकार सडक बालबालिकाको विषयमा संवेदनशील भएको देखिन्छ ।

### ३.५ बालविवाह

प्रायः देशहरूले विवाहका लागि कानुनमै न्यूनतम उमेर तोकेका हुन्छन् । उक्त उमेर नपुग्दै विवाह गरिन्छ भने त्यसलाई बालविवाहका रुपमा वा उमेर नपुगी गरेको विवाहका रुपमा लिने गरिन्छ । त्यसैगरी अधिकांश देशहरूले यौन सम्पर्कको लागि मञ्जुरी दिनसक्ने उमेर पनि तोकेका हुन्छन् । मुलुकी ऐन जबरजस्ती करणीको महलअनुसार १६ वर्षभन्दा मुनिकी बालिकाको मञ्जुरी मै यौन सम्पर्क गरिएको छ भनेपनि त्यसलाई जबरजस्ती करणीको परिभाषा भित्र राखिएको छ । त्यसैले कसैले १६ वर्षभन्दा मुनिकी बालिकासँग विवाह गर्छ र शारीरिक सम्पर्क राख्दछ भने यसमा दुइवटा अपराध हुने स्थिति बन्दछ ।

मुलुकी ऐन (एघारौं संशोधन २०५८) २०२० ले विवाह गर्दा महिला र पुरूषको उमेर संरक्षकको मञ्जुरी भए अठार वर्ष र संरक्षकको मञ्जुरी नभए बीस वर्ष नपुगी विवाहवारी गर्न नहुने व्यवस्था गरेको छ । शिक्षाको प्रसारप्रचारका कारणले गर्दा बिस्तारै चेतनामा अभिवृद्धि हुँदै आएको कारण बालविवाहको चलन घट्दै गइरहेको पाइन्छ । तापनि अझै केही क्षेत्रहरूमा गलत सामाजिक परम्परा र मूल्य मान्यताका कारण नाबालक अवस्थामै विवाह गरिदिने चलन रहेको देखिन्छ । साथै पछिल्लो क्रममा इन्टरनेट, टेलिभिजन र मोबाइलमा बालबालिकाको पहुँच वृद्धि भई दुरुपयोग बढेर आफूखुसी बालविवाह गरेका घटनाहरु पनि प्रचारमा आउन थालेका छन् ।

सन् २००५ देखि २०१३ सम्मको तथ्याङ्कको आधारमा युनिसेफले सार्वजनिक गरे अनुसार नेपालमा १५ वर्षमुनिका विवाहितहरू १०.१ प्रतिशत रहेका छन् भने १८ वर्षमुनिका विवाहितहरू ४०.७ प्रतिशत रहेका छन् ।[1]

नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षण अनुसार सन् २००१ मा १५ देखि १९ वर्ष उमेर समुहमा अविवाहित महिला ६० प्रतिशत रहेकोमा सन् २०११ मा ७१ प्रतिशत पुगेको छ । यसले कम उमेरमा विवाह गर्ने क्रम क्रमशः घट्दै गएको देखिन्छ ।[2] २० देखि २४ वर्ष उमेर समूहका ४१ प्रतिशत महिलाहरूको विवाह १८ वर्ष पुग्नु अगावै भएको देखिन्छ भने यसको तुलनामा यही उमेर समूहका ११ प्रतिशत मात्र पुरुषहरूको विवाह १८ वर्षभन्दा कम उमेरमा भएको पाइन्छ ।

बालविवाहका घटनाहरु समाजमा हुने गरेता पनि यसको उजुरी परी कारवाहीको प्रक्रिया अघि बढाउने प्रचलन भने न्यून रहेकोछ । आर्थिक बर्ष २०७०/७१ मा नेपाल प्रहरीमा जम्मा २३ वटा मात्र बालविवाहको उजुरी परेको पाइन्छ ।

**तालिका ४: आ.ब. २०७०/७१ मा बालविवाह मुद्दाको क्षेत्रगत तथ्याक्त**

| **क्षेत्र** | **जम्मा बालविवाह मुद्दा संख्या** |
|---|---|
| पूर्व क्षेत्र | ६ |
| मध्य क्षेत्र | ४ |
| उपत्यका | ० |
| पश्चिम क्षेत्र | ० |
| मध्यपश्चिम क्षेत्र | १२ |
| सुदूरपश्चिम क्षेत्र | १ |
| **जम्मा** | २३ |

*स्रोतः नेपाल प्रहरी, महिला तथा बालबालिका सेवा निर्देशनालय, २०७२*

नेपालमा बालविवाह अन्त्यका लागि थुप्रै प्रयासहरु भैरहेका छन् । यस सन्दर्भमा केही सचेतना बढ्दै गएता पनि कतिपय भौगोलिक क्षेत्र तथा जाति समुदाय विशेषमा यस कूपरम्परा अझै

1 UNICEF, *State of The World's Children 2015 Country Statistical Information 2015*

2 राष्ट्रिय जनसांख्यिक तथा स्वास्थ्य सर्भेक्षण २०११, पृ. ६५

गडिरहेको पाइन्छ । "बालबालिका उपर हुने हिंसाविरुद्धको दक्षिण एशियाली पहल (*South Asia Innitiatives to End Violence Against Children -SAIEVAC*)" ले नेपाललगायत सार्क मुलुकहरूमा बालविवाह अन्त्यका लागि क्षेत्रीय कार्ययोजना (२०१५-२०१८) समेत तयार गरेको छ । हाल महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयको संयोजनमा सन् २०२० सम्ममा नेपालमा बालविवाहको अन्त्य गर्ने उद्धेश्यका साथ **नेपालमा बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति** निर्माणको तयारी अन्तिम चरणमा पुगेको छ । यस रणनीति तयार गर्नेक्रममा बालविवाह दर उच्च रहेको ६ वटा जिल्लाहरू बझाङ्ग, बैतडी, दैलेख, कपिलवस्तु, रौतहट र सप्तरी जिल्लामा खोजमूलक अनुसन्धान गरी प्राप्त तथ्य तथ्याङ्क, सरोकारवालाहरूसँग छलफलसमेतलाई आधार मानिएको छ । यसक्रममा माथि उल्लेखित ६ जिल्लाहरूका हाल २४ वर्ष र सोभन्दा कम उमेरका १,२०० विवाहित महिलाहरूमा गरिएको अनुसन्धानबाट प्राप्त तथ्याङ्क अनुसार ६६ प्रतिशत महिलाहरूको विवाह १८ बर्ष उमेर पुग्नु पहिले नै भएको पाइयो । त्यसैगरी बालिकाहरूको विवाहको औसत उमेर १६ बर्ष रहेको पाइयो । यसबाट समाजमा बालविवाह विद्यमान रहेको पुष्टि हुन आएको छ ।

### ३.६ अभिभावकसंगै कारागारमा रहेका बालबालिका

विभिन्न कसुरमा सजाय पाएका कतिपय कैदीहरुसंग उनीहरुमा आश्रित बालबालिका पनि संगै कारागारमा रहने गरेको पाइन्छ । बाबु वा आमा कैदी भएका कारण बालबालिका पनि कारागारमा नै बस्नु पर्ने अवस्थाले बालबालिकाको मनोभावनामा नकारात्मक असर पर्न सक्दछ । कारागार व्यवस्थापन विभागको २०७२ असार मसान्तसम्मको कैदी बन्दीको विवरण अनुसार जम्मा ७१ जिल्लास्थित कारागारमा कूल १७,२१२ कैदी बन्दी (१५,९६१ पुरुष र १,२५१ महिला) मा आश्रित बालबालिका जम्मा ९५ जना रहेको देखिन्छ । विस्तृत विवरण अनुसूची ३ मा दिइएको छ । कारागारमा कैदीहरुसंग आश्रित यस्ता बालबालिकालाई केही सामाजिक संस्थाहरुले कारागारबाट बाहिर ल्याई संस्थागत स्याहारमा राखी शिक्षा, संरक्षण प्रदान गर्ने गरेका छन् । कतिपय यस्ता बालबालिकाको बाबुआमा कैदमुक्त भएपछि पनि आफ्ना बालबालिकालाई लिन नआई सम्पर्क विहिन हुन पुगेबाट त्यस्ता बालबालिकाको पारिवारिक सम्बन्ध सम्पर्क नरही कालान्तरमा नागरिकता प्राप्त गर्ने लगायतका कानुनी पहिचानको समस्या रहन गएको केही घटनाहरु पनि पाइन्छ ।

### ३.७ जन्मदर्ता

जन्म, मृत्यू तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ लागू भएको ३९ वर्ष भैसकेको छ । यो अवधिमा देशका सवै गाउँ विकास समिति.एवम् नगरपालिकामा रहेका स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट व्यक्तिगत घटना दर्ता गर्ने सम्बन्धी कामहरु हुदैं आएको छ । परिवार वा व्यक्तिगत घटना समयमै दर्ता गरी वैधानिकता दिन प्रत्येक नागरिकको कर्तव्य हो । दर्तालाई प्रभावकारी बनाउन नेपाल सरकारले विद्यालय भर्ना गर्दा वा सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत बालसंरक्षण अनुदानका लागि लाभग्राहीको रुपमा दर्ता हुन लगायत विभिन्न सेवा सुविधाका लागि जन्मदर्ता प्रमाणपत्रलाई अनिवार्य गरेपछि आम मानिसमा व्यक्तिगत घटना दर्ता गराउन जरुरी छ भन्ने चेतना फैलदो छ ।

बहुसूचक क्लस्टर सर्वेक्षण (सन् २०१०/११) मा बालबालिकाको जन्मदर्ता ४२ प्रतिशत देखिएको थियो भने सन् २०१४ मा गरिएको यही सर्वेक्षणबाट यो दर बढेर ५८.४ प्रतिशत पुगेको देखिएको छ । बालसंरक्षण अनुदान कार्यक्रम कार्यान्वयनमा आएपश्चात् युनिसेफले गरेको अर्को सर्वेक्षणमा कर्णाली अञ्चलमा भने पाँच वर्षमुनिका बालबालिकाको जन्मदर्ता दर ९० प्रतिशत नाघेको देखिएको छ ।

पञ्जिकरण विभागबाट प्राप्त पछिल्लो तथ्याङ्कनुसार २०७० सालमा ७५रै जिल्लामा गरी बालिका ४,८८,८०२ र बालक ५,४०,८७९ गरी जम्मा १०,२९,६८१ जनाको जन्मदर्ता भएको पाइन्छ भने २०७१ मा बालिका ४,२१,५०३ र बालक ४,५४,६९० गरी जम्मा ८,७६,१९३ जनाको जन्मदर्ता भएको पाइन्छ । हरेक बर्ष सोही वर्ष जन्मेका बालबालिका मात्रै कतिको जन्म दर्ता भयो भन्ने एकीकृत तथ्याङ्क भने उपलब्ध हुन सकेको छैन । २०७१ मा जन्मदर्ता भएको जिल्लागत विवरण अनुसूची ४ मा उल्लेख गरिएको छ ।

जन्मदर्ता हुनुपर्ने बालबालिकाको अधिकार हो । तर कतिपय खासगरी परित्यक्त भएका, अलपत्र परेका, पारिवारिक विखण्डन भएका, सडकमा रहेका लगायतका बालबालिकाको जन्मदर्तामा कठीनाई रहन गई उनीहरुको कानुनी पहिचानको समस्या पनि रहेको पाइन्छ ।

### ३.८ धर्मसन्तान

धर्म सन्तानको रुपमा कुनै बालक वा बालिकालाई अपनाउने कार्यको मूल मर्म भनेको परिवारविहीन बालबालिकालाई परिवार दिनु हो । आफ्नो सन्तान नहुने व्यक्तिले वा भएको भए पनि कानुनबमोजिम अर्काको सन्तान वा परिवारविहीन बालबालिकालाई आफ्नै सन्तानका रुपमा अपनाइएका सन्तानलाई धर्मसन्तान भनी बुझ्ने गरिएको छ ।

बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा २१ मा धर्मपुत्र/धर्मपुत्री लिन दिन पाउने कुरालाई मान्यता दिएको छ। साथै धर्मपुत्र/धर्मपुत्रीसम्बन्धी कार्यलाई अझ व्यवस्थित गर्नकालागि अन्तरदेशीय धर्मपुत्र/धर्मपुत्रीसम्बन्धी बालबालिकाको संरक्षण र सहयोगसम्बन्धी महासन्धि, २ ९ मे १९९३ पारित भएको छ ।

विभिन्न कारणले परिवारविहीन हुन पुगेका र संरक्षणको आवश्यकता परेका बालबालिकाका लागि बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा २२ मा बालकल्याण अधिकारीद्वारा संरक्षक तोकी बालबालिकाको संरक्षण गर्नसक्ने व्यवस्था गरेको छ । मुलुकी ऐनको व्यवस्थाको अतिरिक्त बालबालिकासम्बन्धी नियमावली, २०५१, बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९, बालबालिकाका लागि राष्ट्रिय कार्ययोजना (२०६१/२०६२ - २०७१/२०७२), आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०६९, नेपाली बालबालिका विदेशी नागरिकलाई धर्मपुत्र, धर्मपुत्री ग्रहण गर्नदिने सम्बन्धी शर्त तथा प्रक्रिया, २०६५ र अन्तरदेशीय धर्मपुत्री व्यवस्थापन विकास समिति (गठन) आदेश, २०६७ मा धर्मसन्तानसम्बन्धी विभिन्न व्यवस्था गरिएका छन् ।

#### ३.८.१ विदेशी नागरिकलाई धर्मसन्तान

परिवारविहीन बालबालिकाका लागि स्वदेशमा उपयुक्त परिवार उपलब्ध हुन नसकिने अवस्थामा बालबालिकालाई अन्तरदेशीय धर्मपुत्र, धर्मपुत्री ग्रहण गर्ने परिवार उपलब्ध भएमा अन्तरदेशीय धर्मपुत्र, धर्मपुत्री ग्रहण गराउन प्रक्रिया अघि बढाइन्छ । मुलुकी ऐनको धर्मपुत्रको महलमा २०३३ सालमा गरिएको (छैटौं संशोधन) ले विदेशी नागरिकलाई नेपाली नागरिक धर्मपुत्र ग्रहण गर्न दिन सकिने व्यवस्था गरेको छ । नेपाल सरकारले मिति २०६५/२/६ मा नेपाली बालबालिका

विदेशी नागरिकलाई धर्मपुत्र, धर्मपुत्री ग्रहण गर्न दिने सम्बन्धी सर्त तथा प्रक्रिया, २०६५ जारी गरी लागू गरेको छ। विगतमा धेरै बालबालिकालाई विदेशीहरुले धर्मसन्तानका रुपमा ग्रहण गर्ने गरेको भएता पनि गत तीन वर्षदेखि यो संख्या अति न्यून हुन पुगेको छ।

आ.व. २०७०/७१ मा भारत, नर्वे र संयुक्त राज्य अमेरिकामा एक एक जना बालिका गरी जम्मा ३ जना बालिकामात्र र आ.व. २०७१/७२ मा अमेरिका र स्लोभानियामा एक/एक जना गरी दुइजना बालिकामात्र धर्मसन्तानको रुपमा ग्रहण भएको देखिन्छ।[3]

### ३.८.२ स्वदेशी नागरिकलाई धर्मसन्तान

मुलुकी ऐन, २०२० ले धर्मपुत्रसम्बन्धी महलको व्यवस्था गरेको छ। जसअनुसार धर्मपुत्र राख्दा आफू जन्मेको एकै भुँडीका सन्तानमा, त्यस्तो सन्तान नभए सौतेनी आमापट्टिको छोराको सन्तानमा, त्यस्तो सन्तान पनि नभए एक बाजेका सन्तानमा, एक बाजेका सन्तान पनि नभए छोरीहरुका छोरामा, छोरीहरुको छोरा पनि नभए जिज्यू बाज्येका सन्तानमा, त्यस्तो सन्तान पनि नभए दिदीबहिनीका छोरामा, दिदी बहिनीका छोरा पनि नभए आफ्ना गोत्रका दाजु भाइको छोरामा राख्नुपर्छ। त्यस्ता नातेदार भएसम्म अरु गोत्रका मानिस धर्मपुत्र राख्न नहुने प्रावधान गरिएको देखिन्छ। लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन २०६३ ले "धर्मपुत्रको" भन्ने शब्दको सट्टा "धर्मपुत्र, धर्मपुत्रीको" भन्ने शब्दहरु राखिएका छन्। साथै आफ्नो छोराछोरी भएका व्यक्तिबाहेक अन्यले लिखत गरी धर्मपुत्र वा धर्मपुत्री राख्न हुने प्रावधान गरिएको छ। तर, छोरा हुनेले धर्मपुत्र र छोरी हुनेले धर्मपुत्री राख्न नपाउने व्यवस्था गरिएको छ। धर्मसन्तानको लिखत आधिकारिक रुपमा सुरक्षित हुनुपर्ने भएकाले यो मालपोत कार्यालयमा रजिस्ट्रेसन पास गरी राखिने गरिएको छ। भूमिसुधार तथा व्यवस्थापन विभागको अनुसार आर्थिक बर्ष २०७०/७१ मा जम्मा ७४ जना बालबालिका नेपालभित्रै धर्मसन्तानका रुपमा अपनाइएका थिए। आर्थिक बर्ष २०७१/७२ मा १५ जिल्लाबाट जम्मा ६२ जना बालबालिका धर्मसन्तानको रुपमा ग्रहण गरिएको देखिन्छ। जिल्लागत विवरण अनुसूची ५ मा दिइएको छ।

3 अन्तरदेशीय धर्मपुत्र धर्मपूत्री व्यवस्थापन विकास समिति, २०७२।

## ३.९ गोपनीयताको हकको संरक्षण

नेपालको अन्तरिम संविधान, २०६३ ले गोपनीयताको हकको संरक्षण गरेको छ । नेपालले अनुमोदन गरेको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धि तथा बालअधिकारसम्बन्धी महासन्धिमा यो अधिकार सुनिश्चित गरिएको छ। यो अधिकार ठूलाको मात्र नभई बालबालिकाको पनि हो । तर सामान्यतयाः बालबालिकाको यो अधिकारलाई गहन ढङ्गले हेरिने वा महत्व दिइने गरिएको पाइएको छैन । बालबालिकाको गोपनीयताको हक संरक्षणकालागि सर्वसाधारण देखि सरोकारवालाहरू सबैमा व्यापक रुपमा चेतना फैलाउनुपर्ने देखिन्छ ।

## ३.१० शरणार्थी बालबालिका

संयुक्त राष्ट्रसंघीय बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा २२ मा राज्यले शरणार्थी भएका वा शरणार्थी हुने अवस्थामा रहेका बालबालिकालाई पक्ष राष्ट्रले विशेष संरक्षण दिनुपर्ने र शरणार्थी बालबालिकाको पनि अरु बालबालिका सरहकै अधिकार उपभोगमा सुनिश्चितता गर्नुपर्दछ भन्ने उल्लेख गरेको छ । राजनीतिक, सामाजिक तथा अन्य कारणले आफ्नो देशमा बस्न नसकी अर्को देशमा शरण लिई शरणार्थीका रूपमा बस्ने चलन प्रायः संसारभरी नै छ । यसका लागि अन्तर्राष्ट्रिय कानुन पनि बनाइएको छ । यसरी शरणार्थी भएर गएका विदेशी नागरिकलाई सम्बन्धित देशले सुरक्षा तथा संरक्षण दिनुपर्ने हुन्छ। त्यसमा पनि शरणार्थीको रुपमा बस्न बाध्य बालबालिकालाई विशेष संरक्षणको आवश्यकता पर्दछ ।

गृह मन्त्रालयबाट प्राप्त तथ्याङ्कनुसार नेपालमा हाल बेलडागी, शनिश्चरे स्थित भुटानी शरणार्थीहरुको क्याम्प र सो बाहिर रहेका समेत गरी १७ वर्षसम्मका बालक ३,८३९ र बालिका ३,६४२ गरी जम्मा ७,४८१ जना भुटानी शरणार्थी बालबालिका रहेका छन् । नेपालमा रहेका भुटानी शरणार्थीहरु मध्ये ९६,२३८ जना २६ सेप्टेम्बर २००६ देखि ३० अप्रिल २०१५ सम्ममा विभिन्न ८ देशमा पुनर्वासका निम्ति गइसकेका छन् ।

**तालिका ५ः भुटानी शरणार्थी बालबालिकासम्बन्धी विवरण, अप्रिल ३०, २०१५ सम्म**

| शिविरको नाम | ०–४ वर्ष | | | ५–११ वर्ष | | | १२–१७ वर्ष | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा |
| बेलडाँगी | ८३८ | ८२६ | १,६६४ | १,०९९ | १,२२३ | २,३२२ | ९६७ | १,०२७ | १,९९४ |
| शनिश्चरे | २२८ | २४० | ४६८ | २८९ | २६५ | ५५४ | २१९ | २५७ | ४७६ |
| शिविर बाहिर | ० | ० | ० | ० | १ | १ | २ | ० | २ |
| **जम्मा** | १,०६६ | १,०६६ | २,१३२ | १,३८८ | १,४८९ | २,८७७ | १,१८८ | १,२८४ | २,४७२ |

*स्रोतः गृह मन्त्रालय, २०७२*

भुटानी शरणार्थीका अतिरिक्त नेपालमा अन्य विभिन्न देशका वयस्क शरणार्थीसहित बालबालिका पनि रहेको देखिने गरेको भएता पनि सोको आधिकारिक तथ्याङ्क उपलब्ध हुन सकेको छैन ।

### ३.११ अपाङ्गता भएका बालबालिका

नेपालले अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाको हकहित र अधिकारको संरक्षण एवम् सम्वर्द्धन र विकास गर्न १९ वटा क्षेत्रलाई समेटी अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र अपाङ्गतासम्बन्धी कार्ययोजना, २०६३ तयार गरी कार्यान्वयनमा ल्याएको छ । त्यसैगरी २०६६ पुस १२ गते नेपालले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि, २००६ लाई अनुमोदन गरेको छ । २०६८ सालको जनगणनाअनुसार नेपालमा कुल जनसंख्याको १.९४ प्रतिशत (५,१३,३२१ जना) जनसंख्यामा कुनै न कुनै प्रकारको अपाङ्गता देखिएको छ । जसमध्ये शारीरिक अपाङ्गता ३६.३ प्रतिशत, दृष्टिविहीन १८.५ प्रतिशत, सुस्त श्रवण १५.४ प्रतिशत र बोल्न नसक्ने ११.५ प्रतिशत, बहु अपाङ्गतामा ७.५ प्रतिशत, मानसिक अपाङ्गता ६ प्रतिशत, बौद्धिक अपाङ्गता २.९ प्रतिशत र दृष्टि-श्रवण अपाङ्गता १.८ प्रतिशत रहको छ ।

सरकारले अपाङ्गता परिचयपत्र वितरण निर्देशिकासमेत जारी गरी परिचयपत्र वितरण गर्दैछ । अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गताका आधारमा शारीरिक अपाङ्गता, दृष्टिविहीन र न्यून दृष्टियुक्त, स्वरबोलाइसम्बन्धी अपाङ्गता, सुस्त श्रवण र बहिरा, श्रवण दृष्टिविहीनता, मानसिक अपाङ्गता - बौद्धिक अपाङ्गता, बहुअपाङ्गता गरी सात किसिमको वर्गीकरण गरिएको छ ।

परिचयपत्र वितरणको लागि  गाम्भीर्यताका आधारमा तह क (रातो रङको परिचयपत्र), तह ख (नीलो रङको परिचयपत्र), तह ग (पहेंलो रङको परिचयपत्र) र तह घ (सेतो रङको परिचयपत्र) गरी चारतहमा विभक्त गरी परिचयपत्र वितरण गर्ने कार्य भैरहेको छ । महिला तथा बालबालिका विभागबाट प्राप्त परिचयपत्र वितरणको विवरण तालिका ६ मा दिइएको छ ।

**तालिका ६:अपाङ्गता परिचयपत्र वितरणसम्बन्धी जानकारी आ.ब.२०७०/७१**

| 'क' वर्ग | | 'ख' वर्ग | | 'ग' वर्ग | | 'घ' वर्ग | | बालक (पाँच जिल्लाको मात्र) | बालिका (पाँच जिल्लाको मात्र) | वर्ग खुलेको | वर्ग नखुलेको |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | | | | |
| ११५९२ | १४८६५ | १७५६२ | २८५५६ | १७४२७ | २९९८१ | १३२९९ | २१४९० | २४६२ | २०९८ | १५४७७२ | ३२०९२ |

*स्रोतः महिला तथा बालबालिका विभाग, ललितपुर, २०७२ ।*

(क) वर्गको अपाङ्गता परिचयपत्र पाउने २६,४५७ जना, (ख) वर्गको अपाङ्गता परिचयपत्र पाउने ४६,११८ जना (ग) वर्गको अपाङ्गता परिचयपत्र पाउने ४७,४०८ जना र (घ) वर्गको अपाङ्गता परिचयपत्र पाउने ३४,७८९ जना तथा वर्ग नखुलेको ३२,०९२ गरी जम्मा १,८६,८६४ जना रहेका छन् । जसमा ५ वटा जिल्लाबाट मात्र अपाङ्गता परिचयपत्र वितरणसम्बन्धी बालबालिकाको संख्या ४,५६० रहेको जानकारी प्राप्त भएको छ ।

### ३.१२ सामाजिक सुरक्षा र बालबालिका

सामाजिक सुरक्षा राज्यले नागरिकहरु र उनीहरुको आश्रित व्यक्तिहरुका लागि आधारभूत सेवा तथा आर्थिक सुरक्षा प्रदान गर्न गरेको सहयोग व्यवस्था हो । यो देश देश अनुसार फरक हुन सक्छ । नेपालमा वि.सं. १९९१ (सन् १९३४/३५) तिर प्रथम विश्वयुद्धबाट फर्केका घाइते नेपाली सैनिकहरुलाई बार्षिक एकमुष्ठ रकम उपलब्ध गराउने कार्यसंगै नेपालमा सामाजिक सुरक्षाको प्रयास शुरु भएको भनिन्छ ।

सामाजिक सुरक्षाको विषय नेपालको अन्तरिम संविधान, २०६३ मा मौलिक हकको रुपमा राखिएको छ। यो प्रावधान बालबालिकाको हकमा पनि समान रुपमा लागू हुन्छ। बालबालिकाको सामाजिक सुरक्षाका विषयवस्तुहरू विभिन्न स्वरुपमा छात्रबृत्तिसम्बन्धी कार्यक्रमहरुको निर्देशिका, दिवा खाजा कार्यक्रम निर्देशिका, बालबालिकासम्बन्धी ऐन २०४८, बालबालिकासम्बन्धी

नियमावली २०५१, बालश्रम (निषेध र नियमित गर्ने) ऐन २०५६, बालसंरक्षण अनुदान निर्देशिका २०६६ लगायतमा समेटिका छन् ।

सामाजिक सुरक्षासम्बन्धी कार्यक्रममा सुधार र विस्तार भैरहको पाइन्छ । सरकारले बालबालिका लक्षित सामाजिक सुरक्षासम्बन्धी प्रत्यक्ष र अप्रत्यक्ष एवम् नगद तथा जिन्सी हस्तान्तरण र सेवा प्रदान गर्ने जस्ता कार्यहरु गरेको पाइन्छ । प्रत्यक्ष सेवा सुविधाअन्तर्गत बाल पोषण नगद अनुदान, निःशुल्क स्वास्थ्य सेवा सुविधा र स्वास्थ्य बीमा, विभिन्न बालबालिकालाई छात्रबृत्ति र जिन्सी सुविधा, द्वन्द्व प्रभावित बालबालिकाका लागि छात्रबृत्ति, निःशुल्क आधारभूत शिक्षा, प्राथमिक विद्यालय खाजाजस्ता कार्यक्रमहरुबाट बालबालिका लाभान्वित भएका छन् ।

यसैगरी बालबालिकाको सामाजिक सुरक्षासम्बन्धित स्वास्थ्य संस्थामा सुत्केरी गराएबापतको यातायात खर्च सुविधा, खोप कार्यक्रम, शिक्षाको लागि खाद्यान्न कार्यक्रम, आयोडिन युक्त नुन वितरण, सबैको लागि शिक्षा कार्यक्रम, १५ बर्षमुनिको बालबालिकाको लागि डायलाइसिस, मुटुरोग र क्यान्सरसम्बन्धी निःशुल्क उपचारका कार्यक्रमहरू लागु गरिएका छन् ।[४] त्यसैगरी पूर्ण अपाङ्गता भएका बालबालिकालाई मासिक रु १००० र आंशिक अपाङ्गता भएका बालबालिकालाई मासिक रु ३०० प्रदान गर्ने गरिएको छ । शहीदका परिवारलाई जीवनयापन र १८ बर्षसम्मका ३ जनासम्मका बालबालिकालाई अध्ययन खर्च प्रदान गर्ने व्यवस्था छ ।[५]

दुर्गम क्षेत्रका बालबालिका, दलित बालबालिका तथा अपाङ्गता भएका बालबालिकाका लागि सामाजिक सुरक्षा बापत पाँच वर्षभन्दा कम उमेरको बालबालिका भएका आमालाई दुई जना बालबालिकाका लागि प्रति बालबालबालिका दुई सय रुपैंया दिने गरेको छ । यस्तो सामाजिक सुरक्षा भत्ता कर्णाली अञ्चलभरिका पाँच वर्षभन्दा कम उमेरका सबै बालबालिकालाई प्रदान गर्ने गरिएको छ भने कर्णाली अञ्चल बाहेकका अन्य क्षेत्रमा दलित परिवारका पाँच वर्षभन्दा कम उमेरका बालबालिकालाई मात्र प्रदान गर्ने गरिएको छ । सन् २०१२/२०१३ देशभरिमा करिव ५,५२,००० जना पाँचबर्षभन्दा कम उमेरका बालबालिकाले यस्तो सुविधा पाएका थिए जसमध्ये

4 राष्ट्रिय योजना आयोगका विभिन्न प्रकाशनहरु

5 ऐजन

९०,३४९ जना बालबालिका कर्णाली अञ्चलका थिए ।[६] आर्थिक बर्ष २०७१/७२ मा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको विवरण अनुसूची ८ मा दिइएको छ । जसमा बालबालिकाको संख्या ५,०७,७१८ जनामात्र देखिएको छ ।

आर्थिक बर्ष २०७२/७३ को बजेट वक्तव्यको बुँदा नं ६४ मा तराइ-मधेश उपबुँदामा "तराइका पिछडिएका दलित र सीमान्तीकृत वर्गका कक्षा ११ र १२ मा अध्ययनरत छात्राहरुका लागि रामनारायण मिश्र विशेष छात्रबृत्ति उपलब्ध गराइनेछ । यसबाट ८० हजार छात्राहरु लाभान्वित हुनेछन् । यसैगरी बुँदा नं १५५ मा सामाजिक सुरक्षा र गरिबी निवारण शिर्षकअन्तर्गत दलित एवम् कर्णालीका बालबालिका ४,८३,०३४ जनालाई राज्यको नगद हस्तान्तरण कार्यक्रमबाट सामाजिक सुरक्षा प्रदान गरिनेछ" भन्ने उल्लेख भएको छ ।

## ३.१३ बालअधिकारविरुद्धका घटनाबाट पीडित बालबालिकाको उद्दार, शारीरिक र मनोबैज्ञानिक सुधार र पारिवारिक पुनर्स्थापना

### ३.१३.१ बालअधिकार हनन्का घटना

केन्द्रीय तथा जिल्ला बालकल्याण समितिले २०७२ आषाढ मसान्तसम्ममा विभिन्न ४६ जिल्लामा घटेका १६७ वटा बालयौन दुर्व्यवहार, बालविवाह, बालश्रम शोषण, बालहत्या, हिंसा, दण्ड सजाय, ओसारपसार, बेवास्तालगायतका घटनामा भएका बालअधिकार हननूकाबारेमा अनुगमन गरी आवश्यक समन्वय, सहजीकरण, सहयोग तथा पृष्ठपोषण गरेको छ ।

अनौपचारिक क्षेत्र सेवा केन्द्रले २०१५ मा प्रकाशन गरेको मानवअधिकार वर्ष पुस्तक अनुसार सन् २०१४ भित्र ९४० वटा बालअधिकार हनन् तथा बालबालिकामाथि ज्यादतीका घटना घटेको पाइएको छ । यी घटनाहरूलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

6 *The Contribution of Nepal's Child Grant to Social Inclusion in the Karnali Region*, NEPAN and ODI, 2014.

**तालिका ७: सन् २०१४ मा बालअधिकार उल्लंघन तथा ज्यादतीका घटनामा पीडित संख्या**

| **घटनाको प्रकार** | | | |
|---|---|---|---|
| | **बालिका** | **बालक** | **जम्मा** |
| बालश्रम | ९ | ४ | १३ |
| बालबालिका बेचबिखन | ५८ | ३७ | ९५ |
| बालविवाह | ३३ | – | ३३ |
| बलात्कार | ५२५ | – | ५२५ |
| नवजात शिशुको हत्या | १५ | ३ | १८ |
| विद्यालयमा शारीरिक सजाय | ५ | १५ | २० |
| विभिन्न अवसरबाट बञ्चित | २ | – | २ |
| शिक्षामा भेदभाव | – | १ | १ |
| यौन दूर्व्यवहार | २१६ | १३ | २२९ |
| हत्याको प्रयास | १ | ३ | ४ |
| **जम्मा** | ८६४ | ७६ | ९४० |

*स्रोतः अनौपचारिक क्षेत्र सेवा केन्द्रले २०१५*

सन् २०१४ मा बालबालिकामाथि हुने हिंसा र ज्यादतिमध्ये बलात्कार र यौन दुर्व्यवहारका घटना धेरै हुनेगरेको देखिएको छ । उक्त प्रतिवेदन अनुसार १ वर्षदेखि ५ वर्षसम्मका ४२ जना, ६ वर्षदेखि ११ वर्ष सम्मका १५६ जना र १२ वर्षदेखि १७ वर्षसम्मका ३२७ जना गरी जम्मा ५२५ जना बालबालिका बलात्कारका शिकार भए । त्यसैगरी यौन दुर्व्यवहारका २२९ घटना अभिलेख गरिएको थियो ।

**तालिका ८: सन् २०१४ मा बालअधिकार उल्लंघन तथा ज्यादतीका घटनामा पीडित संख्या (उमेरको आधारमा)**

| घटनाको प्रकार | १–५ उमेर समूह | ६–११ उमेर समूह | १२–१७ उमेर समूह | जम्मा |
|---|---|---|---|---|
| बालश्रम | – | ६ | ७ | १३ |
| बालबालिका बेचबिखन | ५ | १७ | ७३ | ९५ |
| बालविवाह | – | १ | ३२ | ३३ |
| बलात्कार | ४२ | १५६ | ३२७ | ५२५ |
| नवजात शिशुको हत्या | १८ | – | – | १८ |

| | | | | |
|---|---|---|---|---|
| विद्यालयमा शारीरिक सजाय | २ | ६ | १२ | २० |
| विभिन्न अवसरबाट बञ्चित | - | १ | १ | २ |
| शिक्षामा भेदभाव | - | - | १ | १ |
| यौन दुर्व्यवहार | २० | ७२ | १३७ | २२९ |
| हत्याको प्रयास | - | ३ | १ | ४ |
| जम्मा | ८७ | २६२ | ५९१ | ९४० |

*स्रोतः अनौपचारिक क्षेत्र सेवा केन्द्र २०१५*

माथिका ९४० घटनामा ८७ जना पीडित बालबालिका वर्ष १ देखि ५ उमेर समूहका थिए, २६२ जना पीडित बालबालिका वर्ष ६ देखि ११ उमेर समूहका थिए भने ५९१ जना पीडित बालबालिका वर्ष १२ देखि १७ उमेर समूहका थिए ।

### ३.१३.२ उद्दार तथा पारिवारिक पुनर्स्थापना

केन्द्रीय बालकल्याण समितिमार्फत **बाल हेल्पलाइन** (**निःशुल्क टेलिफोन नं.**) **१०९८** सञ्चालन तथा व्यवस्थापन कार्यक्रमअन्तर्गत विभिन्न छ वटा संघसंस्थाहरुको सहकार्यमा १३ जिल्लामा सञ्चालित बाल हेल्पलाइन १०९८ बाट २०७२ आषाढ मसान्तसम्म जोखिमपूर्ण अवस्थामा रहेका बालक २,१८४ जना र बालिका १,८८५ गरी जम्मा ४,०६९ बालबालिकाको आपतकालीन उद्धार गरी राहत, मनोविमर्श, पारिवारिक पुनर्मिलन, पुनर्एकीकरण तथा पुनर्स्थापन गरिएको छ ।

बालअधिकार उल्लङ्घनको अवस्थामा छिटो-छरितो र बालमैत्री ढङ्गले बालबालिकाको संरक्षण, उद्धार र आवश्यक आपत्कालीन सहयोग पुऱ्याउने प्रभावकारी संरचना बाल हेल्पलाइन हो । बाल हेल्पलाइन विश्वका १३४ भन्दा बढी देशहरुमा सञ्चालन भई बालसंरक्षण प्रणालीको एक महत्वपूर्ण अङ्गका रुपमा स्थापित भएको छ । महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयबाट **बाल हेल्पलाइन सञ्चालन कार्यविधि** २०६४ जारी भई सरकारद्वारा बाल हेल्पलाइनलाई पैसा नलाग्ने फोन नम्बर १०९८ (दश नौ आठ) उपलब्ध गराइएको छ । महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयको संयोजकत्वमा बाल हेल्पलाइन १०९८ को केन्द्रीय निर्देशन समितिको गठन भई सोको सचिवालय केन्द्रीय बालकल्याण समितिमा रहेको छ । बालबालिकासमेतका लागि सम्झन सजिलो होस् भन्नका लागि फोन नम्बर १०९८ को उच्चारण "**दश नौ आठ**"

भनी गरिन्छ जुन दक्षिण एसियाका देशहरुको बाल हेल्पलाइनको साझा नम्बरका रुपमा क्रमशः स्थापित हुँदैछ ।

बालबालिकासम्बन्धी राष्ट्रिय नीति २०६९ मा बाल हेल्पलाइनका बारेमा स्पष्ट रुपमा "संरक्षण तथा सुरक्षाको आवश्यकता परेका बालबालिकाका लागि तत्काल सहायता उपलब्ध गराउनको लागि हेल्पलाइन/हटलाइनजस्ता सेवाको प्रवर्द्धन गरिनेछ । निःशुल्क बाल हेल्पलाइन फोन नं. १०९८ लाई सबै जिल्लामा विस्तार गर्नुका साथै यसलाई सार्क क्षेत्रका राष्ट्रहरुका साझा निःशुल्क बाल हेल्पलाइनमा परिणत गर्नेसमेत प्रयास गरिनेछ" भन्ने उल्लेख भएको छ ।

केन्द्रीय बालकल्याण समितिले केन्द्रीय तहबाट आर्थिक वर्ष २०७१/७२ मा जम्मा १९८ वटा बालगृहको स्थलगत अनुगमन गऱ्यो । जसमध्ये आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड अनुकूल नरहेका समस्याग्रस्त सात बालगृहहरुबाट ४७ जना बालक र ५२ जना बालिकालाई उद्धार गरिएको थियो । त्यसैगरी यौन हिंसामा परेका दुइजना बालक पाँचजना बालिका, श्रमिकको रुपमा राखिएका २५ जना बालक  र ३१ जना बालिका र वेवारिस फेला परेका १२ जना बालक र ३ जना बालिकाको उद्धार गरिएको थियो । भूकम्पपश्चात अनाधिकृत रुपमा स्थान्तरण गरिएका २२७ जना बालक र १३९ जना बालिकालाई उद्धार गरी आवधिक गृहमार्फत परिवारमा पुनर्मिलन तथा पुनर्स्थापन गरिएको छ । विभिन्न जिल्लामा उद्धार भई केबाकसको समन्वयमा संस्थागत/पारिवारिक संरक्षणमा पठाइएका संख्या ५१ बालक र ५३ बालिका रहेको छ ।

विभिन्न ४८ जिल्ला बालकल्याण समितिमा रहेको बालउद्धार कोषमार्फत जोखिम तथा विभिन्न समस्यामा परेका जम्मा १०७० जना बालबालिका (बालिका ४९४) लाई आर्थिक राहात सहयोग प्रदान गरिएको छ । यसैगरी केन्द्रीय बालकल्याण समितिले सुस्त मनस्थिति भएका, मानसिक विरामी भएका, अपाङ्गता भएका र वेवारिस फेला परेका ९१ सहित परिवारविहीन तथा असहाय बालक ६६ र बालिका ५६ गरी १२२ जना बालबालिकालाई संरक्षणका निम्ति आवश्यक आर्थिक तथा संस्थागत सहयोग गरेको छ ।

### ३.१४ भूकम्पबाट प्रभावित बालबालिका

२०७२ साल बैशाख १२ गते शनिबारको दिन ११:५६ बजे गोरखाको बारपाकलाई केन्द्रबिन्दु बनाएर ७.८ म्याग्निच्यूडको भूकम्प गएको थियो । त्यसले नेपालमा जनधनको ठूलो क्षति गर्‍यो । त्यसपछि पनि सयौं ठूलासाना भूकम्प गए र त्यसले थप क्षति पुर्‍यायो । भूकम्पका कारण ५,३६,९४८ वटा घरहरु पूर्ण रुपमा क्षति भएका थिए भने ११,२१,००८ जना बालबालिका प्रभावित भएका थिए । भूकम्पले धेरै प्रभाव पारेको १४ जिल्लाहरुको हालसम्म केन्द्रीय बालकल्याण समितिमा प्राप्त तथ्याङ्क अनुसार बाबुआमा दुबै गुमाउने बालबालिकाको संख्या १७६ रहेको छ। आमा गुमाएका ८६५ र बाबु गुमाएका ९७२ रहेको छ। यसरी आमाबाबु दुबै वा कुनै एक गुमाउने जम्मा बालबालिका २,०१३ पाइएको छ। यस विनाशकारी भूकम्पबाट जम्मा ८,७९० जनाले ज्यान गुमाउनु परेको थियो। केबाकसमा प्राप्त विवरण अनुसार १४ जिल्लामा भूकम्पका कारण जम्मा २,७३७ जना बालबालिकाले जीवन गुमाएका छन्। भूकम्पको मानवीय क्षतिलाई हेर्दा ३१.१४ प्रतिशत बालबालिका परेको देखिन्छ । यस अतिरिक्त २,१०७ जना बालबालिकाहरु घाइते भएको विवरण प्राप्त भएको छ ।

बालबालिकाको यस्तो जोखिमी र नाजुक परिस्थितिको फाइदा उठाएर उनीहरूलाई विभिन्न प्रलोभनमा पारेर आफ्नो अभिभावक, परिवार र समाजबाट अनाधिकृत रुपमा अलग्याउने, विना रेकर्ड स्थानान्तरण गर्ने र विभिन्न प्रयोजनका लागि ओसारपसार गर्ने जस्ता कार्यलाई नियन्त्रण गर्नु आवश्यक हुन्छ । अतः विपदपछिको अवस्थामा बालबालिकालाई परिवारबाट अलग्याउँदा आइपर्न सक्ने थप जोखिमलाई न्यूनीकरण गर्दै जोखिम परिस्थितिका बालबालिकालाई संरक्षण गर्न नेपाल सरकार महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय, केन्द्रीय बालकल्याण समितिले केही नीतिगत निर्णय गर्‍यो र केही निर्देशिकाहरूसमेत जारी गर्‍यो । यस सन्दर्भमा भएका केही महत्वपूर्ण निर्णय तथा कार्यहरु निम्नानुसार रहेकाछन्ः

- भुकम्पपश्चात तत्काले अस्थाई बासस्थानहरुमा बालसंरक्षणका सन्दर्भमा आईपर्न सक्ने जोखिमहरुका बारेमा सबैलाई सचेत गर्न सार्वजनिक सूचना प्रवाह गर्नुका अतिरिक्त बालकेन्द्रीत राहतका साथसाथै बालसंरक्षणका विषयमा पनि सर्तकता अपनाइयो ।
- निम्न बुँदाहरु कार्यान्वयन गर्न सबै जिल्ला प्रशासन कार्यालय, महिला बालबालिका कार्यालय तथा जिल्ला बालकल्याण समितिकमा परिपत्र गरियोः

- » जिल्ला बालकल्याण समितिको अनुमति बिना बालबालिका स्थानान्तरण नगर्ने र स्थानान्तरण गर्नै पर्ने अवस्था आएमा जिल्ला बालकल्याण समितिले उचित लेखाजोखा गरेरमात्र बालबालिका स्थान्तरण गर्न अनुमति दिने
- » नयाँ बालगृह सञ्चालनका लागि अनुमति प्रदान नगर्ने व्यवस्था मिलाउने
- » आवश्यक प्रक्रिया पुरा नगरी बाल गृह स्थापना गरी सञ्चालन भए नभएको सम्बन्धमा जिल्ला बालकल्याण समितिले प्रभावकारी रुपमा अनुगमन गर्ने

- तत्काल तीन महिनाकालागि अन्तर्देशीय धर्म सन्तान ग्रहण गर्नमा रोक लगाइयो ।
- बालबालिकाको ओसारपसार तथा बेचबिखन हुनसक्ने खतरालाई ध्यानमा राखी अध्यागमन विभागलाई सतर्कभई अध्यागमन निरीक्षणमा विशेष सर्तकता अपनाउन केबाकसबाट अनुरोध गरियो ।
- हवाइमार्ग प्रयोग गरी बालबालिकाको ओसारपसार तथा बेचबिखन हुनसक्ने खतरालाई ध्यानमा राखी वायुसेवा सञ्चालकलाई सतर्क हुन केबाकसबाट अनुरोध गरियो ।
- भुकम्प पश्चात तत्काल उपचारार्थ आएका बाबुआमाबाट अलग्गिएको वा एक्लो बालबालिका फेला परे केन्द्रीय बालकल्याण समितिलाई सूचना गर्न काठमाडौं उपत्यकाका अस्पतालहरूलाई अनुरोध गरियो ।
- देशभरिका सबै जिल्ला बालकल्याण समितिहरूलाई बालबालिकाको बारेमा निर्णय गर्दा बालबालिकालाई परिवारबाट अलग्याउन नहुने सिद्धान्तलाई ध्यानमा राख्न तथा बालबालिकाको ओसारपसार र बेचबिखन हुनसक्ने खतरालाई ध्यानमा राखी सक्रिय निगरानी गर्न अनुरोध गरियो ।
- रेडियो पत्रपत्रिका लगायतका सञ्चार माध्यमबाट अभिभावक तथा सर्वसाधारणले गर्नहुने र नहुने कार्यहरूको बारेमा तथा बालबालिकालाई परिवारबाट अलग्याउन नहुने, उनीहरू विरुद्द हुनसक्ने यौन हिंसाबाट बचाउनेसम्बन्धी सचेतनामूलक सन्देश प्रवाह गरियो ।

- जिल्ला जिल्लामा बालसंरक्षणका निम्ति के गर्ने के गर्न नहुने भन्ने जानकारी सहित सम्पर्क व्यक्ति तथा टेलिफोन नं समेत उल्लेख गरिएको पर्चा वितरण गरियो, सचेतना सूचनापाटी राखियो र सामाजिक कार्यकर्ताहरुको परिचालन गरियो । आदी ।
- जोखिममा रहेका बालबालिकाको उद्दार, सहयोग र आपत्कालिन वास लगायतको व्यवस्था गरियो ।
- बालगृहको अनुगमन, उद्दार, राहत सामाग्री वितरण गरियो ।

विपद्को समयमा बालबालिका बाबुआमा, अभिभावक वा संरक्षकबाट विविध कारणले बिछोडिने वा अभिभावक विहीन भई परिवारको स्याहार र संरक्षणबाट बन्चित हुने खतरा हुने र यसरी बिछोडिएका बालबालिका हिंसा, दुर्व्यवहार, शोषण, उपेक्षा र ओसारपसारको उच्च जोखिममा हुनेहुनाले केन्द्रीय बालकल्याण समितिले तत्काल संरक्षणकार्य सञ्चालनका लागि दिग्दर्शन, २०७२ निर्माण गऱ्यो । यस दिग्दर्शनले कसैले बाबुआमा, अविभावक वा संरक्षकबाट बिछोडिएका वा अभिभावक विहीन भएका बालबालिका फेला पारेमा वा त्यस्ता बालबालिकाकाबारेमा कतैबाट सूचना पाएमा चरणवद्द रुपमा के के गर्नुपर्छ भनि उल्लेख गरेको छ ।

यसका साथै केन्द्रीय बालकल्याण समितिले विपदको समयमा बालबालिकाको अन्तरिम संरक्षण तथा स्याहारका लागि दिग्दर्शन पनि निर्माण गऱ्यो । जसअनुसार बालबालिकालाई प्राथमिकता अनुसार आफ्नो नातागोता कहाँ, अभिभावकत्व दिन चाहने परिवारमा वा अन्तरिम बालसंरक्षण तथा स्याहार केन्द्रमा राख्नुपर्छ भनि उल्लेख गरेको छ । यो दिग्दर्शनमा बालबालिकालाई अन्तरिम बालसंरक्षण तथा स्याहार केन्द्रमा राख्नको लागि मापदण्ड, बालबालिकाको लागि स्थापना गरिने अन्तरिम बालसंरक्षण तथा स्याहार केन्द्रसम्बन्धी मापदण्ड, अन्तरिम बालसंरक्षण तथा स्याहार केन्द्र स्थापना प्रक्रिया तथा विपदको समयमा स्थापना गरिने अन्तरिम बालसंरक्षण तथा स्याहार केन्द्रमा बालबालिकालाई दिनुपर्ने मुलभूत सेवा र न्यूनतम मापदण्ड पनि उल्लेख छ ।

२०७२ साल बैशाख १२ गते शनिबारको दिन गएको भूकम्प र सोपश्चातका निरन्तर पराकम्पनबाट १४ जिल्लामा भएको घरको पूर्ण क्षति, प्रत्यक्ष प्रभावित जनसंख्या र प्रत्यक्ष प्रभावित बालबालिकाको विवरण तालिका ९ मा प्रस्तुत गरिएको छ ।

**तालिका ९: २०७२ साल बैशाख १२ गते गएको भूकम्प र सो पछिको पराकम्पबाट प्रभावित बालबालिकाको संख्या**

| जिल्ला | पूर्णरुपमा क्षति भएको घर संख्या[१] | भूकम्पबाट प्रत्यक्ष प्रभावित जनसंख्या[२] | भूकम्पबाट प्रत्यक्ष प्रभावित बालबालिका[३] |
|---|---|---|---|
| १. सिन्धुपाल्चोक | ६३८८५ | ३००२६० | १३३३७५ |
| २. दोलखा | ४८८८० | २२९७३६ | १०२०४९ |
| ३. काभ्रेपलाञ्चोक | ४९९३३ | २३४६८५ | १०४२४७ |
| ४. रसुवा | ११३६८ | ५३४३० | २३७३३ |
| ५. नुवाकोट | ७५५६२ | ३५५१४१ | १५७७५४ |
| ६. धादिङ | ८१३१३ | ३८२१७१ | १६९७६० |
| ७. गोरखा | ५९५२७ | २७९७७७ | १२४२७७ |
| ८. मकवानपुर | १८१९२ | ८५५०२ | ३७९८० |
| ९. रामेछाप | २६७४३ | १२५६९२ | ५५८३२ |
| १०. ओखलढुङ्गा | १००३१ | ४७१४६ | २०९४२ |
| ११. सिन्धुली | १८१९७ | ८५५२६ | ३७९९१ |
| १२. भक्तपुर | १८९०० | ८८८३० | ३९४५८ |
| १३. ललितपुर | १७४४४ | ८१९८७ | ३६४१९ |
| १४. काठमाण्डौं | ३६९७३ | १७३७७३ | ७७१९० |
| जम्मा | ५३६९४८ | २५२३६५६ | ११२१००८ |

**स्रोत**: *Nepal Disaster Risk Reduction Portal, Incident Report of Earthquake 2015, Nepal*

उपयुक्त १४ जिल्लाहरुमा बाबुआमा दुबै गुमाएका, बाबु वा आमामध्ये कुनै एक गुमाएका, परिवारबाट अलग्गिएका, कुनै पनि वयस्कको संरक्षणमा नभएका र जोखिममा परेका बालबालिकाको तथ्याङ्क सङ्कलन गरी सहयोगको आवश्यक पर्ने बालबालिकाकालागि तत्काल आपत्कालिन सहयोग गर्ने र पारिवारिक संरक्षणअन्तर्गत केही लामो अवधिकालागि सहयोग गर्ने उद्देश्यले कामको थालनी भैसकेको छ । यसअन्तर्गत हालसम्म ७,४११ बालबालिकाको सूचना सङ्कलन गरिएको

7 *Nepal Disaster Risk Reduction Portal, Incident Report of Earthquake 2015*, Ministry of Home Affairs.

8 Population directly affected by the Earthquake - As per findings of 2011 preliminary Result of Nepal Census, average family size in one household 4.7

9 Population Census 2011, population under 18 in Nepal 44.42 % of the total population size.

छ भने सहयोगको अति आवश्यक भएका जम्मा १,२०२ जना बालबालिकालाई आपतकालिन सहयोग गरिएको सूचना प्राप्त भएको छ । भूकम्प पश्चात् तत्कालै प्रभावित एवम जोखिममा रहेका आवासीय संरक्षणका निम्ति सात जिल्लामा स्थापना गरिएका नौ वटा अस्थायी आवधिक बाल संरक्षण केन्द्रबाट ९४ जना बालबालिकालाई संरक्षण प्रदान गरीयो ।

भूकम्पबाट प्रभावित जिल्लाहरुमा ३५७ वटा बालमैत्री स्थान सञ्चालन गरिएको छ । यसको विस्तृत विवरण तालिका १० मा दिइएको छ ।

**तालिका १०: बालमैत्रीस्थानको विवरण**

| सि.नं. | जिल्ला | संख्या | सि.नं. | जिल्ला | संख्या |
|---|---|---|---|---|---|
| १ | ओखलढुङ्गा | १६ | ८ | धादिङ | ३८ |
| २ | काठमाडौं | ८ | ९ | गोरखा | ३५ |
| ३ | ललितपुर | २१ | १० | मकवानपुर | २१ |
| ४ | भक्तपुर | २४ | ११ | सिन्धुपाल्चोक | ७२ |
| ५ | काभ्रे | ५४ | १२ | नुवाकोट | १२ |
| ६ | दोलखा | २८ | १३ | रसुवा | १२ |
| ७ | रामेछाप | ७ | १४ | सिन्धुली | ९ |
| **जम्मा** | | | | | ३५७ |

१४ जिल्लामा सञ्चालित ३५७ बालमैत्री स्थानहरुमा जम्मा २३,३५६ जना बालबालिकाहरुको सहभागिता रहेको थियो ।

महिला तथा बालबालिका सेवा निर्देशनालयले २०७२ बैशाख १२ गतेको भूकम्प पश्चात विभिन्न सिमानाकाहरूबाट अनाधिकृत स्थानान्तरण तथा ओसारपसार गर्न लागिएका जम्मा १६१ बालबालिकाको उद्धार गरेको पनि जनाएको छ । तालिका नं. ११ मा यसबारे विस्तृतमा देखाइएको छ ।

**तालिका ११: मिति २०७२ साल बैशाख १२ गतेको भूकम्पपश्चात सिमानाकाहरुबाट उद्दार गरिएका बालबालिकाको संख्या**

| **क्षेत्र** | **बालक** | **बालिका** | **जम्मा** |
|---|---|---|---|
| विराटनगर | ६ | १२ | १८ |
| हेटौंडा | २८ | २३ | ५१ |
| पोखरा | ० | २ | २ |
| सुर्खेत | १६ | ११ | २७ |
| दिपायल | १० | ५ | १५ |
| काठमाण्डौं उपत्यका | १७ | ३१ | ४८ |
| **जम्मा** | ७७ | ८४ | १६१ |

*स्रोतः नेपाल प्रहरी, महिला तथा बालबालिका सेवा निर्देशनालय, २०७१/०७२*

केन्द्रीय बालकल्याण समितिबाट भूकम्प सम्बन्धी लगायत बालहिंसाविरुद्ध र बालसंरक्षणसम्बन्धमा बेलाबेलामा प्रकाशित प्रेस विज्ञप्ती तथा प्रकाशित सूचनाहरु अनुसूची ९ मा दिइएको छ।

### ३.१५ अल्पसंख्यक र आदिवासी बालबालिका

त्यसैगरी धारा ३३, राज्यको दायित्व अन्तर्गत (घ) मा “वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्दै महिला, दलित, आदिवासी जनजाति, मधेशी, उत्पीडित, उपेक्षित र अल्पसङ्ख्यक समुदाय, पिछडिएका क्षेत्रलगायतका समस्याहरूलाई सम्बोधन गर्न राज्यको वर्तमान केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनर्संरचना गर्ने” तथा घ १ मा “मुलुकको राज्य संरचनाका सबै अङ्गहरुमा मधेशी, दलित, आदीवासी जनजाति, महिला, मजदुर, किसान, अपाङ्ग, पिछडिएका वर्ग र क्षेत्र सबैलाई समानुपातिक समावेशीको आधारमा सहभागि गराउने” भन्ने उल्लेख भएको छ।

धारा ३५ मा राज्यका नीतिअन्तर्गत उपधारा (१४) मा “राज्यले महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिमलगायत अल्पसङ्ख्यक, भूमिहीन, सुकुम्बासी, कमैया, अपाङ्ग, पिछडिएका क्षेत्र तथा समुदाय र द्वन्द्व पीडितका लागि सकारात्मक विभेदका आधारमा विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्नेछ।” भन्ने उल्लेख गरी अल्पसङ्ख्यक बालबालिकाको पनि संरक्षण हुने व्यवस्था गरेको छ।

यसरी देशको अन्तरिम संविधानले राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरू अन्तर्गत अल्पसंख्यक, आदिवासी तथा पछाडि पारिएका सम्पूर्णको संरक्षण गरिने खाका बनाएको छ । जस अन्तर्गत बालबालिकाको पनि संरक्षण हुन्छ ।

शिक्षाको क्षेत्रमा दलित र जनजाति बालबालिकाको पहुँचको हिसाबले २०७१ सालमा प्रारम्भिक बालविकास केन्द्रमा जम्मा १०,१४,३३९ बालबालिका भर्ना भएकोमा १८.० प्रतिशत दलित बालबालिका (बालक १७.४ प्रतिशत र बालिका १८.८ प्रतिशत) र ३८.६ प्रतिशत जनजाति बालबालिका (बालक ३८.५ प्रतिशत र ३८.८ प्रतिशत बालिका) रहेको देखिन्छ ।[10] यसबाट प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएका बालबालिकामध्ये बालिकाको सहभागिता बढी देखिएको छ । प्रारम्भिक बालबिकास केन्द्रमा भर्ना भएका कूल बालबालिकामध्ये दलित र जनजाति बालबालिकाको विवरण १२ मा दिइएको छ ।

**तालिका १२: प्रारम्भिक बालबिकास केन्द्रमा भर्ना भएका दलित तथा जनजाति बालबालिका**

| विद्यार्थी | प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएका बालबालिका | | | प्रतिशत | |
|---|---|---|---|---|---|
| | **जम्मा** | दलित | जनजाति | दलित | जनजाति |
| बालिका | ४८८६२८ | ९१७४७ | १८९४८४ | १८.८ | ३८.८ |
| बालक | ५२५७११ | ९१३३७ | २०२२०७ | १७.४ | ३८.५ |
| जम्मा | १०१४३३९ | १८३०८४ | ३९१६९१ | १८.० | ३८.६ |

*स्रोतः शिक्षाविभाग, २०१४*

वि.सं. २०७१ मा देशभर प्राथमिकतहमा जम्मा ४३,३५,३५५ बालबालिका भर्ना भएकोमा दलित बालबालिकाको संख्या ८,६०,७२३ रहेको छ। यो संख्या देशभरको प्राथमिकतहमा भर्ना भएका जम्मा बालबालिकाको १९.९ प्रतिशत हो। निम्न माध्यमिकतहमा १४.५ प्रतिशत दलित बालबालिका भर्ना भएका थिए भने आधारभूततहमा १८.३ प्रतिशत दलित बालबालिका भर्ना भएका थिए। तलको तालिकामा यसलाई विस्तृत रुपमा देखाइएको छ।

10 Flash 1 Report 2071 (2014-15), Department of Education, 2014, p. 14

**तालिका १३  प्राथमिक, निम्न माध्यमिक तथा आधारभूततहमा दलित बालबालिका**

| शैक्षिकतह | छात्रा | छात्र | जम्मा | बालबालिकाको भर्ना प्रतिशत |
|---|---|---|---|---|
| प्राथमिक (१-५) | ४,४०,०३६ | ४,२०,६८७ | ८,६०,७२३ | १९.९ |
| निम्न माध्यमिक (६-८) | १,३६,४५० | १,२९,४६७ | २६५९१७ | १४.५ |
| आधारभूत (१-८) | ५,७६,४८६ | ५,५०,१५४ | ११२६६४० | १८.३ |

*स्रोतः शिक्षा विभाग, २०१४*

त्यसैगरी २०७१ मा प्राथमिकतहमा भर्ना भएका जम्मा बालबालिकाको ३३.९ प्रतिशत बालबालिका जनजाति थिए भने निम्न माध्यमिकतहमा ३८.५ प्रतिशत र आधारभूततहमा ३५.२ प्रतिशत बालबालिका जनजाति रहेको देखिन्छ। विस्तृत विवरण तलको तालिकामा दिइएको छ।

**तालिका १४: प्राथमिक, निम्न माध्यमिक तथा आधारभूततहमा जनजाति बालबालिका**

| शैक्षिकतह | छात्रा | छात्र | जम्मा | बालबालिकाको भर्ना प्रतिशत |
|---|---|---|---|---|
| प्राथमिक (१-५) | ७४१३१७ | ७२६५८९ | १४६७९०६ | ३३.९ |
| निम्न माध्यमिक (६-८) | ३६९२४४ | ३३७४२९ | ७०६६७३ | ३८.५ |
| आधारभूत (१-८) | ११११०५६१ | १०६४०१८ | २१७४५७९ | ३५.२ |

*स्रोतः शिक्षा विभाग, २०१४*

### ३.१६ बेचबिखनमा परेका बालबालिका

नेपाल प्रहरीको महिला तथा बालबालिका सेवा निर्देशनालयले २०७१/०७२ मा देशभरमा १८४ वटा मानव बेचबिखनको मुद्दा दायर भएको जनाएको छ। यसमा १८ बर्षमुनिको बालबालिका पीडित भएको संख्या उल्लेख भएको भए पनि विस्तृत तथ्याङ्क प्रशोधनको क्रममा रहेको जनाइएको छ।

नेपाल प्रहरीको महिला तथा बालबालिका सेवा निर्देशनालयबाट आ.ब. २०७१/७२ मा बालबालिका बेचविखन तथा ओसारपसारको आशंकामा उद्दार गरिएका बालबालिकाको संख्या देहायानुसार प्रस्तुत गरिएको छः

**तालिका १५ः आ.ब. २०७१/७२ मा उद्दार गरिएका बालबालिकाको संख्या**

| **क्षेत्र** | **बालक** | **बालिका** | **जम्मा** |
|---|---|---|---|
| विराटनगर | ४९ | ५२ | १०१ |
| हेटौंडा | ६२ | ६५ | १२७ |
| पोखरा | १२ | ८ | २० |
| सुर्खेत | ४९ | ५७ | १०६ |
| दिपायल | २५ | २० | ४५ |
| काठमाण्डौं उपत्यका | १५ | ११ | २६ |
| **जम्मा** | २१२ | २१३ | ४२५ |

*स्रोतः नेपाल प्रहरी, महिला तथा बालबालिका सेवा निर्देशनालय, २०७१/७२*

### ३.१७ बालश्रम

बालश्रम (निषेध र नियमित गर्ने) ऐन २०५६ ले बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन निषेध गरेको छ । १४ देखि १६ वर्षसम्मका बालबालिकालाई जोखिमपूर्ण भनी उल्लेख गरिएकाबाहेकका खासखास क्षेत्रमा हल्का र विशेष सुविधा तथा निगरानीका आधारमा काममा लगाउन सकिने व्यवस्था गरेको छ । १४ वर्ष उमेर नपुगेका बालबालिकालाई भने कुनै पनि स्वरुपमा श्रमिकका रुपमा काममा लगाउन नहुने व्यवस्था गरेको छ। तथापी सुरक्षित वातावरणमा नयाँ-नयाँ कुरा सिक्ने, जान्ने, पढ्ने, बुझ्ने उमेरमा नेपालका धेरै बालबालिका बालश्रमिकका रूपमा काम गर्न बाध्य छन्, आफ्ना बालपनलाई कडा श्रमसँग साटिरहेका छन् । काम गर्नु पर्नाले शिक्षाबाट बञ्चित हुनेदेखि शोषण र दूर्व्यवहारबाट धेरै बालबालिका पीडित भएका छन् । नेपालमा बालश्रमका बारेमा विभिन्न विषयगत क्षेत्रहरूमा साना-ठूला अध्ययन भए तापनि आवधिक, एकीकृत, आधिकारिक तथ्याङ्क तथा जानकारीको भने अभाव छ । बालश्रम नेपाली बालबालिकाको एक दुःखद यथार्थ हो ।

आ.ब. २०७१/०७२ मा बाल हेल्पलाइन नं. १०९८ बाट बालक १०९ र बालिका ८६ गरी १९५ बालश्रमिकलाई उद्दार तथा पुनर्स्थापन गरिएको छ । यसैगरी केन्द्रीय तथा जिल्ला बालकल्याण समितिबाट बालक २५ र बालिका ३१ गरी जम्मा ५६ जना श्रमिक बालबालिकालाई उद्धार गरिएको छ ।

**कामकाजमा सम्लग्न बालबालिका**

पछिल्लो चरणमा केन्द्रीय तथ्याङ्क विभागद्वारा राष्ट्रिय स्तरमा गरिएको श्रमशक्ति सर्वेक्षण, २००८ मा प्राप्त तथ्यहरूलाई थप विश्लेषण गरी "नेपाल बालश्रम प्रतिवेदन" सन् २०१२ मा प्रकाशित भएको छ। नेपाल सरकार, केन्द्रीय तथ्याङ्क विभाग तथा अन्तर्राष्ट्रिय श्रम संगठनद्वारा प्रकाशित यस प्रतिवेदनलाई हालसम्मको बालश्रमसम्बन्धी बृहत् अध्ययन प्रतिवेदनका रूपमा लिन सकिन्छ। यसलाई प्रतिस्थापित गर्ने अन्य कुनै अध्ययन भएको पाइदैन। उक्त प्रतिवेदनअनुसार नेपालमा ५-१७ वर्ष उमेर समूहका बालबालिकाको संख्या ७७ लाख ७० हजारमध्ये ४०.४ प्रतिशत अर्थात् ३१ लाख ४० हजार बालबालिका रोजगारीमा (काममा) सम्लग्न देखिन्छन्। जसमध्ये १६ लाख बालबालिका (५१ प्रतिशत) बालश्रमको समूहभित्र पर्दछन्, जसले गर्दा उनीहरूको शिक्षामा अवरोध पुग्ने, स्वास्थ्य वा शारीरिक मानसिक, भावनात्मक, नैतिक वा सामाजिक विकासमा हानि पुग्ने सम्भावना हुन्छ। त्यसमध्ये पनि ६ लाख २० हजार बालबालिका भने जोखिमपूर्ण श्रममा सम्लग्न रहेको अनुमान छ।

आर्थिक बर्ष २०७२/७३ को बजेट बक्तव्यको बुँदा नं २१२ मा बालश्रमविरुद्धको अन्तरराष्ट्रिय प्रतिवद्धता कार्यान्वयन गर्दै यसको अनुगमन र उद्दार कार्यलाई प्राथमिकता दिइनेछ। उद्दार गरिएका बालश्रमिकहरुलाई सरकारी तथा सामुदायिक स्थानीय आवासीय विद्यालयहरुबाट शिक्षा दिलाउन आवश्यक बजेट व्यवस्था गरिएको छ भन्ने उल्लेख भएको छ।

**३.१८ लागू पदार्थको दुरुपयोग र ओसार-पसारबाट संरक्षण**

राष्ट्रिय योजना आयोग तथा केन्द्रीय तथ्याङ्क विभागले २०६३ सालमा गरेको "Hard Drug Users in Nepal" Some Statistical Facts" नामक अध्ययनानुसार देशभरमा ४६,३०९ जना लागुपदार्थ दूर्व्यसनी पाइएको देखाएको थियो। सोमध्ये ४२,९५४ पुरुष र ३,३५६ महिला रहेको थियो। उमेर समूहको आधारमा १५ बर्षभन्दा मुनिका १.२ प्रतिशत र १५ - १९ बर्षसम्मका २१.६ प्रतिशत रहेको थियो। यसभन्दापछिको विस्तृत तथ्याङ्क उपलब्ध हुन सकेको छैन।

नेपाल प्रहरीको अभिलेख अनुसार गत बर्ष बालबालिका प्रतिवादी भएका घटनाहरुमध्ये लागूऔषध सम्बन्धी मुद्दामा १३ जना बालबालिका (१२ जना बालक र १ जना बालिका) परेका थिए भने

यो बर्ष पनि उक्त संख्या समान रहेको पाइएको छ । यस बर्ष विभिन्न जिल्ला अदालयमा १२ वटा लागूऔषधसम्बन्धी बालविज्याँइका मुद्दा रहेका छन् । यसैगरी यसबर्षमात्रै लागूऔषध मुद्दामा २६ जना बालबालिका तीनवटा बाल सुधार गृहमा प्रवेश गरेका तथा पारिवारिक पुनर्स्थापन भएको देखिन्छ ।

**३.१९ सशस्त्र द्वन्द्व प्रभावित बालबालिका**

वि.सं २०५२ देखि २०६२ सालसम्म चलेको सशस्त्र द्वन्द्वबाट धेरै धनजनको क्षति भएको थियो । धेरै बालबालिकले ज्यान गुमाए, अपाङ्ग भए तथा बाबुआमा गुमाए । सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाको संरक्षण र पुनर्स्थापनका लागि सरकारी गैरसरकारी क्षेत्रबाट विभिन्न सहयोगहरु पनि भए । केबाकस मार्फत पनि द्वन्द्वकै अवस्थामा पनि थुप्रै बालबालिकालाई सहयोग पुऱ्याइएको थियो । नेपाल सरकारले सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाको पुनःस्थापन एवम् पुनःएकीकरणका लागि राष्ट्रिय कार्ययोजना २०६७ पुस १४ गते पारित गरी सोको कार्यान्वयन कार्यविधि २०७० समेत स्वीकृत गरेकोछ । यसै कार्ययोजनाको कार्यान्वयनार्थ केबाकसले सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाबारे बीस जिल्लाहरुबाट तथ्याङ्क सङ्कलन गरेको छ । प्राप्त तथ्याङ्क अनुसार उक्त बीस जिल्लाहरुमा सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिका मध्ये बालक ४४८ र बालिका ३४२ गरी ७९० जनाले दुबै बाबुआमा गुमाएका छन् । समग्रमा बीस जिल्लामा जम्मा १६९०६ जना बालबालिका सशस्त्र द्वन्द्वबाट कुनै न कुनै रुपबाट प्रभावित भएको पाइएको छ । विस्तृत विवरण अनुसूची ६ मा दिइएको छ ।

हाल विभिन्न संस्थाहरुबाट ३३१ जना सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकालाई आवासीय बालगृहमा संरक्षण दिइएको पाइन्छ । जसमध्ये ७२ जना बालबालिकाका दुबै बाबुआमा छैनन्, १९ जना बालकालिकाको बाबु मात्र छन् भने १९६ जना बालबालिकाको आमामात्र रहेको अवस्था छ । ४४ जना बालबालिकाको भने बाबुआमा दुबै जीवित छन् । विस्तृत विवरण अनुसूची ६ मा नै दिइएको छ ।

नेपाल सरकारको अनुदान समेतबाट सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाको उचित स्याहारको लागि शहीद प्रतिष्ठानले पाँचै विकासक्षेत्रलाई समेट्ने गरेर पूर्वाञ्चलको सुनसरीमा, मध्यमाञ्चलको दोलखामा, पश्चिमाञ्चलको कास्कीमा, मध्यपश्चिमाञ्चलको दाङमा र सुदूर पश्चिमाञ्चलको

डोटीमा गरी पाँच वटा आवासीय विद्यालयहरु सञ्चालन गरेका छन् । शहीद प्रतिष्ठान अन्तर्गतका आवासीय विद्यालयमा रहेका बालबालिकाको संख्या तालिका १६ मा देखाइएको छ ।

**तालिका १६ः शहीद प्रतिष्ठान अन्तर्गतका आवासीय विद्यालयमा रहेका बालबालिकाको संख्या**

| क्रसं | जिल्ला | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|
| १ | सुनसरी | १७१ | १२५ | २९६ |
| २ | दोलखा | ११७ | ६३ | १८० |
| ३ | कास्की | १२९ | १०३ | २३२ |
| ४ | दाङ | २७७ | १३९ | ४१६ |
| ५ | डोटी | १६१ | ७९ | २४० |
| **जम्मा** | | ८५५ | ५०९ | १३६४ |

*स्रोतः केन्द्रीय बालकल्याण समिति, २०७२*

शान्ति तथा पुनर्निर्माण मन्त्रालयले टुहुरा बालबालिका पुनर्स्थापना कार्यक्रममार्फत ३४ जिल्लाका जम्मा ६२० जना बालबालिकालाई शुरुदेखि हालसम्म (आ.ब. २०७१/७२) जम्मा रु. ९,७२,३०,०००/- प्रदान गरेको पाइएको छ । साथै सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाका लागि शान्ति तथा पुनर्निर्माण मन्त्रालयले शिक्षा मन्त्रालयमार्फत वार्षिक रु.१० हजारदेखि १६ हजारसम्मको छात्रवृत्ति (कक्षा अनुसार) प्रदान गर्ने कार्य निरन्तर नै छ ।

## ३.२० बालन्याय

बालबालिकाको अधिकार र न्यायको सुनिश्चितताको कार्यसूची विश्व समुदायले सर्वाधिक सम्मति जनाएको विषय हो । अपरिपक्व शारीरिक एवम् मानसिक अवस्थाका कारण बालबालिका कानुनले निषेध गरेका विभिन्न अपराधजन्य कार्य (बालबिज्याइँ) गर्न पुग्दछन् । यसरी कानुनतः दण्डनीय ठहऱ्याइएका कार्यहरु वयस्क भइनसकेका बालबालिकाबाट हुन गएमा त्यो प्रचलित कानुनअनुसार न्यायिक क्षेत्राधिकारभित्र पर्दछ । यसरी कानुनले दण्डनीय ठानेको कार्य गर्ने बालबालिकालाई कानुनसँग विवादमा परेका बालबालिका भन्ने गरिन्छ ।

कानुनको विपरित क्रियाकलाप वा विचलित व्यवहार गर्ने समस्या भएका बालबालिकाको आचरण सच्याउन उपयुक्त उपचारका लागि राज्यले भिन्दै पद्धति अवलम्बन गर्ने गर्दछ । विश्वका प्रायः सबै देशले बालबालिकाको हकमा यस्तो भिन्न पद्धति अपनाउँदै आएका छन् । बालबालिका र

कलिलो उमेरसमूहका युवावर्गलाई समाल्ने, सच्याउने र समाजप्रति जिम्मेवार र कानुन पालनकारी बनाउने परिपाटी नै  बालन्यायप्रणाली (जुभिनाइल जस्टिस सिस्टम) हो ।

बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा ४० ले "आरोपित वा आपराधिक मानिएका बालबालिकाका सम्बन्धमा मानवअधिकारको आदर विशेषतः निजको प्रतिकारको तयारी, प्रस्तुती लगायतका कानुनी कारबाहीका सम्पूर्ण पक्षहरूबाट फाइदा लिन पाउने अधिकार, उचित र सम्भव भएसम्म न्यायिक कारबाही र संस्थागत प्रतिस्थापन सकभर हुन नदिनु राज्यको दायित्व हो" भनिएको छ । त्यसैगरी धारा ४० को उपधारा ४ ले बालबालिकाको हितको अनुकूल हुनेगरी निजको परिस्थिति र अपराधमा समानुपातिक हुनेगरी निजहरूसँग व्यवहार गर्न विभिन्न प्रकारका उपायहरू जस्तैः स्याहार, मार्गदर्शन र निरीक्षणसम्बन्धी आदेशहरू, सरसल्लाह, सेवा, दण्ड, निलम्बन, पालनपोषण, शिक्षा तथा व्यवस्था, व्यावसायिक तालिमका कार्यक्रमहरू तथा संस्थागत पालनपोषणका विकल्पहरू अपनाइनेछन् भनी व्यवस्था गरिएको छ । बालअधिकारसम्बन्धी महासन्धिको धारा ३७ र ४० को मर्मअनुरूप नेपालले बालबालिकासम्बन्धी ऐन, २०४८, यसको नियमावली, २०५१ र बालन्याय (कार्यविधि) नियमावली, २०६३ बनाई कानुनी विवादमा परेका बालबालिकालाई न्यायको प्रक्रियामा विशेष संरक्षणको अधिकारको व्यवस्था गरेको छ । बालन्यायसम्बन्धी विषयका कार्यलाई व्यवस्थित गर्न केन्द्रमा सर्वोच्च अदालतका न्यायाधिशको अध्यक्षतामा बालन्याय समन्वय समिति गठन भएको छ भने जिल्लाहरुमा पनि जिल्ला न्यायाधिशको अध्यक्षतामा जिल्ला बालन्याय समन्वय समितिहरु गठन भएका छन् ।

आ.व. २०७१/०७२मा कानुनको विवादमा परेका बालबालिकासम्बन्धी विवरण देहायनुसार रहेको छ ।

### क. बालबिज्याँईसम्बन्धी मुद्दाको प्रकृति, जम्मा मुद्दा संख्या र फैसलाको विवरण

यस आर्थिक वर्ष २०७१/०७२ मा प्राप्त १२७ वटा बालबिज्याँईसम्बन्धी मुद्दाहरु मध्ये ८६ वटा अर्थात ६७.७ प्रतिशत मुद्दाहरु फैसला भइसकेका छन् भने बाँकी ४१ वटा अर्थात ३२.३ प्रतिशत मुद्दाहरु चालु अवस्थामा रहेका छन् । यस आर्थिक वर्षमा पनि बालबालिकाले गर्ने बिज्याँइहरुमा सब भन्दा बढी जबरजस्ती करणीसम्बन्धी मुद्दाको संख्या ४२ देखिएको छ । त्यसपछि साधारण चोरीसम्बन्धी बालबिज्याँईको संख्या १९ देखिन्छ । त्यस्तै जबरजस्ती करणी उद्योगसम्बन्धी बालबिज्याँईको संख्या १७ देखिन्छ भने नकवजनी चोरी, लागूऔषध, कर्तब्य ज्यानसम्बन्धी मुद्दाहरुको संख्या क्रमश १३, १२ र ८ देखिन्छ । विस्तृत विवरण तालिका १७ प्रस्तुत गरिएकोछ ।

तालिका १७: बालबिज्याँईसम्बन्धी मुद्दाको प्रकृति, जम्मा मुद्दा संख्या र फैसलाको विवरण

| क्र.स. | मुद्धाको प्रकृति | जम्मा मुद्दा संख्या | फैसलाको अवस्था | |
|---|---|---|---|---|
| | | | फैसला भएको संख्या | फैसला हुन बाँकी संख्या |
| १. | कर्तब्य ज्यान | ८ | ६ | २ |
| २. | ज्यान मार्ने उद्योग | ४ | २ | २ |
| ३. | भवितव्य ज्यान | २ | १ | १ |
| ४. | जबरजस्ती करणी | ४२ | २९ | १३ |
| ५. | जबरजस्ती करणी उद्योग | १७ | १३ | ४ |
| ६. | साधारण चोरी | १९ | ११ | ८ |
| ७. | नकवजनी चोरी | १३ | ९ | ४ |
| ८. | केही सार्वजनिक अपराध | ३ | १ | २ |
| ९. | लागूऔषध | १२ | ८ | ४ |
| १०. | सवारी ज्यान | २ | २ | ० |
| ११. | बन सम्बन्धी | २ | २ | ० |
| १२. | जबरजस्ती करणी (अप्राकृतिक मैथुन) | ३ | २ | १ |
| | **जम्मा** | १२७ | ८६ | ४१ |
| | | १००% | ६७.७% | ३२.३% |

*स्रोतः बालन्याय समन्वय समिति सचिवालय, २०७२*

## ख. प्रतिवादी बालबालिकाको संख्या र लिङ्गगत बिवरण

आर्थिक वर्ष २०७१/०७२ मा जम्मा दर्ता भएका जम्मा १२७ वटा बालबिज्याँईसम्बन्धी मुद्दाहरुमा जम्मा प्रतिवादी बालबालिकाको संख्या १३८ देखिन्छ। जस्को लिङ्गगत विवरण हेर्दा १३६ अर्थात ९८.६ प्रतिशत बालक रहेका छन् भने प्रतिवादी बालिकाको संख्या २ अर्थात १.४ प्रतिशत देखिन्छ। सबैभन्दा धेरै सख्यामा ४३ जना बालक जबरजस्ती करणी र १८ जना बालक जबरजस्ती करणी उद्योग जस्ता गम्भीर प्रकृतिका मुद्दाहरुमा सम्लग्न देखिन्छन्। यस पछि चोरीमा पनि उल्लेख्य संख्यामा बालकहरु सम्लग्न देखिन्छन्। बालिकाको सम्लग्नता भने साधारण चोरीमा एक जना र लागूऔषधमा एकजना मात्र रहेको देखिन्छ। विस्तृत विवरण तालिका १८ प्रस्तुत गरिएकोछ।

**तालिका १८: प्रतिवादी बालबालिकाको संख्या र लिङ्गगत बिवरण**

| क.स. | मुद्धाको प्रकृति | जम्मा मुद्दा संख्या | जम्मा प्रतिवादी संख्या | लिङ्ग | |
|---|---|---|---|---|---|
| | | | | बालक | बालिका |
| १. | कर्तव्य ज्यान | ८ | ९ | ९ | ० |
| २. | ज्यान मार्ने उद्योग | ४ | ५ | ५ | ० |
| ३. | भवितव्य ज्यान | २ | २ | २ | ० |
| ४. | जबरजस्ती करणी | ४२ | ४३ | ४३ | ० |
| ५. | जबरजस्ती करणी उद्योग | १७ | १८ | १८ | ० |
| ६. | साधारण चोरी | १९ | २३ | २२ | १ |
| ७. | नकवजनी चोरी | १३ | १४ | १४ | ० |
| ८. | केही सार्वजनिक अपराध | ३ | ४ | ४ | ० |
| ९. | लागूऔषध | १२ | १३ | १२ | १ |
| १०. | सवारी ज्यान | २ | २ | २ | ० |
| ११. | वन सम्बन्धी | २ | २ | २ | ० |
| १२. | जबरजस्ती करणी (अप्राकृतिक मैथुन) | ३ | ३ | ३ | ० |
| | **जम्मा** | १२७ | १३८ | १३६ | २ |
| | | | १०० % | ९८.६% | १.४% |

*स्रोतः बालन्याय समन्वय समिति सचिवालय, २०७२*

## ग. प्रतिवादी बालबालिका र उमेर समुह

बालबिज्याँईसम्बन्धी जम्मा १२७ मुद्दाहरुमा सम्लग्न जम्मा प्रतिवादी बालबालिकाको संख्या १३८ रहेको छ। यो संख्यालाई उमेरगत समुहमा हेर्दा १४ वर्ष मुनिका बालबालिकाको संख्या ६५ जना अर्थात ४७.१ प्रतिशत रहेको देखिन्छ भने १४ देखि १६ वर्षबीचका बालबालिकाको संख्या ७३ जना अर्थात ५२.९ प्रतिशत देखिन्छ। १४ वर्षमुनिका २३ जना बालकहरु जबरजस्ती करणीमा र ६ जना जबरजस्ती करणी उद्योगमा प्रतिवादी भएको देखिनुले कलिलै उमेरमा बालकहरुको यौनअपराधमा भएको सम्लग्नता गम्भीर विषयका रुपमा रहेकोछ। विस्तृत विवरण तालिका १९ मा प्रस्तुत गरिएकोछ।

**तालिका १९: प्रतिवादी बालबालिका र उमेर समुह**

| क.स. | मुद्धा | जम्मा मुद्दा संख्या | जम्मा प्रतिवादी संख्या | उमेर समूह | |
|---|---|---|---|---|---|
| | | | | १४ वर्ष मुनि | १५ देखि १६ |
| १. | कर्तव्य ज्यान | ८ | ९ | ५ | ४ |
| २. | ज्यान मार्ने उद्योग | ४ | ५ | २ | ३ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | भवितव्य ज्यान | २ | २ | १ | १ |
| ४. | जबरजस्ती करणी | ४२ | ४३ | २३ | २० |
| ५. | जबरजस्ती करणी उद्योग | १७ | १८ | ६ | १२ |
| ६. | साधारण चोरी | १९ | २३ | १५ | ८ |
| ७. | नकवजनी चोरी | १३ | १४ | ६ | ८ |
| ८. | केही सार्वजनिक अपराध | ३ | ४ | ० | ४ |
| ९. | लागूऔषध | १२ | १३ | ५ | ८ |
| १०. | सवारी ज्यान | २ | २ | ० | २ |
| ११. | बन सम्बन्धी | २ | २ | १ | १ |
| १२. | जबरजस्ती करणी (अ.मै.) | ३ | ३ | १ | २ |
| | **जम्मा** | **१२७** | **१३८** | **६५** | **७३** |
| | | | १०० % | ४७.१% | ५२.९% |

*स्रोतः बालन्याय समन्वय समिति सचिवालय, २०७२*

### घ. बालबिज्याँईसम्बन्धी जम्मा फैसला संख्या, ठहर संख्या र फैसलाको विवरण

बालबिज्याँईसम्बन्धी जम्मा फैसला गरिएका ६८ मुद्दाहरु मध्ये ६८ वटा अर्थात ७९.१ प्रतिशत मुद्दाहरुमा बालबालिकालाई दोषी ठहर गरिएको छ भने १० वटा अर्थात ११.७ प्रतिशत मुद्दाहरुमा बालबालिकालाई सफाई दिइएको छ । त्यस्तै ७ वटा अर्थात ८.१ प्रतिशत मुद्दाहरुको फैसला विवरण भने खुलेको छैन । विस्तृत विवरण तालिका २० मा प्रस्तुत गरिएकोछ ।

**तालिका २०: बालबिज्याँईसम्बन्धी जम्मा फैसला संख्या, ठहर संख्या र फैसलाको विवरण**

| क्रस | मुद्दाको प्रकृति | फैसला भएका जम्मा मुद्दा संख्या | फैसला | | | |
|---|---|---|---|---|---|---|
| | | | ठहर | सफाई | मुद्दा परिवर्तन | नखुलेको |
| १. | कर्तव्य ज्यान | ६ | ४ | २ | ० | ० |
| २. | ज्यान मार्ने उद्योग | २ | २ | ० | ० | ० |
| ३. | भवितव्य ज्यान | १ | १ | ० | ० | ० |
| ४. | जबरजस्ती करणी | २९ | २५ | २ | १ | १ |
| ५. | जबरजस्ती करणी उद्योग | १३ | १० | १ | ० | २ |
| ६. | साधारण चोरी | ११ | ९ | २ | ० | ० |
| ७. | नकवजनी चोरी | ९ | ७ | ० | ० | २ |
| ८. | केही सार्वजनिक अपराध | १ | १ | ० | ० | ० |
| ९. | लागूऔषध | ८ | ४ | २ | ० | २ |
| १०. | सवारी ज्यान | २ | १ | १ | ० | ० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११. | बन सम्बन्धी | २ | २ | ० | ० | ० |
| १२ | जबरजस्ती करणी (अ.मै.) | २ | २ | ० | ० | ० |
| | **जम्मा** | **८६** | **६८** | **१०** | **१** | **७** |
| | **जम्मा** | १०० % | ७९.१% | ११.७% | १.१% | ८.१% |

*स्रोतः बालन्याय समन्वय समितिको सचिवालय, २०७२*

## ङ. बालबिज्याँईसम्बन्धी ठहर भएका मुद्दामा सजायको किसिम

बालबिज्याँईसम्बन्धी दोषी ठहर गरिएका जम्मा ६८ मुद्दाहरु मध्ये २८ वटा अर्थात ४१.२ प्रतिशत मुद्दामा सजाय स्थगन गरिएको छ भने २१ वटा अर्थात ३०.९ प्रतिशत मुद्दामा कैद ठेकिएको छ। त्यस्तै ३ वटा अर्थात ४.४ प्रतिशत मुद्दामा जरिवाना र ५ वटा अर्थात ७.३ प्रतिशत मुद्दामा कैद र जरिवाना दुबै सजाय गरिएको छ भने ११ वटा अर्थात १६.२ प्रतिशत मुद्दामा सम्झाईबुझाई गरी छाडिएको छ। विस्तृत विवरण तालिका २१ मा प्रस्तुत गरिएकोछ।

**तालिका २१ः बालबिज्याँईसम्बन्धी ठहर भएका मुद्दामा सजायको किसिम**

| क्र.स. | मुद्दा | ठहर भएका जम्मा मुद्दा संख्या | सजायको किसिम | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | सजाय स्थगन | कैद | जरीवाना | कैद र जरिवाना दुवै | सम्झाई बुझाई |
| १. | कर्तव्य ज्यान | ४ | १ | ३ | ० | ० | ० |
| २. | ज्यान मार्ने उद्योग | २ | १ | १ | ० | ० | ० |
| ३. | भवितव्य ज्यान | १ | १ | ० | ० | ० | ० |
| ४. | जबरजस्ती करणी | २५ | ११ | १० | १ | ३ | ० |
| ५ | जबरजस्ती करणी उद्योग | १० | ६ | ३ | ० | ० | १ |
| ६. | साधारण चोरी | ९ | २ | १ | १ | १ | ४ |
| ७. | नकवजनी चोरी | ७ | २ | १ | १ | १ | २ |
| ८. | केही सार्वजनिक अपराध | १ | ० | ० | ० | ० | १ |
| ९. | लागूऔषध | ४ | २ | १ | ० | ० | १ |
| १०. | सवारी ज्यान | १ | ० | ० | ० | ० | १ |
| ११. | वन सम्बन्धी | २ | १ | १ | ० | ० | ० |
| १२. | जबरजस्ती करणी (अ.मै.) | २ | १ | ० | ० | ० | १ |
| | **जम्मा** | **६८** | **२८** | **२१** | **३** | **५** | **११** |
| | | १००% | ४१.२% | ३०.९% | ४.४% | ७.३% | १६.२% |

*श्रोतः बालन्याय समन्वय समिति सचिवालय, २०७२*

**च. बालबालिकासम्बन्धी मुद्दाको प्रकृति, जम्मा मुद्दा संख्या र फैसला गर्न लागेको अवधि**

आर्थिक वर्ष २०७१/०७२ सालमा जम्मा फैसला भएका ६८ वटा मुद्दाहरुको फैसला गर्न लागेको समय अवधि हेर्दा जम्मा ४९ वटा अर्थात ७२.१ प्रतिशत मुद्दाहरु ४ महिना भित्र, १६ वटा अर्थात २३.५ प्रतिशत मुद्दाहरु ६ महिना भित्र र बाँकी ३ वटा अर्थात ४.५ प्रतिशत मुद्दाहरु १ वर्षभित्र फैसला गरिएको छ। विस्तृत विवरण तालिका २२ मा प्रस्तुत गरिएकोछ।

**तालिका २२ः बालबालिकासम्बन्धी मुद्दाको प्रकृति, जम्मा मुद्दा संख्या र फैसला गर्न लागेको अवधि**

| **क्रसं** | **मुद्दाको प्रकृति** | **जम्मा फैसला मुद्दा संख्या** | **फैसला गर्न लागेको अवधि र मुद्दा संख्या** | | |
|---|---|---|---|---|---|
| | | | **४ महिना भित्र** | **६ महिना भित्र** | **१ वर्षभित्र** |
| १. | कर्तव्य ज्यान | ४ | २ | २ | ० |
| २. | ज्यान मार्ने उद्योग | २ | ० | २ | ० |
| ३. | भवितव्य ज्यान | १ | १ | ० | ० |
| ४. | जबरजस्ती करणी | २५ | १९ | ५ | १ |
| ५. | जबरजस्ती करणी उद्योग | १० | ९ | १ | ० |
| ६. | साधारण चोरी | ९ | ६ | ३ | ० |
| ७. | नकवजनी चोरी | ७ | ५ | १ | १ |
| ८. | केही सार्वजनिक अपराध | १ | १ | ० | ० |
| ९. | लागूऔषध | ४ | १ | २ | १ |
| १०. | सवारी ज्यान | १ | १ | ० | ० |
| ११. | बन सम्बन्धी | २ | २ | ० | ० |
| १२. | जबरजस्ती करणी (अ.मै.) | २ | २ | ० | ० |
| | **जम्मा** | **६८** | **४९** | **१६** | **३** |
| | | १००% | ७२.१ % | २३.५% | ४.४% |

*श्रोतः बालन्याय समन्वय समिति सचिवालय, २०७२*

## ३.२१ बाल सुधार गृह

बालन्यायको महत्वपूर्ण पक्षका रूपमा रहेको यस व्यवस्थाअन्तर्गत अहिलेसम्म भक्तपुर, मोरङ र कास्कीमा मात्र बालसुधारगृह सञ्चालनमा रहेका छन्। केन्द्रीय बालकल्याण समितिले हालै बालसुधारगृहको स्थिति र परिमार्जन गर्नुपर्ने क्षेत्रको पहिचान गर्ने सन्दर्भमा एक सर्वेक्षणमूलक अध्ययन सम्पन्न गरेको छ। जसानुसार सबै बालसुधारगृहमा भौतिक पूर्वाधार सामान्यताः

सन्तोषजनक रहेता पनि बालबालिकाको संख्यानुसार पर्याप्त कोठाहरु नरहेको, भनिएको क्षमता भन्दा बढी बालबालिकालाई राख्नु परेको, आवासकक्षहरूमा उमेरको आधारमा बढी उमेरवाला र कम उमेरवालालाई भिन्नभिन्न आवासकक्षमा बसाउने प्रयास गरिएको पाइएकोछ । पुर्पक्ष र दायित्वनिदानको हैसियतका आधारमा बालबालिकालाई भिन्दाभिन्दै राख्ने भने गरिएको छैन । भिन्दै पुस्तकालय कक्ष, मनोविमर्श कक्ष, टेलिभिजन कक्ष तथा खेलकूदका केही सामग्रीहरु रहेका छन् । पढ्ने तथा केही सीप सिक्ने जस्ता अवसरहरु प्रदान गरिएको भएता पनि उनीहरुको व्यवहार तथा सोचाईमा सकारात्मक परिवर्तन ल्याउने सुधारका गहन क्रियाकलापहरुको कमी रहेको देखिएको छ । यसै गरी तहाँ कार्यरत सबै कर्मचारी तथा सुरक्षाकर्मीहरुलाई बालअधिकार तथा बालमनोविज्ञान लगायतका विषयमा तालिम दिई क्षमता अभिवृद्धि गर्नु पर्ने आवश्यकता रहेको छ भने भौतिक पूर्वाधारहरुमा पनि सुधार गर्नुपर्ने देखिन्छ ।

बालसुधार गृह सञ्चालनकानिम्ति हरेक वर्ष नेपाल सरकारले अनुदान दिने गरेको छ भने भवन निर्माण लगायतका कामहरु पनि सरकारबाट भईरहेका छन् । यसै गरी त्यहाँ रहेका बालबालिकाको लागि नियमानुसारको राशन लगायत अन्य बन्दीलाई दिइने सुविधा कारागार व्यवस्थापन विभाग मार्फत प्रदान गरिन्छ भने साधापोसाकमा आवस्यक सुरक्षाकर्मी खटाइएको हुन्छ । हाल तीनवटै बालसुधार गृह सञ्चालनको जिम्मा न्यूनतम सुविधाविहिन बालबालिकाका लागि शैक्षिक कार्यक्रम (युसेप), नेपाललाई दिइएको छ । हरेक वर्ष अदालतको निर्णयबाट तथा पुर्पक्षका लागि बालबिज्याईमा सम्लग्न बालबालिका बालसुधार गृहमा आउने गर्दछन् र नियमानुसार त्यहाँबाट बाहिरिने हुँदा त्यहाँ रहिरहने बालबालिकाको संख्या थपघट भइरहन्छ । तथापी तालिका २३ मा तीनैवटा बालसुधार गृहमा तत्काल रहेका बालबालिकाको संख्या देखाइएको छ ।


**तालिका २३: बालसुधार गृहमा रहेका बालबालिका**

| बाल सुधार गृह | बालक | बालिका | जम्मा |
|---|---|---|---|
| बाल सुधार गृह, सानोठिमी, भक्तपुर | ७५ | ६ | ८१ |
| बाल सुधार गृह विराटनगर, मोरङ्ग | ५७ | ० | ५७ |
| बाल सुधार गृह सराङ्गकोट, कास्की | ५४ | ० | ५४ |
| **जम्मा** | १८६ | ६ | १९२ |

*स्रोतः कारागार व्यवस्थापन विभाग, २०७२*

बाल सुधार गृहहरुमा हरेक वर्ष अदालतको निर्णयबाट तथा प्रशासन कार्यालयहरुबाट समेत सजाय तोकिएर वा पुर्पक्षका लागि बालबिज्याईमा सम्लग्न भएका बालबालिका बालसुधार गृहमा प्रवेश गर्दछन् भने घटना अनुसार आधिकारिक निकायको निर्णयानुसार तथा तोकीएको सजायको अवधिको समाप्ती पश्चात बालबालिकालाई छुटकारा दिई सकेसम्म परिवारका सदस्य वा नातेदारसंग पुनर्मिलन गराइने गरिन्छ । अतः वर्षभरी बालबालिका आउने र जाने क्रम जारी रहन्छ । आ.व. २०७०/२०७१ र २०७१/२०७२ मा प्रवेश गरेका, पारिवारिक पुनर्मिलनमा गएका बालबालिकाको विवरण तथा मुद्दागत विवरण भक्तपुरको ग्राफ ३ र तालिका २४, कास्कीको ग्राफ ४ र तालिका २५ मा र मोरङ्गको ग्राफ ५ र तालिका २६ मा दिइएको छ ।

**ग्राफ ३ः भक्तपुरको बाल सुधार गृहमा प्रवेश गरेका र पारिवारिक पुनर्मिलन भएका बालबालिका**




*स्रोतः युसेफ नेपाल, २०७२*


**तालिका २४ः बाल सुधार गृह, सानोठिमी भक्तपुरमा आ.व. ०७०/०७१ र ०७१/०७२ मा प्रवेश र पारिवारिक पुनर्मिलनमा गएका बालबालिकाको मुद्दागत विवरण**

| मुद्दा | आ.व. ०७०/०७१ | | आ.व. ०७१/०७२ | |
|---|---|---|---|---|
| | प्रवेश | पुनर्मिलन | प्रवेश | पुनर्मिलन |
| जबरजस्ती करणी | २९ | ३९ | ३७ | १९ |
| जबरजस्ती करणी उद्योग | १ | १ | ४ | २ |
| चोरी/दुर सञ्चारसम्बन्धी | १८/४ | १७ | १९ | १९ |
| कर्तव्य ज्यान | ५ | ३ | १० | ८ |
| ज्यान मार्ने उद्योग | ० | ५ | ८ | ९ |
| सार्वजनिक अपराध | १० | १० | १३ | १३ |
| लागूऔषध | ३ | ८ | ३ | ५ |

| | | | | |
|---|---|---|---|---|
| मानव बेचबिखन | १ | १ | ० | १ |
| अन्य | ० | १ | ६ | ०५ |
| **जम्मा** | ७१ | ९५ | १००[4] | ८२ |

*स्रोतः युसेफ नेपाल, २०७२*

**ग्राफ ४: कानुनको विवादमा परी बाल सुधार गृह, सराङ्कोट, कास्की प्रवेश गरेका र पारिवारिक पुनर्मिलनमा गएका बालबालिकाको विवरण यस प्रकार रहेको छ :**





*स्रोतः युसेफ नेपाल, २०७२*

**तालिका २५: बाल सुधार गृह, सराङ्कोट, कास्कीमा आ.व. ०७०/०७१ र ०७१/०७२ मा प्रवेश र पारिवारिक पुनर्मिलनमा गएका बालबालिकाको मुद्दागत विवरण**

| मुद्दा | आ.व. ०७०/०७१ | | आ.व. ०७१/०७२ | |
|---|---|---|---|---|
| | प्रवेश | पुनर्मिलन | प्रवेश | पुनर्मिलन |
| जबरजस्ती करणी | ५ | १० | २१ | १४ |
| जबरजस्ती करणी उद्योग | ३ | ० | ० | ० |
| चोरी | ६ | १ | ७ | ५ |
| कर्तव्य ज्यान | १ | ५ | २ | १२ |
| ज्यान मार्ने उद्योग | ६ | ४ | ४ | ५ |

| | | | | |
|---|---|---|---|---|
| सार्वजनिक अपराध | ० | ० | ० | ० |
| लागूऔषध | ४ | २ | ५ | ५ |
| मानव बेचबिखन | ० | ० | १ (अपहरण) | ० |
| अन्य | ० | ० | १ | १ |
| **जम्मा** | २५ | २२ | ४१ | ४२ |

**ग्राफ ५: कानुनको विवादमा परी बाल सुधार गृह, विराटनगर, मोरङ प्रवेश गरेका र पारिवारिक पुनर्मिलनमा गएका बालबालिकाको विवरण**




*स्रोतः युसेफ नेपाल, २०७२*

**तालिका २६: बाल सुधार गृह, विराटनगर, मोरङमा आ.व. ०७०/०७१ र ०७१/०७२ मा प्रवेश र पारिवारिक पुनर्मिलनमा गएका बालबालिकाको मुद्दागत विवरण**

| आ.व. / मुद्दा | ०७०/०७१ | ०७१/०७२ | जम्मा |
|---|---|---|---|
| लागू औषध | ३ | ८ | ११ |
| नकबजनी चोरी | २ | ० | २ |
| जबर्जस्ती करणी | ३० | २२ | ५२ |
| कर्तव्य ज्यान | ४ | ४ | ८ |
| डाँका | १ | ० | १ |
| ज्यान मार्ने उद्योग | ० | ३ | ३ |
| चोरी | ० | ६ | ६ |
| गैवध | ० | २ | २ |
| **जम्मा** | ४० | ४५ | ८५ |

तीनवटा बाल सुधार गृहहरुबाट २०७१ सालको एस.एल.सी. परीक्षामा २४ जना बालबालिका सहभागी भएकोमा जम्मा चार जनामात्र उतीर्ण भए । यसको विस्तृत विवरण तालिका २७ मा दिइएको छ ।

**तालिका २७: आ.व. २०७१/०७२ मा बाल सुधार गृहबाट एस.एल.सी. परीक्षा दिएका र उतीर्ण भएका बालबालिकाको विवरण**

| बाल सुधार गृह | परीक्षार्थी | उतीर्ण | उतीर्ण प्रतिशत |
|---|---|---|---|
| सानोठिमी, भक्तपुर | १२ | ० | ० |
| विराटनगर, मोरङ | ७ | ४ | ७१.४२ |
| सारङ्गकोट, कास्की | ५ | ० | ० |
| **जम्मा** | २४ | ४ | १६.६७ |

*स्रोतः युसेप नेपाल, २०७२*

उपर्युक्त तालिकामा दिइएको तथ्याङ्कानुसार मोरङ जिल्लाको बाल सुधार गृहबाटमात्र उतीर्ण भएको छ । यसबाट अन्य दुइ जिल्लाका बालसुधार गृहहरुबाट १० कक्षा अध्ययन गरिरहेका बालबालिकाको शिक्षाको गुणस्तरमा निकै सुधार गर्नुपर्ने देखिन्छ ।

परिच्छेद
# ४
# बालविकास

## ४.१ परिचय

व्यक्ति, परिवार, समुदाय र समाजका विभिन्न पक्षहरुसँगको अन्तरक्रिया र सहयोगमा निर्भर हुने बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, ज्ञानात्मक, सामाजिक पक्षहरुको समग्र विकास बालविकास हो । यो परिच्छेदमा बालबालिकाको शिक्षा (धारा २८ र २९), खेल तथा मनोरञ्जन (धारा ३१) जस्ता बालविकासमा सहयोग पुऱ्याउने विषयहरु समेटिएका छन् ।

## ४.२ प्रारम्भिक बालविकास

प्रारम्भिक बालविकासलाई मानव विकासको आधारशिला मानिन्छ। विश्व बैंकको एक अध्ययनअनुसार मानव मस्तिष्कको विकास गर्भावस्थामा २५ प्रतिशत र जन्मेदेखि ५ वर्षको उमेरसम्म ८० देखि ९० प्रतिशत भइसक्दछ। गर्भावस्थादेखि ५ वर्षको उमेरलाई प्रारम्भिक बालविकासको उमेर मानी बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक र सामाजिक विकासमा सहयोग पुऱ्याउन आवश्यक हुन्छ ।

नेपालको अन्तरिम संविधान २०६३, शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावलीलगायतका कानुनी व्यवस्थाहरुमा प्रारम्भिक बालविकासलाई स्थान दिइएको छ। यसैक्रममा प्रारम्भिक बालविकास निर्देशिका, २०६३ तथा सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना (सन् २००१-२०१५) मा बालविकासको सञ्चालन अझ व्यवस्थित गर्ने प्रयास गरिएको छ ।

प्रारम्भिक बालविकासलाई देशव्यापी बनाउने क्रममा २०७० मा कूल ३४,६२२ प्रारम्भिक बालविकास केन्द्र रहेका छन् । २०७१ मा समुदायमा आधारित बालविकास केन्द्र ३०,०३४ वटा र संस्थागत विद्यालयमा आधारित बालविकास केन्द्र ५,०८७ गरी जम्मा ३५,१२१ वटा बालविकास केन्द्र सञ्चालनमा रहेको छ । २०७० मा बालविकास केन्द्रबाट कक्षा १ मा भर्ना भएका बालबालिकाको संख्या ४,३९,५६४ रहेकोमा २०७१ मा ५,४९,२५३ पुगेको छ ।[1]

तलको तालिकामा २०७१ सालको प्रारम्भिक बालविकास केन्द्रको तथ्याङ्कसहित तीन बर्षको संख्या दिइएको छ ।

**तालिका २८: प्रारम्भिक बाल विकास केन्द्र**

| | २०६९ | २०७० | २०७१ |
|---|---|---|---|
| सामुदायिक विद्यालय र समुदायमा आधारित | २९२७३ | २९५३५ | ३००३४ |
| संस्थागत विद्यालयमा आधारित | ४९०१ | ५०८७ | ५०८७ |
| **जम्मा** | ३४१७४ | ३४६२२ | ३५१२१ |

*स्रोतः शिक्षा विभाग, २०७२*

२०७० सालमा ३४,६२२ बालविकास केन्द्रमा जम्मा १०,४७,११७ बालबालिका (बालिका ५,०१,२८८ र बालक ५,४५,८२९) भर्ना भएकोमा २०७१ सालमा ३५,१२१ बालविकास केन्द्रहरुमा जम्मा १०,१४,३३९ बालबालिका भर्ना भएका थिए । जसमा बालिका ४,८८,६२८ जना र बालक ५,२५,७११ जना रहेका छन् । यसबाट बालविकास केन्द्रमा बालबालिकाको पहुँच बढाउन केन्द्रको संख्या थपिए पनि ती केन्द्रहरुमा बालबालिकाको संख्या घटेको देखिन्छ ।

प्रारम्भिक बालविकासको अनुभवसहित कक्षा १ मा भर्ना भएका बालबालिकाको संख्या र १ कक्षाका कूल विद्यार्थीमध्ये प्रारम्भिक बालविकासको अनुभव भएकाको प्रतिशत तालिका २९ मा दिइएको छ ।

1 Flash I Report 2071 (2014/15), Department of Education, 2014.

**तालिका २९: प्रारम्भिक बाल विकासको अनुभवसहित कक्षा १ मा भर्ना भएका बालबालिकाको विवरण**

| भौगोलिक क्षेत्र | कक्षा १ मा नयाँ भर्ना संख्या | | | प्रारम्भिक बालविकास केन्द्रबाट कक्षा १ मा आएका बालबालिका र कूल विद्यार्थीमा यसको प्रतिशत | | |
|---|---|---|---|---|---|---|
| | बालिका | बालक | जम्मा | बालिका (%) | बालक (%) | जम्मा (%) |
| हिमाल | ४२८०३ | ४०२३७ | ८३०३६ | २१०५६ (४९.२) | २००३६ (४९.८) | ४१०९२ (४९.५) |
| पहाड | १६३८९३ | १६१२४६ | ३२५१३८ | ८१२१६ (४९.६) | ७९३२१ (४९.२) | १६०५३७ (४९.४) |
| काठमाण्डौ उपत्यका | २४४१२ | २६७६२ | ५११७४ | १३४७२ (५५.२) | १५३५८ (५७.४) | २८८३० (५६.३) |
| तराइ | २३४५०० | २२८३०१ | ४६२७९९ | १६३६९६ (६९.८) | १५५०९८ (६७.९) | ३१८७९४ (६८.९) |
| **जम्मा** | ४६५६०८ | ४५६५४६ | ९२२१४७ | २७९४४० (६०.०) | २६९८१३ (५९.१) | ५४९२५३ (५९.६) |

*स्रोतः शिक्षा विभाग, २०७२*

उपर्युक्त तथ्याङ्कहरुबाट कक्षा १ मा प्रारम्भिक बालविकासको अनुभव भएको बालबालिकाको संख्या बढ्दै गएको देखिन्छ। प्रतिशतको हिसाबले गतबर्ष कक्षा १ मा प्रारम्भिक बालविकासको अनुभवसहित भर्ना भएका बालबालिका अघिल्लो बर्षको तुलनामा करिब २५ प्रतिशतले बढेको देखिन्छ । काठमाण्डौं उपत्यकामा प्रारम्भिक बालविकासको अनुभवसहित कक्षा १ मा भर्ना भएका बालबालिका कम देखिनुमा निजी विद्यालयहरुमा Play Group, Nursery, KG र UKG मा भर्ना भएकाको संख्या गणना नगरेको अनुमान गर्न सकिन्छ ।

## ४.३ विद्यालयस्तरको शिक्षा

बालअधिकारसम्बन्धी महासन्धिको धारा २८ र २९ ले बालबालिकालाई कम्तीमा आधारभूत तहसम्मको शिक्षा निःशुल्क र अनिवार्य हुनुपर्ने प्रावधान राखी राज्यलाई उत्तरदायी बनाउन खोजेको छ। नेपालमा 'सबैका लागि शिक्षा' को विश्व अभियान अँगाल्ने क्रममा विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन गरी कक्षा ८ सम्मको शिक्षालाई आधारभूत तह निर्धारण गरिएको छ । साथै नेपालको अन्तरिम संविधान २०६३ ले शिक्षालाई मौलिक हकअन्तर्गत सुनिश्चित गरेको छ ।

शिक्षा विभागबाट प्राप्त तथ्याङ्क अनुसार बालबालिकाको प्राथमिक विद्यालयमा खूद भर्नादर २०७० सालमा ९५.२ प्रतिशत र २०७१ सालमा ९६.२ प्रतिशत पुगेको छ । निम्न माध्यमिक

स्तरमा खूद भर्नादर ७४.६ प्रतिशत देखिन्छ भने माध्यमिक (कक्षा ९ र १०) स्तरमा यो दर ५६.१ प्रतिशत र उच्च माध्यमिकस्तरमा (कक्षा ११ र १२) मा १३.१ प्रतिशतमात्र देखिन्छ । यसबाट सामान्यतः प्राथमिकस्तरभन्दा माथि कक्षा बढ्दै जाँदा खूद भर्नादर भने क्रमशः कम हुँदै गएको देखिन्छ । एस.एल.सी. परीक्षापछिको अध्ययनमा भने निकै कममात्र बालबालिकाले अवसर पाएको देखिन्छ ।

२०७१ सालमा देशभरमा प्राथमिकतहमा २२,०१,३१३ छात्रा र २१,३४,०४२ छात्र गरी जम्मा ४३,३५,३५५ विद्यार्थी भर्ना भएको देखिन्छ । विद्यार्थी भर्नाको अनुपात हेर्ने हो भने निम्न माध्यमिक र आधारभूत तहमा पनि छात्राकै संख्या छात्रको तुलनामा उच्च रहेको पाइन्छ । तलको तालिकामा आधारभूत तहसम्मको बालबालिकाको संख्या प्रस्तुत गरिएको छ ।[2]

**तालिका ३०: शैक्षिकतहका आधारमा विद्यार्थी संख्या**

| शैक्षिकतह/विद्यार्थी संख्या | छात्रा | छात्र | जम्मा | बालिका भर्ना प्रतिशत |
|---|---|---|---|---|
| प्राथमिक (१-५) | २२०१३१३ | २१३४०४२ | ४३३५३५५ | ५०.८ |
| निम्नमाध्यमिक (६-८) | ९३०९४९ | ९०४३६४ | १८३५३१३ | ५०.७ |
| आधारभूत (१-८) | ३१३२२६२ | ३०३८४०६ | ६१७०६६८ | ५०.८ |

*स्रोतः शिक्षा विभाग, २०७१*

माध्यमिकतहमा विद्यार्थीको संख्या ९,००,५८५, उच्च माध्यमिकतहमा ४,१६,९९५ र माध्यमिकस्तर (कक्षा ९-१२) मा १३,१७,५८० रहेको देखिन्छ ।[3]

लैङ्गिक समानता सूची प्राथमिकस्तरमा ०.९९, निम्न माध्यमिकस्तरमा १.०२, माध्यमिकस्तरमा ०.९९ र उच्च माध्यमिकस्तरमा १.०३ रहेको छ । यसबाट विद्यालय शिक्षामा लैङ्गिक समानताको दृष्टिकोणबाट हेर्दा बालक र बालिका दुवैले करिव समान अवसर पाएको छ । यो अवस्था बालबालिकाको शिक्षा पाउने अधिकार सुनिश्चितततातर्फ उन्मुख रहेको छ ।

प्राथमिकस्तरमा एक कक्षामा भर्ना भै कक्षा पाँचसम्म पुग्ने बालबालिकाको प्रतिशत ८६.८

2 *फल्यास १ रिपोर्ट, शिक्षाविभाग, २०७१*

3 *ऐजन पृ. ५*

(बालक ८७.५ र बालिका ८६.५) तथा कक्षा आठसम्म पुग्नेको प्रतिशत ७४.६ (बालक ७३.३ र बालिका ७६.०) देखिन्छ।

आर्थिक बर्ष २०७२/७३ को बजेट बक्तव्यको बुँदा नं १६९ मा आधारभूतस्तरसम्मको निःशुल्क शिक्षाको व्यवस्था गरिने र बुँदा नं १७३ मानव विकास सूचकाङ्क न्यून रहेका छात्रा भर्नादर कम भएका र छात्राको विद्यालय छान्ने प्रवृत्ति भएका जिल्लामा सीमान्तीकृत छात्राहरुलाई आवासीय सुविधा भएको विद्यालयमा अध्ययनको व्यवस्था मिलाइनेछ भन्ने उल्लेख भएको छ। यसबाट नेपाल सरकारले बालबालिकाको शिक्षामा थप जोड दिएको स्पष्ट हुन्छ।

### ४.४ २०७२ सालको एस.एल.सी. परीक्षा उत्तीर्ण गर्ने बालबालिकाको स्थिति

वि.सं. २०६७ देखि वि.सं. २०७१ सम्मको एस.एल.सी. परीक्षाको नतिजालाई हेर्दा एस.एल.सी. परीक्षामा सहभागी हुने परीक्षार्थीको संख्यामा र उतीर्ण हुनेको संख्या तथा प्रतिशतमा उतारचढाव भएको देखिएको छ। २०६७ सालमा उतीर्ण हुनेको संख्या (२,२२,५६८) र प्रतिशत (करिब ५६) दुबै हालसम्मको सबभन्दा बढी रहेको छ। परीक्षार्थीको संख्या हेर्दा सबभन्दा बढी २०६८ सालमा देखिन्छ भने २०६९ र २०७१ दुबै सालमा झण्डै बराबर अथवा १३२९ जनाको मात्र फरक देखिन्छ।[४] विगत पाँच बर्षको एस.एल.सी. परीक्षामा सम्मिलित र उतीर्ण छात्र र छात्राको संख्या निम्न तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ३१ः गत पाँच वर्षको एस.एल.सी. परीक्षामा सहभागी तथा उतीर्ण बालबालिकाको विवरणः**


| साल | सहभागी बालबालिका | | | | | उतीर्ण बालबालिका | | | | | उतीर्ण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बालक | प्रतिशत | बालिका | प्रतिशत | जम्मा | बालक | प्रतिशत | बालिका | प्रतिशत | जम्मा | प्रतिशत |
| २०६७ | २१०२९४ | ५२.८६ | १८७५३९ | ४७.१४ | ३९७८३३ | १२५३४२ | ३१.५१ | ९७२२६ | २४.४४ | २२२५६८ | ५५.९५ |
| २०६८ | २१५००८ | ५१.३० | २०४११३ | ४८.७० | ४१९१२१ | ११२६२७ | २६.८७ | ८७०८७ | २०.७८ | १९९७१४ | ४७.६५ |
| २०६९ | २०६२४१ | ५१.०५ | १९७७६८ | ४८.९५ | ४०४००९ | ९७२२० | २४.०६ | ७१९४१ | १७.८१ | १६९१६१ | ४१.८७ |
| २०७० | १९९८४८ | ५०.६० | १९५०८५ | ४९.४० | ३९४९३३ | ९८७७७ | २५.०१ | ७४६५९ | १८.९० | १७३४३६ | ४३.९२ |
| २०७१ | २०२१६३ | ४९.८८ | २०३१७५ | ५०.१२ | ४०५३३८ | १०९०४३ | २६.९० | ८३२२४ | २०.५३ | १९२२६७ | ४७.४३ |

*स्रोतः शिक्षा मन्त्रालय, २०७२*

4 *Nepal Education in Figures 2014*, Educational Information Management System (EIMS), Monitoring, Evaluation and Supervision Division, Ministry of Education, Government of Nepal.

तलको **ग्राफ ६** मा पाँच बर्षको एस.एल.सी. परीक्षामा उतीर्ण परीक्षार्थीको प्रतिशत सामान्य उतारचढाव देखिन्छ। सबभन्दा कम २०६९ सालमा (४१.८७) र सबभन्दा बढी २०६७ सालमा (५५.९५) देखिन्छ । यसबाट विद्यालयस्तरीय शिक्षामा गरिएको बढ्दो लगानी र प्रयासको अनुपातमा शिक्षाको गुणस्तरमा खासै सुधार भएको देखिँदैन ।

**ग्राफ ६: पाँच वर्षको एसएलसी परीक्षामा उतीर्ण परीक्षार्थी**




*स्रोतः शिक्षा मन्त्रालय, २०७२*

यसर्थ, विद्यालयस्तरको शिक्षाको गुणस्तरमा प्रभाव पार्ने विविध पक्षहरुको स्थिति विश्लेषण गरी विद्यालयस्तरीय शिक्षाको अन्तिम परीक्षाको रुपमा रहेको एस.एल.सी. परीक्षाको नतिजा सुधार गर्ने उपायहरु अविलम्ब र प्रभावकारी रुपमा लागू गर्नुपर्ने जरुरी देखिन्छ।

### ४.५ सामुदायिक तथा संस्थागत विद्यालयको गत पाँच वर्षको एस.एल.सी. परीक्षाको नतिजा

एस.एल.सी. परीक्षामा सामुदायिक (सरकारी तथा समुदायबाटै सञ्चालित) र संस्थागत (निजी) गरी दुई रुपबाट सञ्चालित विद्यालयका विद्यार्थीहरु सम्मिलित हुन्छन् । यी विद्यालयहरुको एस.एल.सी. परीक्षामा देखिएको नतिजालाई तालिका ३२ मा प्रस्तुत गरिएको छ।

**तालिका ३२: सामुदायिक तथा संस्थागत विद्यालयको गत पाँच वर्षको एस.एल.सी. परीक्षाको नतिजा**

| साल | सामूदायिक विद्यालय | | | संस्थागत विद्यालय | | | सावि र संविको अनूपात |
|---|---|---|---|---|---|---|---|
| | सहभागी | उतीर्ण | प्रतिशत | सहभागी | उतीर्ण | प्रतिशत | |
| २०६७ | ३०७६६१ | १४४६८० | ४७.०३ | ८४६३४ | ७६२१४ | ९०.०५ | १:१.९ |
| २०६८ | ३२६७२४ | १२०४६१ | ३६.८७ | ९२३९७ | ७९२५३ | ८५.७७ | १:२.३ |
| २०६९ | ३०६९३५ | ८७२३८ | २८.४२ | ९३६५६ | ८१५०६ | ८७०३ | १:३.१ |
| २०७० | २९९४७७ | ८४४१५ | २८.१९ | ९५४५६ | ८९०२१ | ९३.२६ | १:३.३ |
| २०७१ | ३०२३९९ | १००३४२ | ३३.१८ | १०२९३९ | ९१९२५ | ८९.३० | १:२.७ |

*स्रोतः शिक्षा मन्त्रालय, २०७२*

माथिको तालिकामा सामुदायिक विद्यालयबाट एस.एल.सी. परीक्षामा सम्मिलित भएका छात्र र छात्राको संख्या पाँच बर्षभरी उतारचढाव भएको देखिन्छ भने संस्थागत विद्यालयमा २०६७ सालदेखि नै क्रमशः बढीरहेको देखिएको छ । यसबाट विद्यालयस्तरको शिक्षामा सामुदायिक विद्यालयमाभन्दा संस्थागत विद्यालयमा विद्यार्थीको प्रवाह बढ्दै गएको देखिन्छ। २०६७ सालदेखि २०७१ सालसम्म एस.एल.सी. परीक्षामा सम्मिलित कूल परीक्षार्थीमध्ये सामुदायिक विद्यालयका परीक्षार्थी क्रमशः ७८.४२, ७७.९५, ७६.६२, ७५.८३ र ७४.६० प्रतिशत रहेको पाइन्छ ।[५] यसबाट समग्रमा सामुदायिक विद्यालयबाट एस.एल.सी. परीक्षामा सम्मिलित हुने विद्यार्थी प्रत्येक बर्ष करिब एक प्रतिशत घट्दै गएको र संस्थागत विद्यालयमा करिब एक प्रतिशतले बढ्दै गएको देखिन्छ । सामुदायिक विद्यालयमा सरकारको तर्फबाट बढ्दै गएको लगानीको सदुपयोग गरी एस.एल.सी. वा विद्यालयस्तरको शिक्षा पार गर्ने नतिजामा संख्यात्मक र गुणात्मक सुधार ल्याउनको लागि विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

## ४.६ विद्यालयको संख्या

शिक्षा मन्त्रालयको प्रतिवेदन अनुसार नेपालमा कक्षा १ देखि १२ सम्म पढाइ हुने जम्मा ३५,२२३ विद्यालयहरू छन् । जसमध्ये २९,६३० सामुदायिक र ५,५९३ निजी विद्यालयहरू रहेका छन् ।[६]

5 *Nepal Education in Figures 2014*, Educational Information Management System (EIMS), Monitoring, Evaluation and Supervision Division, Ministry of Education, Government of Nepal.

6 *Ibid.*

यसैगरी उच्च माध्यमिकस्तरमा २६४८ सामुदायिकस्तरबाट र ९४८ निजीस्तरबाट गरी जम्मा ३५९६ वटा विद्यालय रहेका छन् ।

**तालिका ३३: विद्यालयको संख्या**

| | **जम्मा** | **सामुदायिक** (%) | **निजी** (%) |
|---|---|---|---|
| तह १ देखि १२ सम्मका विद्यालयहरू | ३५,२२३ | २९,६३० (८४.१) | ५,५९३ (१५.९) |
| उच्च माध्यमिक विद्यालय | ३,५९६ | २६,४८ (७३.६) | ९४८ (२६.४) |

*स्रोतः शिक्षा मन्त्रालय, २०७२*

उच्च माध्यमिकस्तरमा निजीक्षेत्रबाट सञ्चालन गरिएका विद्यालयको प्रतिशत बढी देखिन्छ ।

विद्यार्थी भर्ना कक्षा १ देखि १२ सम्मका विद्यालयहरूमा जम्मा ७५,४२,३९३ रहेका छन् । जसमा बालिकाको संख्या ३८,२२,५८० रहेको छ भने बालकाको संख्या ३७,१९,८१३ रहेको छ । यस तथ्याङ्क अनुसार विद्यालयमा भर्ना हुने बालकभन्दा बालिकाको संख्या बढी देखिएको छ ।[७]

नेपालभरिका कक्षा १ देखि १२ सम्म अध्यापनहुने विद्यालयहरुमा शिक्षकको कूल संख्या २,९२,८४५ रहेकोमा पुरुषको संख्या १,९२,३९९ र महिलाको संख्या १,००,४४६ रहेको छ ।

देशभरमा कक्षा १ दखि कक्षा १२ सम्म पढाइहुने सम्पूर्ण धार्मिक विद्यालयहरूको तथ्याङ्क अनुसार मदरसाको संख्या ७३५, गुम्बाको संख्या ७६ र आश्रमको संख्या ६८ रहेको देखिन्छ ।[८] शिक्षा विभागको २०७१ को प्रतिवेदन अनुसार प्राथमिक, निम्न माध्यामिक र आधारभूत तहमा मदरसाको संख्या ७४५, गुम्बाको संख्या ७८ र आश्रम/गुरुकूलको संख्या ७२ रहेको देखाएको छ ।[९]

7 *Nepal Education in Figures 2014*, Educational Information Management System (EIMS), Monitoring, Evaluation and Supervision Division, Ministry of Education, Government of Nepal.

8 शिक्षा विभाग, २०१४ (२०७०)

9 Flash 1 Report 2071 (2014-15) p. 21

## ४.७ बालबालिकाको मनोरञ्जन, खेल र साँस्कृतिक क्रियाकलापमा सहभागिता

बालबालिकाको समग्र विकासकालागि मनोरञ्जन, खेल र साँस्कृतिक क्रियाकलापमा सहभागिता हुनु अत्यन्तै आवश्यक हुन्छ । नेपालभरका विद्यालयहरूमा मनोरञ्जन, खेल र साँस्कृतिक क्रियाकलापका कार्यक्रमरू हुनेगरेका छन् । विद्यार्थीहरूको शारीरिक तथा मानसिक विकासका लागि विभिन्न खेल, साँस्कृतिक तथा प्राज्ञिक विषयबस्तु तथा क्रियाकलापहरु सञ्चालन गर्ने गरिएको छ । यस्ता क्रियाकलापमा वक्तित्वकला, चित्रकला, हिज्जे, हाजिरीजवाफ, नाचगान, खेलकुद, वक्तृत्वकलाजस्ता विविध प्रतियोगिता हुने गरेको छ। नेपालले १९ बर्ष मुनिको फुटबल र क्रिकेटमा उत्साहजनक सहभागिता जनाएको पाइन्छ।

बालबालिकाको मनोरञ्जनका निमित्त अधिकांश सञ्चार माध्यमहरुमा खासगरी एफएम रेडियो तथा टेलिभिजनहरुमा बाल कार्यक्रमहरु सञ्चालन गर्ने परिपाटी नै बसेको छ भने कतिपय सञ्चार माध्यमहरुमा बालबालिकाकै सहभागितामा कार्यक्रमहरु प्रस्तुत गर्ने क्रम पनि बढ्दो छ। यसैगरी छापा सञ्चार माध्यमहरुमा पनि बालबालिकाका निमित्त स्थान दिइने क्रम उत्साहबर्द्धक छ।

परिच्छेद

५

# बालसहभागिता

## ५.१. परिचय

बालबालिकासँग सरोकार राख्ने बिषय तथा विकास प्रक्रिया र शासनको विभिन्न तहमा उमेर र क्षमताको आधारमा बालबालिकाले बालमैत्री ढङ्गमा जानकारी पाउनु, आफ्ना कुरा राख्न पाउनु र सोलाई उचित मान्यता दिनु समेतका आधारमा अर्थपूर्ण रुपमा सहभागी हुनपाउने अधिकार बालसहभागिता हो। बालसहभागिता बालबालिकाको आधारभूत अधिकार हो। विगत केही वर्षदेखि राष्ट्रिय विकास योजना र बालबालिकासम्बन्धित राष्ट्रिय कार्ययोजना तर्जुमा प्रक्रियामा बालबालिकाको सहभागिता र विचार समायोजनका विषयलाई प्रोत्साहन दिएको पाइन्छ । विद्यालय वा समुदायमा आधारित बालक्लबहरूमार्फत बालबालिका विभिन्न गतिविधिमा सहभागी हुने गरेका छन्। बालबालिकाका यस्ता संस्थाहरूलाई कानुनी मान्यता दिन सर्वोच्च अदालतले सरकारका नाममा आदेशसमेत दिइसकेको छ । बालअधिकारसम्बन्धी महासन्धिका प्रावधानहरू मध्ये बालअधिकारको संरक्षण (धारा ४), बालबालिकाको विचारको सम्मान (धारा १२), अभिव्यक्तिको स्वतन्त्रता (धारा १३), विचार तथा धर्मको स्वतन्त्रता (धारा १४), संगठित हुने स्वतन्त्रता (धारा १५), गोपनीयताको हक (धारा १६), सूचनामा पहुँच (धारा १७) आदि बाल सहभागितासँग सम्बन्धित छन् ।

### ५.२ बालबालिकाको बिचार र अभिव्यक्ति स्वतन्त्रताको स्थिति

नेपालको अन्तरिम संविधान, २०६३ ले विचार र अभिव्यक्तिको स्वत्रन्ततालाई मौलिक हकअन्तर्गत धारा १२(३)(क) मा व्यवस्था गरेको छ। त्यसैगरी धारा १२(३)(घ) मा संघसंस्था खोल्ने स्वतन्त्रता उल्लेख गरेको छ । बालबालिकासम्बन्धी ऐन, २०४८ ले भने विचार र अभिव्यक्तिको स्वत्रन्तता तथा संघसंस्था खोल्ने स्वतन्त्रतालाई समेट्न सकेको छैन । संविधानले दिएका अधिकारहरू नागरिक सबैको हकमा लागुहुने हुँदा नेपालमा बालबालिकाको पनि विचार र अभिव्यक्तिको स्वत्रन्तता तथा संघसंस्था खोल्ने स्वतन्त्रता छ। बालअधिकारसम्बन्धी महासन्धिको अनुमोदनपश्चात् नेपालमा बालसहभागितामा उल्लेख्य बृद्धि भएको छ। बालबालिकाको विचार र भावनालाई कदर गर्ने गरी उनीहरूको सहभागिता घरपरिवार, समाज हुँदै राष्ट्रियस्तरसम्म हुन जरुरी छ ।

नेपालको संविधान, २०७२ को विधेयकमा पनि बालबालिकासित प्रत्यक्ष सम्बन्धित व्यवस्थाहरू परेका छन् । जसअन्तर्गत राज्यका हरेक कानुनी संरचना, नीति, कार्ययोजना र कार्यक्रमहरूमा बालकालिकाको सर्वोत्तम हितको सुनिश्चितता, बालबालिकाको शारीरिक र मानसिक सम्पूर्णताको सम्मान र संरक्षण तथा बालमैत्री न्यायको सुनिश्चितता, बालबालिकाको आधारभूत आवश्यकता र विकासका अवसरहरूमा समान हकको सुनिश्चितता, बालबालिकाकालाई स्वतन्त्रतापूर्वक आफ्नो विचार निर्माण गर्ने, अभिव्यक्त गर्ने र संगठित हुनपाउने हकको सुनिश्चितता गरेको छ। यो विधेयकमा बालबालिकाका हक अधिकारहरूलाई मौलिक हक अन्तर्गत न्यायसम्बन्धी हक (धारा २५), अपराध पीडितको हक (धारा २६), शोषण विरुद्दको हक (धारा ३४), शिक्षासम्बन्धी हक (धारा ३६), स्वास्थ्यसम्बन्धी हक (धारा ४०) मा पाउन सकिन्छ। धारा ४४ मा छुट्टै शीर्षकमा बालबालिकाको हक अधिकार विस्तृत रुपमा उल्लेख गरिएको छ। भाग ४ अन्तर्गत राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत पनि बालबालिकाको हक अधिकारको बारेमा उल्लेख भएको छ।

### ५.३. बालक्लब

बालअधिकारसम्बन्धी महासन्धिको अनुमोदनपश्चात् नेपालमा बालसहभागितामा उल्लेख्य वृद्धि भएको छ । बालबालिकाको सङ्गठित हुने अधिकारको उपभोग गर्दै नेपालमा २२,४५७

सङ्ख्यामा बालबालिकाका समूह, क्लब, बालअधिकार मञ्चहरू क्रियाशील रहेका छन्, जसमा करिब ४ लाख ३१ हजार ९ सय ६० बालबालिका आबद्ध रहेको पाइन्छ । बालबालिकाको सङ्गठित हुने अधिकारलाई स्थापित गर्ने क्रममा जिल्ला प्रशासन कार्यालय, नवलपरासीले जागृति बालक्लब दर्ता नगरिदिएपछि सो सम्बन्धमा परेको रिटमा सर्वोच्च अदालतबाट मिति २०५८/०४/२५ मा उत्प्रेषणयुक्त परमादेश जारी गरी बालबालिकाको सङ्गठित हुन पाउने अधिकारलाई मान्यता दिइएको पाइन्छ ।

बालक्लब व्यवस्थित गर्न केन्द्रीय बालकल्याण समितिले बालसहभागिता निर्देशिका, २०६२ जारी गरेको छ भने जिल्ला बालकल्याण समितिहरूले बालक्लबहरूलाई आबद्धता दिने गरेका छन् । बालबालिकाका निम्ति बन्ने राष्ट्रिय योजना, विभिन्न कार्ययोजनाहरूमा बालबालिकासमेतको विचार भावना र प्रतिक्रियाहरू लिने प्रचलन बढेको छ । विषयगत रूपमा विभिन्न तहमा विभिन्न स्वरूपका बाल भेलाहरू गर्ने, भेलाबाट निस्केका निष्कर्ष राष्ट्रपति, प्रधानमन्त्री, संविधानसभाका अध्यक्षलगायतलाई प्रत्यक्ष भेट गर्दै सम्बन्धित निकायमा पेस गर्ने क्रम पनि बढेको छ । कतिपय गाविस, नगरपालिका, तथा जिविसका वार्षिक परिषद्हरूमा बालबालिकाका प्रतिनिधिहरूलाई पनि सहभागी गराउने क्रम बढ्दै गएको छ । कतिपय जिल्लामा विद्यालय व्यवस्थापन समिति तथा जिल्ला बालकल्याण समिति, जिल्ला/गाउँ बालसंरक्षण तथा संवर्द्धन उप-समितिमा बालबालिकालाई सहभागी गराउँदै लगिएको छ । तर यस्ता गतिविधि नाममात्रकै हुने गरेका छन् । बालबालिकाको वास्तविक सहभागिताको गुणस्तर बृद्धि गर्नेतर्फ ध्यान दिनु जरुरी छ ।

गाउँ-गाउँमा बालबालिकाको सहभागिता, सक्रियता र नेतृत्वमा गठन गरिएका बालक्लबहरूले बालअधिकारसम्बन्धी चेतनामूलक कार्यहरू गरिरहेका छन् । बालक्लबहरूले सञ्चालन गरेका कार्यक्रममा (१) जन्मदर्ता प्रचारात्मक अभियान, (२) विद्यालय भर्ना अभियान, (३) बालश्रम न्यूनीकरण कार्यक्रम (४) बालसहभागिता अभिवृद्धि कार्यक्रम, (५) बालबालिकालाई प्रदान गरिने खोप प्रचार कार्यक्रम, (६) निःशुल्क शिक्षा प्रचारात्मक र प्रवर्द्धनात्मक कार्यक्रम, (७) भयरहित वातावरणमा शिक्षा पाउने अधिकारबारे प्रचारप्रसार, (८) वातावरणीय सुधार कार्यक्रम, (९) अभिभावक चेतना शिक्षा कार्यक्रम र (१०) बालविवाह उन्मूलनसम्बन्धी प्रचारात्मक कार्यक्रम  प्रमुख रहेका छन् ।

आर्थिक बर्ष २०७०/७१ को तथ्याङ्क अनुसार देशभरमा जम्मा १९,४५४ बालक्लब रहेकोमा आर्थिक बर्ष २०७१/२०७२ मा ४० जिल्लाहरुमा ८२६ बालक्लब थप हुन गै जम्मा २२,४५७ पुगेको छ । यी बालक्लवहरुमा जम्मा ४,३१,९६० बालबालिका (२,०१,३०१ बालिका र २,३०,६५९ बालक) सम्लग्न रहेको पाइन्छ। यी बालक्लवहरुमा बालबालिकाले बालअधिकारका विषयहरुको छलफल, चेतना जागरण, अतिरिक्त कार्यकलाप गर्ने जस्ता गतिविधिहरु सञ्चालन गर्ने गरेको पाइन्छ। जिल्ला स्तरमा ३३ वटा, इलाका स्तरमा ५५ वटा र गा.वि.स. तथा नगरपालिका स्तरमा ७३८ बालक्लब सञ्जालहरू रहेका छन् । जसमा २,३६९ वटा बालक्लब जिल्ला स्तरमा, १८४ वटा इलाका स्तरमा र ३,५४० वटा बालक्लब गा.वि.स. तथा नगरपालिका स्तरमा गठन भएका छन् । विस्तृत तथ्यांङ्क अनुसूची ८ मा दिइएको छ ।

### ५.४: बालमैत्री स्थानीय शासन/बालमैत्री गाविस स्थापना कार्यक्रम

बालबालिकाको लागि सुहाउँदो विश्व आजको प्रमुख आवश्यकता हो । यही मर्मलाई दृष्टिगत गरी नेपालमा बालबालिकाको हित र संरक्षण गर्न कानुनी, नीतिगत, संरचनागत र कार्यक्रमगत प्रयासहरु भएका छन् । नेपाल सरकारले बालमैत्री गाउँ विकास समिति तथा बालमैत्री समुदाय निर्माणको अभियानको थालनी गरेको हो। यो अभियानले केही हदसम्म भएपनि बालबालिकाको क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी निकायलाई बालअधिकार सुनिश्चित गर्न वातावरण तयार गरी एकीकृत रुपमा अघि जाने बाटो सहज गरेको छ ।

केन्द्रीय बालकल्याण समितिले बालमैत्री गाविस स्थापना अभियानको रुपमा वि.सं. २०६४ सालमा ८ वटा जिल्लाका ७ गाविस र १ नगरपालिकाबाट सुरु गरी हाल यो अभियान २२ वटा जिल्लामा पुगेको छ। बालबालिकाका सवालमा कार्यरत सरकारी तथा विभिन्न गैरसरकारी संघसंस्थाहरूले यस अवधारणालाई अवलम्बन गरी कार्यक्रम सञ्चालन गरिरहेका छन्। बालमैत्री गाविस स्थापना अभियानलाई सहभागितामूलक ढंगले अधिकारमा आधारित अवधारणाअनुरुप गाविसको अगुवाईमा सञ्चालन गरिएको छ।

वि.सं. २०६८ सालमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले बालमैत्री स्थानीय शासन : राष्ट्रिय रणनीति र कार्यान्वयन कार्यविधि २०६८ लागू गरी बालमैत्री गाविस/नगरपालिका स्थापनाका लागि ६० जिल्लामा ४४ वटा नगरपालिका र १०५६ गाविसमा कार्य भइरहेको छ।

मन्त्रालयको संयोजकत्वमा भइरहेको उक्त कार्यमा पनि केन्द्रीय बालकल्याण समितिको सहकार्य र समन्वयकारी भूमिका रहेको छ ।

केन्द्रीय बालकल्याण समितिले बालमैत्री गाविस स्थापना कार्यमा निम्न भूमिका निर्वाह गरिरहेको छ :

- बालमैत्री गाविस स्थापना अभियानमा केन्द्रस्तर, जिल्ला बालकल्याण समिति र गाउँ बालसंरक्षण समितिलाई प्राविधिक सहयोग गर्ने ।
- बालमैत्री गाविस अभियानको अवधारणाबारे सरोकारवाला निकायहरूलाई स्पष्ट पार्ने र सोको प्रवर्द्धनका लागि आवश्यक निर्देशन र सल्लाह सुझाव दिने ।
- बालमैत्री गाविस स्थापनाका लागि आवश्यक श्रोतको खोजी गरी त्यसको परिचालन गर्ने/गराउने ।
- बालमैत्री गाविस स्थापनाका लागि प्रचारप्रसार गर्ने, सूचनामूलक सामाग्रीको प्रकाशन गर्ने र नीतिगत परिवर्तनका लागि आवश्यक पहल गर्ने ।
- बालमैत्री गाविस स्थापना अभियानअन्तर्गत सञ्चालित कार्यक्रमहरूको अनुगमन र मूल्याङ्कन गर्ने

केन्द्रीय बालकल्याण समितिले बालमैत्री गाविस स्थापना गर्ने अभियानमा विभिन्न समस्या तथा चुनौतीहरू पार गरी केही महत्वपूर्ण प्रगतिहरू हासिल गरेको छ । मोरङ्ग जिल्लाको तेतरिया गाविस बालमैत्री गाविस घोषणातिर उन्मुख भएको छ। गाविसको अगुवाई तथा स्थानीयवासी र संघसंस्थाको सक्रिय सहभागितामा तेतरिया गाविसले केही सूचकहरू सतप्रतिशत तथा अन्य ८० प्रतिशतभन्दा माथि पूरा गरिसकेको छ। मकवानपुर, कञ्चनपुर, बाँके र रौतहट जिल्लाको क्रमशः फाखेल, दोधारा, परसपुर र गेडहीगुठी गाविसलाई बालमैत्री गाविसको रुपमा घोषणा गर्नका लागि हालसम्म ती गाविसहरूमा भएका गतिविधी र प्रयासहरूको समीक्षा गर्दै ३ वर्षभित्र घोषणा गर्ने रणनैतिक योजना समेत निर्माण गरिएको छ। त्यस्तै, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयद्वारा लागू गरिएको बालमैत्री स्थानीय शासनः राष्ट्रिय रणनीति र कार्यविधि २०६८ र केन्द्रीय बालकल्याण समितिको बालमैत्री गाविस स्थापना अभियान कार्यक्रमका सूचकहरूलाई संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको नेतृत्वमा समिति गठन गरी परिमार्जन गरिएको

छ । बालमैत्री गाविस स्थापना अभियानलाई अझै प्रभावकारी रुपमा अगाडि बढाई धेरैभन्दा धेरै गाविसहरुलाई बालमैत्री गाविसका रुपमा रुपान्तरण गर्ने लक्ष्यसहित केन्द्रीय बालकल्याण समिति अगाडि बढीरहेको छ ।

केन्द्रीय बालकल्याण समितिले बालमैत्री गाविस बनाउनका लागि छनौट गरेका गाविसहरुको विवरण तालिका ३४ मा दिइएको छ ।

**तालिका ३४: केन्द्रीय बालकल्याण समितिले बालमैत्री गाविस बनाउनका लागि छनौट गरेका गाविसहरुको विवरण**

| क्र.सं. | जिल्ला | गाविस/नपाको नाम |
|---|---|---|
| १ | इलाम | गोदक गाविस |
| २ | मोरङ | तेत्तरिया गाविस |
| ३ | सुनसरी | इनरुवा नगरपालिका |
| ४ | रौतहट | गेडहीगुठी गाविस |
| ५ | बारा | महेशपुर गाविस |
| ६ | मकवानपुर | फाखेल गाविस |
| ७ | बाँके | परसपुर गाविस |
| ८ | कञ्चनपुर | दोधारा गाविस |
| ९ | धनकुटा | घोर्लिखर्क गाविस |
| १० | कास्की | शारदीखोला गाविस |
| ११ | चितवन | मंगलपुर गाविस |
| १२ | रुपन्देही | हाटीर्फसाटिकर गाविस |
| १३ | अर्घाखाची | वाङला गाविस |
| १४ | सिन्धुली | हर्साही गाविस |
| १५ | पर्सा | पर्सौनी बिर्ता गाविस |
| १६ | हुम्ला | लाली गाविस |
| १७ | बाग्लुङ | तित्याङ गाविस |
| १८ | पर्वत | चित्रे गाविस |
| १९ | म्याग्दी | भकिम्ली गाविस |
| २० | दाङ | सौडियार गाविस |
| २१ | बर्दिया | धधवार गाविस |
| २२ | कैलाली | पथरैया गाविस |

अनुसूची १

# सन्दर्भ सामग्री


- कार्यालय अभिलेख, केन्द्रीय बालकल्याण समिति, ललितपुर २०७२ ।
- कार्यालय अभिलेख, कारागार व्यवस्थापन विभाग, २०७२ ।
- कार्यालय अभिलेख, बालन्याय समन्वय समितिको सचिवालय, केन्द्रीय बालकल्याण समिति, ललितपुर, २०७२ ।
- कार्यालय अभिलेख, नेपाल प्रहरी प्रधान कार्यालय, महिला तथा बालबालिका निर्देशनालय २०७२ ।
- कार्यालय अभिलेख, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय २०७२ ।
- केन्द्रीय बालकल्याण समितिद्वारा प्रकाशित विभिन्न प्रतिवेदनहरु, पुस्तक तथा प्रकाशनहरू, केन्द्रीय बालकल्याण समिति ।
- धर्मपुत्र, धर्मपुत्रीसम्बन्धी बार्षिक अभिलेख, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय, २०७० ।
- धर्मपुत्र, धर्मपुत्रीसम्बन्धी वार्षिक प्रतिवेदन २०७०, केन्द्रीय बालकल्याण समिति ।
- नेपाल जनसङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०११, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ।
- नेपाल जीवनस्तर सर्वेक्षण, २०१०/११, केन्द्रीय तथ्याङ्क विभाग, २०११ ।
- नेपालका बालबालिकाको अवस्था वार्षिक प्रतिवेदन, २०१२, राष्ट्रिय मानव अधिकार आयोग।
- नेपालका बालबालिकाको स्थिति प्रतिवेदनहरू, केन्द्रीय बालकल्याण समिति ।
- नेपाल बालश्रम प्रतिवेदन, २०१२ केन्द्रीय तथ्याङ्क विभाग/आइएलओ ।
- पञ्जीकरण (व्यक्तिगत घटना दर्ता) प्रतिवेदन, २०६९, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, जनसंख्या तथा पञ्जीकरण व्यवस्थापन शाखा ।

- बालअधिकार अनुगमन सूचकाङ्क फाराम (जिल्लागत) २०७२, केन्द्रीय बालकल्याण समिति ।
- बालबालिकासम्बन्धी कानुन (राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका प्रमुख व्यवस्था), केन्द्रीय बालकल्याण समिति, ललितपुर ।
- बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ ।
- बालसंरक्षण २०१०, केन्द्रीय बालकल्याण समिति, बालअधिकार अध्ययन प्रतिष्ठान ।
- बाल सुधार गृहसम्बन्धी कार्यालय अभिलेख २०७१, युसेप नेपाल, भक्तपुर ।
- बाल हेल्पलाइन १०९८ को प्रारम्भिक प्रतिवेदन, २०७०/७१ केन्द्रीय बालकल्याण समिति ।
- बालबालिकाकालागि राष्ट्रिय कार्ययोजना नेपाल, २०६१/६२-२०७१/७२ ।
- बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप २०६७, शिक्षा विभाग, नेपाल सरकार शिक्षा मन्त्रालय ।
- बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति र बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०६८, नेपाल सरकार स्थानीय विकास मन्त्रालय ।
- मानव अधिकार वर्ष पुस्तक, २०१५, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ।
- राष्ट्रिय जनगणनाको प्रतिवेदन २०६८, केन्द्रीय तथ्याङ्क विभाग ।
- वार्षिक प्रतिवेदन, २०७१/०७२, बालबालिका खोजतलास तथा समन्वय केन्द्र ।
- विभिन्न प्रतिवेदनहरू, राष्ट्रिय एड्स तथा यौन रोग केन्द्र, टेकु ।
- वार्षिक विकास कार्यक्रम (२०७१/७२), राष्ट्रिय योजना आयोग ।
- सुरक्षित गर्भपतनसम्बन्धी राष्ट्रिय नीति, २०६०, परिवार स्वास्थ्य महाशाखा, स्वास्थ्य सेवा विभाग, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ।
- स्वास्थ्य सेवा विभागको वार्षिक प्रतिवेदन २०६९/०७, २०७०/७१ (२०१३/१४), स्वास्थ्य सेवा विभाग, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ।
- *Annual Report*, Department of Health, 2013/14 (2070/071).
- Central Bureau of Statistics, 2014.
- *Child Marriage in Nepal*, Plan Nepal, 2012.

- *Flash I Report*, *2012/2013, 2013/14, 2014/15*, Department of Education, Nepal Government, Ministry of Education.
- *Hard Drug Users in Nepal Some Statistical Facts*: 2063, Planning commission and Central Bureau of Statistics, 2008.
- *National Early Grade Reading Program 2014/15 – 2019/20*, Program Document, Ministry of Education, 2014.
- *NEPAL - Disabled Population 2011*, Central Bureau of Statistics, 2011.
- *Nepal Education in Figures2014*, Educational Information Management System (EIMS) MonitoringEvaluation and Supervision Division, Ministry of Education, Government of Nepal.
- *Nepal Fact Sheet*, September 2014, UNHCR.
- *Nepal Labour Market Update*, ILO, 2014.
- *Nepal Multiple Indicator Cluster Survey 2014Key Findings*, National Planning Commission and UNICEF.
- *Population Monograph of Nepal, 2014*
- *Situation of Child Care Homes in Nepal, 2014*. Central Child Welfare Board.
- *State of the World's Children 2015 Country Statistical Information 2015,* UNICEF.

**अनुसूची १**

## बालगृह र तिनमा आश्रित बालबालिकाको जिल्लागत तथ्यांङ्क

### बालगृहको विवरण

| क्र.स. | जिल्ला | विकाश क्षेत्र | बालगृह संख्या | संरक्षित बालक | संरक्षित बालिका | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | संखुवासभा | पूर्वाञ्चल | ६ | १९ | २३ | ४२ |
| २ | सप्तरी | पूर्वाञ्चल | १ | १९ | ० | १९ |
| ३ | इलाम | पूर्वाञ्चल | १ | १९ | २ | २१ |
| ४ | उदयपुर | पूर्वाञ्चल | १ | १९ | ४ | २३ |
| ५ | झापा | पूर्वाञ्चल | ६ | १९ | ४५ | ६४ |
| ६ | मोरङ | पूर्वाञ्चल | ४ | १९ | ४८ | ६७ |
| ७ | धनकुटा | पूर्वाञ्चल | १ | १९ | ६ | २५ |
| ८ | सिराहा | पूर्वाञ्चल | १ | १९ | ५ | २४ |
| ९ | सुनसरी | पूर्वाञ्चल | ५ | १९ | ९६ | ११५ |
| १० | चितवन | मध्यमाञ्चल | ३० | ४७७ | ५७० | १०४७ |
| ११ | दोलखा | मध्यमाञ्चल | १ | ८ | ० | ८ |
| १२ | पर्सा | मध्यमाञ्चल | ५ | १३२ | ० | १३२ |
| १३ | सर्लाही | मध्यमाञ्चल | ५ | ५३ | ४४ | ९७ |
| १४ | महोत्तरी | मध्यमाञ्चल | १ | १८ | १२ | ३० |
| १५ | सिन्धुली | मध्यमाञ्चल | ३ | ६५ | ६२ | १२७ |
| १६ | बारा | मध्यमाञ्चल | १ | ८ | ८ | १६ |
| १७ | धादिङ | मध्यमाञ्चल | ८ | १४३ | ११० | २५३ |
| १८ | काठमाडौ | मध्यमाञ्चल | २०१ | २९३३ | ३३२१ | ६२५४ |
| १९ | रौतहट | मध्यमाञ्चल | १ | २२ | ३ | २५ |
| २० | सिन्धुपाल्चोक | मध्यमाञ्चल | ४ | ४८ | ४२ | ९० |
| २१ | मकवानपुर | मध्यमाञ्चल | १० | १४१ | ११७ | २५८ |
| २२ | काभ्रे | मध्यमाञ्चल | ११ | १४८ | १९४ | ३४२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २३ | भक्तपुर | मध्यमाञ्चल | २२ | ४२० | २८६ | ७०६ |
| २४ | धनुषा | मध्यमाञ्चल | १ | २ | ६ | ८ |
| २५ | ललितपुर | मध्यमाञ्चल | १३० | १४२७ | १६४१ | ३०६८ |
| २६ | नुवाकोट | मध्यमाञ्चल | १ | २९ | १२ | ४१ |
| २७ | लमजुङ | पश्चिमाञ्चल | २ | १३ | १८ | ३१ |
| २८ | पाल्पा | पश्चिमाञ्चल | १ | १५ | १४ | २९ |
| २९ | कपिलवस्तु | पश्चिमाञ्चल | १ | २२ | ० | २२ |
| ३० | म्याग्दी | पश्चिमाञ्चल | १ | ४ | ६ | १० |
| ३१ | तनहुँ | पश्चिमाञ्चल | २ | १२ | १२ | २४ |
| ३२ | कास्की | पश्चिमाञ्चल | ५९ | ६८७ | ७६९ | १४५६ |
| ३३ | नवलपरासी | पश्चिमाञ्चल | ३ | १२२ | ९३ | २१५ |
| ३४ | रुपन्देही | पश्चिमाञ्चल | ८ | १७० | १२२ | २९२ |
| ३५ | सुर्खेत | मध्यपश्चिमाञ्चल | ५ | १४७ | १५६ | ३०३ |
| ३६ | दैलेख | मध्यपश्चिमाञ्चल | १ | २ | ३ | ५ |
| ३७ | हुम्ला | मध्यपश्चिमाञ्चल | ४ | २० | ७६ | ९६ |
| ३८ | बाँके | मध्यपश्चिमाञ्चल | १० | १२७ | ८८ | २१५ |
| ३९ | दाङ | मध्यपश्चिमाञ्चल | ३ | २०४ | २५६ | ४६० |
| ४० | बर्दिया | मध्यपश्चिमाञ्चल | २ | ५३ | ३२ | ८५ |
| ४१ | जुम्ला | मध्यपश्चिमाञ्चल | १ | ० | १२ | १२ |
| ४२ | कैलाली | सुदूरपश्चिमाञ्चल | ७ | ५२ | ६९ | १२१ |
| ४३ | अछाम | सुदूरपश्चिमाञ्चल | १ | १२ | ६ | १८ |
| ४४ | कञ्चनपुर | सुदूरपश्चिमाञ्चल | ५ | ८२ | २२ | १०४ |
| **जम्मा** | | | ५७७ | ७९८९ | ८४११ | १६४०० |

*स्रोतः केबाकस, २०७२*

## अनुसूची २ (क)

### काठमाडौं उपत्यकामा रहेका सडक बालबालिकाको अनुमानित विवरण

| क.स. | क्षेत्र | सडकमा भेटिने जम्मा संख्या | | १५ वर्षमुनिको जम्मा संख्या अनुमानित |
|---|---|---|---|---|
| | | न्यूनतम | अधिकतम | |
| १ | गौशला, पशुपति, चावहिल र तिलगंगा | ६० | ८० | २० |
| २ | बौद्ध र जोरपाटी | १५ | २० | ८ |
| ३ | चक्रपथ, महाराजगञ्ज | ३ | ५ | २ |
| ४ | नयाँ बसपाक | ५ | ८ | ४ |
| ५ | स्वयम्भु | १० | १२ | ३ |
| ६ | कलंकी | १० | १२ | १० |
| ७ | बल्खु | ५ | ७ | ६ |
| ८ | लगनखेल, पाटन, जावलाखेल, महालक्ष्मीस्थान | १० | २० | ५ |
| ९ | बंगलामुखि | ५ | १० | ३ |
| १० | कालिमाटी, त्रिपुरेश्वर, टेकु | १० | १५ | १३ |
| ११ | बसन्तपुर | २१ | २५ | १२ |
| १२ | कोटेश्वर, नरेफाँट, जडिबुटी पारी | ६ | ६ | ० |
| १३ | बानेश्वर | ४ | ६ | ५ |
| १४ | कीर्तिपुर पाँगा (मिल पछाडि) | ५ | ७ | ५ |
| १५ | ठमेल, ज्याँठा चौर | २५ | ३० | ७ |
| १६ | बीर हस्पिटल, सुन्धारा, महांकाल | १२ | १५ | ५ |
| १७ | जमल, दरवारमार्ग, बागबजार, ज्यापुबारी, कमलादी, गणेशस्थान | १५ | १७ | ५ |
| १८ | सोह्रखुट्टे | १३ | ७ | ६ |
| १९ | भक्तपुर दरबार क्षेत्र | १३ | १५ | १४ |
| २० | रामघाट | १० | १५ | ० |
| | **जम्मा** | १८४ | २०० | १०६ |

*स्रोतः केबाकस, २०७२*

**अनुसूची २ (ख)**

## संस्थाको नाम, प्रकृति र बालबालिका राख्ने क्षमता तथा आश्रित बालबालिकाको संख्या

| क्रस | संस्था | जिल्ला | बालबालिका संख्या | | | | | जम्मा क्षमता | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ड्रप इन सेन्टर | | सामाजिक केन्द्र | | सीप विकास केन्द्रमा | ड्रप इन सेन्टर | | सामाजिक केन्द्र | | सीप विकास केन्द्रमा |
| | | | बालक | बालिका | बालक | बालिका | | बालक | बालिका | बालक | बालिका | |
| १ | सिपिसियस | काठमाडौं | २५ | - | ५९ | ३४ | - | २५ | ६० | ६० | ४० | - |
| २ | एपिसी | काठमाडौं | २५ | - | ९ | - | १० | ३० | १० | २० | - | १५ |
| ३ | खुशी | काठमाडौं | - | - | - | - | ४ | - | - | - | - | ४ |
| ४ | साथसाथ | काठमाडौं | | - | - | - | ५ | - | - | - | - | १८ |
| ५ | हर्ट विट | काठमाडौं | १५ | - | - | - | - | २० | - | - | - | - |
| ६ | सिविन | काठमाडौं | - | - | - | - | - | - | २० | - | - | - |
| ७ | करुणा नेपाल | ललितपुर | ७ | - | - | - | - | १५ | - | - | - | - |
| ८ | बाल वातावरण केन्द्र, नेपाल | काठमाडौं | - | - | २७ | २३ | - | - | - | ३० | ३० | १० |
| ९ | भिओसी | ललितपुर | २१ | - | - | ४५ | ४१ | ३० | - | ५० | १०० | ४५ |
| १० | साथी | ललितपुर | ४० | ४० | - | - | - | ४० | ४० | १० | ८० | - |
| ११ | विग अम्ब्रेला | काठमाडौं | - | - | १४ | - | - | - | - | १४ | २० | - |
| १२ | आश्रय सेल्टर | काठमाडौं | - | - | २१ | - | - | - | - | ५० | - | - |
| १३ | इन्द्रेणी | काठमाडौं | - | - | - | १६ | - | - | - | - | २० | - |
| १४ | जस्ट वान | काठमाडौं | - | - | ७ | २ | - | - | ६ | ७ | २ | - |
| १५ | रोक्पा | काठमाडौं | - | - | १५ | - | - | - | - | २० | - | - |
| जम्मा | | | १३३ | ४० | १५२ | १२० | ६० | १६० | १३६ | २६१ | २९२ | ९२ |

*स्रोतः केबाकस, २०७२*

अनुसूची ३

## थुना तथा कारागारमा कैदी बन्दीका आश्रितको संख्या

०७२ साल असारमसान्त सम्मको कैदी वन्दीको विवरण

| क्रसं. | जिल्ला | पुरुष | महिला | जम्मा | आश्रित | विदेशी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | ताप्लेजुङ | १०३ | ० | १०३ | १ | १ | |
| | पांचथर | १३९ | १९ | १५८ | २ | ० | |
| | इलाम | २७४ | ३१ | ३०५ | ३ | ५ | |
| | झापा | ६८९ | ६६ | ७५५ | ११ | १०९ | |
| | संखुवासभा | १०२ | १६ | ११८ | २ | ० | |
| | तेह्रथुम | ७७ | ० | ७७ | १ | ० | |
| | भोजपुर | ६२ | ८ | ७० | ० | ० | |
| | धनकुटा | ५९ | ८ | ६७ | ० | ० | |
| | मोरङ | ६४० | ७९ | ७१९ | ४ | ५६ | |
| | क्षेत्रीय कारागार झुम्का, सुनसरी | १३२२ | ० | १३२२ | ० | ५१ | |
| | सोलुखुम्वु | ७५ | ६ | ८१ | ० | ० | |
| | ओखलढुङ्गा | ४४ | १० | ५४ | १ | ० | |
| | खोटाङ्ग | १०३ | १३ | ११६ | ० | ० | |
| | उदयपुर | ११४ | ८ | १२२ | २ | ० | |
| | सप्तरी | २५२ | १७ | २६९ | ० | १६ | |
| | सिराहा | २८० | १६ | २९६ | २ | ११ | |
| | दोलखा | ६९ | १ | ७० | ० | ० | |
| | रामेछाप | २४० | २१ | २६१ | २ | ८ | |
| | सिन्धुली | ८८ | ७ | ९५ | ० | २ | |
| | महोत्तरी | ३२६ | ३३ | ३५९ | ३ | २८ | |
| | रसुवा | ९० | ० | ९० | ० | ३ | |
| | काभ्रेपलाञ्चोक | १९२ | ० | १९२ | ० | २ | |
| | धादिङ्ग | १४४ | १६ | १६० | ० | ४ | |
| | काठमाडौ (जगन्नाथदेवल) | २१४४ | ३१३ | २४५७ | १३ | १९४ | |
| | डिल्लीबजार | ६४६ | ० | ६४६ | ० | ३१ | |
| | ललितपुर(नख्खु) | ५८९ | ० | ५८९ | ० | ६० | |
| | नुवाकोट | १५८ | १६ | १७४ | १ | ० | |
| | पर्सा | १०३६ | ७० | ११०६ | ३ | १८१ | |
| | मकवानपुर (भिमफेदी) | ५६० | ० | ५६० | ० | ४३ | |
| | चितवन | ५१८ | ४६ | ५६४ | १ | ४ | |
| | रौतहट | १२८ | ७ | १३५ | १ | १२ | |
| | कास्की | ५०१ | ६३ | ५६४ | ५ | १५ | |
| | तनहूँ | ९६ | ० | ९६ | ० | १ | |
| | लमजुङ | ६७ | ८ | ७५ | ० | ० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | गोरखा | ९९ | १४ | ११३ | २ | २ | |
| | मनाङ | १४ | ० | १४ | ० | ० | |
| | स्याङजा | ९६ | १० | १०६ | ३ | १ | |
| | रुपन्देही | ३८४ | ० | ३८४ | ० | २१ | |
| | कपीलवस्तु | १९७ | ० | १९७ | ० | १० | |
| | नवलपरासी | १२४ | ८ | १३२ | ४ | १३ | |
| | पाल्पा | ३४७ | ८२ | ४२९ | ८ | १९ | |
| | गुल्मी | ६७ | ८ | ७५ | २ | ० | |
| | अर्घाखाँची | २५ | १ | २६ | ० | ० | |
| | पर्वत | ६० | ५ | ६५ | ० | २ | |
| | म्याग्दी | ८६ | ४ | ९० | ० | २ | |
| | मुस्ताङ | ७ | १ | ८ | ० | ० | |
| | बाग्लुङ | ७५ | १२ | ८७ | १ | ० | |
| | दाङ (घोराही) | १५९ | ० | १५९ | ० | ३ | |
| | दाङ (तुलसीपुर) | १६० | २४ | १८४ | १ | ४ | |
| | रुकुम | ६३ | १० | ७३ | २ | ० | |
| | सल्यान | ६६ | १० | ७६ | ० | ० | |
| | प्युठान | ५६ | १४ | ७० | ० | ० | |
| | रोल्पा | ६९ | ८ | ७७ | २ | ० | |
| | बाँके | ५०० | ४० | ५४० | ४ | ६१ | |
| | बर्दिया | २०० | १२ | २१२ | १ | ८ | |
| | सुर्खेत | १३३ | २० | १५३ | १ | १ | |
| | दैलेख | ११२ | ५ | ११७ | ० | ० | |
| | जाजरकोट | ४६ | ० | ४६ | ० | ० | |
| | जुम्ला | १९ | २ | २१ | ० | ० | |
| | कालिकोट | ३८ | ४ | ४२ | १ | ० | |
| | हुम्ला | ४ | १ | ५ | ० | ० | |
| | डोल्पा | २३ | ० | २३ | ० | ० | |
| | बझाङ | ४३ | ० | ४३ | ० | ० | |
| | बाजुरा | ३९ | ० | ३९ | ० | ० | |
| | डोटी | ३७ | ० | ३७ | ० | २ | |
| | कैलाली | ३२६ | ३५ | ३६१ | ३ | ३१ | |
| | अछाम | ४० | ५ | ४५ | १ | १ | |
| | दार्चुला | ४६ | ४ | ५० | ० | १ | |
| | बैतडी | ४७ | ० | ४७ | ० | ० | |
| | डडेलधुरा | ४१ | ५ | ४६ | १ | १ | |
| | कञ्चनपुर | १८६ | ९ | १९५ | ० | ११ | |
| | **जम्मा** | १५९६१ | १२५१ | १७२१२ | ९५ | १०३१ | |

*स्रोतः कारागार व्यवस्थापन विभाग, २०७२*

अनुसूची ४

## २०७१ मा विभिन्न जिल्लामा जन्मदर्ता भएका बालबालिकाको संख्या

| क्र.स. | जिल्लाको नाम | जन्म दर्ता | | |
|---|---|---|---|---|
| | | बालिका | बालक | जम्मा |
| १ | ताप्लेजुङ्ग | ४०६७ | ४३३९ | ८४०६ |
| २ | पाँचथर | ३१६८ | ३५३४ | ६७०२ |
| ३ | इलाम | ४२५६ | ४६४८ | ८९०४ |
| ४ | झापा | १४७६३ | १५६७२ | ३०४३५ |
| ५ | संखुवासभा | ३७१२ | ४०५४ | ७७६६ |
| ६ | तेह्रथुम | २००२ | २०८१ | ४०८३ |
| ७ | भोजपुर | ४७०९ | ४९१२ | ९६२१ |
| ८ | धनकुटा | २९०५ | ३०३५ | ५९४० |
| ९ | मोरङ्ग | १४४१९ | १५९५७ | ३०३७६ |
| १० | सुनसरी | १०२६३ | ११२१६ | २१४७९ |
| ११ | सोलुखुम्बु | १४८६ | १५५० | ३०३६ |
| १२ | खोटाङ्ग | २६५३ | २६५६ | ५३०९ |
| १३ | ओखलढुङ्गा | १७६३ | १८४३ | ३६०६ |
| १४ | उदयपुर | ५७६७ | ६३५७ | १२१२४ |
| १५ | सप्तरी | ७५२५ | ९४७३ | १६९९८ |
| १६ | सिराहा | १००६४ | १२६१३ | २२६७७ |
| १७ | दोलखा | २०२९२ | २०९२१ | ४१२१३ |
| १८ | रामेछाम | ६८८२ | ७३६७ | १४२४९ |
| १९ | सिन्धुली | ४४३५ | ४४५८ | ८८९३ |
| २० | धनुषा | ८३७० | ९९४२ | १८३१२ |
| २१ | महोत्तरी | ६०३८ | ७१५४ | १३१९२ |
| २२ | सर्लाही | ७५१७ | ८७३२ | १६२४९ |
| २३ | रसुवा | ४३३ | ४२४ | ८५७ |
| २४ | धादिङ्ग | ७४४८ | ७६४८ | १५०९६ |
| २५ | नुवाकोट | ५७३३ | ६१८१ | ११९१४ |

| | | | | |
|---|---|---|---|---|
| २६ | काठमाडौं | ६०६० | ६९३७ | १२९९७ |
| २७ | भक्तपुर | २६१८ | २७५७ | ५३७५ |
| २८ | ललितपुर | ३५०८ | ३६४८ | ७१५६ |
| २९ | काभ्रेपलाञ्चोक | ७४५९ | ७५५६ | १५०१५ |
| ३० | सिन्धुपाल्चोक | ३५९३ | ३६९४ | ७२८७ |
| ३१ | मकवानपुर | ३७४९ | ३८६१ | ७६१० |
| ३२ | रौतहट | ४८५४ | ५६६९ | १०५२३ |
| ३३ | बारा | ४५६७ | ६६०३ | ११३७० |
| ३४ | पर्सा | ० | ० | ० |
| ३५ | चितवन | ७२८० | ८०२५ | १५३०५ |
| ३६ | गोर्खा | ५३४६ | ५००३ | १०३४९ |
| ३७ | मनाङ्ग | १०२ | ८८ | १९० |
| ३८ | लमजुङ्ग | ३८४८ | ४१३७ | ७९८५ |
| ३९ | कास्की | ५८२१ | ६२३८ | १२०५९ |
| ४० | तनहुँ | ५१५७ | ५७२८ | १०८८५ |
| ४१ | स्याङ्गजा | ६५३४ | ६९२६ | १३४६० |
| ४२ | गुल्मी | ५३९३ | ४९०२ | १०२९५ |
| ४३ | पाल्पा | ५४७० | ५६०० | ११०७० |
| ४४ | अर्घाखाँची | ४१२७ | ४५९९ | ८७२६ |
| ४५ | नवलपरासी | ८९६७ | ९८७७ | १८८४४ |
| ४६ | रुपन्देही | १३०५२ | १३१०६ | २६१५८ |
| ४७ | कपिलवस्तु | ५८३० | ६४५८ | १२२८८ |
| ४८ | मुस्ताङ्ग | २४९ | २७६ | ५२५ |
| ४९ | म्याग्दी | २६८९ | २८५३ | ५५४२ |
| ५० | बाग्लुङ्ग | ६०१५ | ६९४२ | १२९५७ |
| ५१ | पर्वत | ३१९५ | ३३०७ | ६५०२ |
| ५२ | रुकुम | ५२१७ | ५४५२ | १०६६९ |
| ५३ | रोल्पा | ६५५९ | ६६९५ | १३२५४ |
| ५४ | प्यूठान | ७५०४ | ७३३९ | १४८४३ |
| ५५ | सल्यान | ४९८९ | ५४८३ | १०४७२ |

| | | | | |
|---|---|---|---|---|
| ५६ | दाङ्ग | १२७७३ | १२६७२ | २५४४५ |
| ५७ | डोल्पा | २५५ | २६८ | ५२३ |
| ५८ | मुगु | १८७५ | १७२४ | ३५९९ |
| ५९ | जुम्ला | ३०५४ | ३३३७ | ६३९१ |
| ६० | कालीकोट | ३८२८ | ४१०४ | ७९३२ |
| ६१ | हुम्ला | १३१८ | १४१४ | २७३२ |
| ६२ | जाजरकोट | ३५१५ | ३६८२ | ७१९७ |
| ६३ | दैलेख | ५७२२ | ६१४३ | ११८६५ |
| ६४ | सुर्खेत | ६८८२ | ७९०२ | १४७८४ |
| ६५ | बाँके | ७८५४ | ९१४५ | १६९९९ |
| ६६ | बर्दिया | ७२४० | ८१६९ | १५४०९ |
| ६७ | बाजुरा | ३८०५ | ३७०६ | ७५११ |
| ६८ | अछाम | ११०४३ | ८५०५ | १९५४८ |
| ६९ | बझाङ्ग | ४४६८ | ४९२९ | ९३९७ |
| ७० | डोटी | ५१०७ | ५९३४ | ११०४१ |
| ७१ | कैलाली | १६५३३ | १९०९५ | ३५६२८ |
| ७२ | दार्चुला | २३०९ | २५६४ | ४८७३ |
| ७३ | बैतडी | २३१७ | २२७३ | ४५९० |
| ७४ | डडेलधुरा | ३३८० | ३६३८ | ७०१८ |
| ७५ | कञ्चनपुर | ७८०३ | ८९६० | १६७६३ |
| | **जम्मा** | ४२१५०३ | ४५४६९० | ८७६१९३ |

*स्रोतः संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, २०७२*

## आ.ब. २०७१/७२ मा स्वदेशभित्र ग्रहण गरेको धर्म सन्तानको विवरण

| क्रसं | जिल्ला | संख्या |
|---|---|---|
| १ | नवलपरासी | १ |
| २ | रौतहट | ८ |
| ३ | बाँके | ४ |
| ४ | झापा | ५ |
| ५ | काठमाण्डौं | ९ |
| ६ | सिरहा | २ |
| ७ | मोरङ | ३ |
| ८ | कपिलवस्तु | ५ |
| ९ | ललितपुर | ४ |
| १० | ताप्लेजुङ | १ |
| ११ | सप्तरी | ४ |
| १२ | पर्वत | १० |
| १३ | मकवानपुर | ३ |
| १४ | सर्लाही | २ |
| १५ | तनहुँ | १ |
| | **जम्मा** | ६२ |

*स्रोतः अन्तरदेशीय धर्मपुत्र धर्मपुत्री व्यवस्थापन समिति, २०७२*

## अनुसूची ६

### बीस जिल्लाका सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाको बाबुआमा रहे–नरेको स्थिति

| | | बालक | | | | | | बालिका | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | जिल्ला | दुबै बाबुआमा गुमाएका | बाबु गुमाएका | आमा गुमाएका | दुबै बाबुआमा भएका | बाबुआमा थाहा नभएका | जम्मा | दुबै बाबुआमा गुमाएका | बाब गुमाएका | आमा गुमाएका | दुबै बाबुआमा भएका | बाबुआमा थाहा नभएका | जम्मा | कूल संख्या |
| १ | बझाङ्ग | २८ | २३ | ८१ | ४५८ | २ | ५९२ | १७ | ८ | ५२ | २५३ | २ | ३३२ | ९२४ |
| २ | दैलेख | ३४ | ३३ | १९५ | ८२९ | ४ | १०९५ | २१ | २० | १३६ | ६५१ | ४ | ८३२ | १९२७ |
| ३ | धादिङ्ग | ८ | ५ | ८४ | ९६ | ८ | २०१ | ११ | ६ | ७७ | ८७ | ५ | १८६ | ३८७ |
| ४ | इलाम | ११ | १६ | ३७ | १२१ | १७ | २०२ | ६ | १६ | ३७ | ७५ | १० | १४४ | ३४६ |
| ५ | लमजुङ्ग | ८ | १० | ११७ | ४५२ | ३ | ५९० | ५ | ७ | ९६ | ३५५ | ४ | ४६७ | १०५७ |
| ६ | रोल्पा | ७५ | ७ | १६३ | ७२ | १२ | ३२९ | ६९ | ११ | १३८ | ७१ | १५ | ३०४ | ६३३ |
| ७ | रुकुम | ३० | १९ | १५२ | २५६ | ० | ४५७ | १५ | ९ | १२३ | २२९ | २ | ३७८ | ८३५ |
| ८ | सप्तरी | २७ | १० | १५१ | ३२६ | ४७ | ५६१ | २५ | १२ | १२१ | १२९ | २३ | ३१० | ८७१ |
| ९ | सिन्धुली | १३ | ७ | ९५ | ४८ | ० | १६३ | १० | २ | ८५ | ३२ | ० | १२९ | २९२ |
| १० | तेह्रथुम | १५ | १४ | ३८ | १६९ | ३ | २३९ | ११ | ९ | २३ | ९८ | १ | १४२ | ३८१ |
| ११ | रौतहट | ९ | ७ | १४५ | १८७ | १३ | ३६१ | ६ | ५ | ७२ | ६२ | ७ | १५२ | ५१३ |
| १२ | ताप्लेजुङ्ग | ३० | २१ | ९५ | २३३ | ५४ | ४३३ | २६ | १४ | ५७ | १३९ | ३२ | २६८ | ७०१ |
| १३ | पाँचथर | ३३ | ५० | ११७ | ७०८ | ८७ | ९९५ | २५ | ४४ | ९७ | ५१७ | ४८ | ७३१ | १७२६ |
| १४ | बर्दिया | ११ | ७ | ९३ | १६१ | ६२ | ३३४ | ७ | ११ | ७४ | ११५ | ७१ | २७८ | ६१२ |
| १५ | सुर्खेत | २० | ११ | २३२ | ७६३ | ४३ | १०६९ | १७ | ९ | १६२ | ५६४ | २० | ७७२ | १८४१ |
| १६ | जुम्ला | ९ | ३४ | १०२ | ४४४ | १५ | ६०४ | ११ | २१ | ६१ | २८४ | १५ | ३९२ | ९९६ |
| १७ | मकवानपूर | १६ | ३ | ८० | १३९ | १६ | २५४ | १८ | ७ | ६२ | ९८ | १३ | १९८ | ४५२ |
| १८ | म्याग्दि | ९ | ८ | ४८ | १४९ | १ | २१५ | ८ | ६ | २६ | ९९ | १ | १४० | ३५५ |
| १९ | कञ्चनपूर | २४ | २८ | २४४ | ५४१ | ५८ | ८९५ | १९ | १७ | १९७ | ३५१ | ३० | ६१४ | १५०९ |
| २० | कपिलवस्तु | ३८ | १ | १३३ | ११४ | ७१ | ३५७ | १५ | १ | ८१ | ५५ | ३९ | १९१ | ५४८ |
| | | ४४८ | ३१४ | २४०२ | ६२६६ | ५१६ | ९९४६ | ३४२ | २३५ | १७७७ | ४२६४ | ३४२ | ६९६० | १६९०६ |

*स्रोतः केबाकस, २०७२*

## जिल्ला अनुसार सामाजिक सुरक्षा भत्ता प्रदान गरिएका बालबालिकाको संख्या, २०७०/७१

| क्र.सं. | जिल्ला | पूर्ण अपाङ्ग | आंशिक अपाङ्ग | लोपोन्मुख आदिवासी/जनजाति | बालबालिका | अति असक्त अपाङ्ग |
|---|---|---|---|---|---|---|
| १ | ताप्लेजुङ्ग | १०९ | ६९ | ० | १३६५ | ३६४ |
| २ | पांचथर | ११ | १५० | ० | ८८६ | ० |
| ३ | इलाम | २४६ | ६५ | ३२३८ | १०६३ | ३१५ |
| ४ | झापा | ८९२ | १३६ | ६६१३ | ३४६३ | ६३४ |
| ५ | संखुवासभा | १४९ | २ | ० | ६२७ | २३८ |
| ६ | तेह्रथुम | १२४ | ७५ | ० | १४१२ | ० |
| ७ | भोजपुर | २०६ | ७५ | २२ | २२८१ | ० |
| ८ | धनकुटा | ३९४ | ६५ | ० | १०९२ | ५३० |
| ९ | मोरङ्ग | १४६१ | १०२ | ० | ९०६१ | ० |
| १० | सुनसरी | ४६४ | १७० | ० | ७८०३ | ५२९ |
| ११ | सोलुखुम्वु | १०४ | ७५ | ० | १९०० | १०५ |
| १२ | खोटाङ्ग | २६५ | ६८ | ० | ४११५ | १२१ |
| १३ | ओखलढुङ्गा | २२६ | ५३ | ० | २४३४ | ३५९ |
| १४ | उदयपुर | ३२४ | ४७ | ३७ | २७९८ | ३१० |
| १५ | सप्तरी | ४९३ | ३२ | ० | १८११७ | २१२ |
| १६ | सिराहा | ४१७ | ९३ | ० | १८७७७ | २२३ |
| १७ | दोलखा | १३९ | ७४ | १९० | १६०६ | ६० |
| १८ | रामेछाप | ६६९ | ७५ | १०२० | २४५३ | ४१२ |
| १९ | सिन्धुली | ५२५ | ७५ | १८८५ | ३७८६ | ० |
| २० | धनुषा | २०३ | १३४ | ८ | १५२३२ | ८५० |
| २१ | महोत्तरी | १८७ | १५० | ० | ८९१७ | ० |
| २२ | सर्लाही | ११८९ | १३४ | १७७ | १७२९७ | १७२ |
| २३ | रसुवा | १८२ | ४३ | ० | १२२ | ० |
| २४ | धादिङ्ग | ५७४ | १०० | ० | ५१०७ | ८२४ |
| २५ | नुवाकोट | ४२७ | ६७ | ० | ४१५६ | ३८९ |
| २६ | काठमाण्डौं | ५०० | ९५ | ० | ६८४ | २२२ |
| २७ | भक्तपुर | १९३ | ४६ | ० | २०९ | ४५ |
| २८ | ललितपुर | २३९ | ६६ | ३ | ३६४ | १७९ |
| २९ | काभ्रेपलान्चोक | ४९५ | ९४ | ६६ | २०२९ | ३४७ |
| ३० | सिन्धुपाल्चोक | ६०५ | ८५ | ० | २२६५ | ४४६ |
| ३१ | मकवानपुर | २८२ | ८६ | ७६ | ११८३ | २०५ |
| ३२ | रौतहट | ८२६ | १५० | १३ | १६७४२ | ० |
| ३३ | वारा | २७३ | १४४ | ११ | ९२८५ | ३८६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३४ | पर्सा | ४६५ | ६९ | ० | १०५१० | ६५५ |
| ३५ | चितवन | ३६१ | ७८ | ० | ३८८२ | ७६९ |
| ३६ | गोरखा | ५१७ | ७४ | ७ | ४७६६ | ६४७ |
| ३७ | मनाङ्ग | २२ | ५० | ० | २२ | २९ |
| ३८ | लमजुङ्ग | २७२ | ७३ | ० | २७५३ | ६१३ |
| ३९ | कास्की | ७७२ | ८४ | ५ | ५१४४ | ३५२ |
| ४० | तनहुं | ४१४ | ९२ | ० | ४१३४ | ३३६ |
| ४१ | स्याङजा | ४१६ | ९९ | ० | ६१०७ | ५०२ |
| ४२ | गुल्मी | ४३९ | ६४ | ० | ७७१५ | ८५० |
| ४३ | पाल्पा | २०१ | ७५ | ६ | ४००८ | ४१९ |
| ४४ | अर्घाखांची | ६९० | ७५ | ० | ५८१२ | ६७३ |
| ४५ | नवलपरासी | ४०९ | १४४ | २३१ | ६८४२ | ७०१ |
| ४६ | रुपन्देही | २३० | ११८ | ३१४ | २५५१ | १४९ |
| ४७ | कपिलवस्तु | २१२ | ९६ | ४०४ | ५३१७ | ५१७ |
| ४८ | मुस्ताङ | ५८ | ४१ | ० | १८२ | ५९ |
| ४९ | म्याग्दी | १२६ | ७५ | ० | ३४७६ | ८१२ |
| ५० | वाग्लुङ्ग | ४३७ | ५८ | ० | १०६८७ | ० |
| ५१ | पर्वत | १८९ | ७४ | ० | ५००८ | ३२० |
| ५२ | रुकुम | ४६५ | ७५ | ० | ९६१८ | ० |
| ५३ | रोल्पा | ४६ | ७४ | ३ | ५७६८ | २०५ |
| ५४ | प्यूठान | १६० | ७२ | ३४ | ७३१६ | ० |
| ५५ | सल्यान | ३७३ | ७५ | ५ | ५४३७ | २१४ |
| ५६ | दाङ्ग | ३४३ | ६८ | १९ | ६५४२ | ७४५ |
| ५७ | डोल्पा | ५७ | ५० | ० | ७७०६ | २९६ |
| ५८ | मुगु | १८४ | ५१ | ० | १४३२८ | ० |
| ५९ | जुम्ला | २७० | ५० | ० | १९११६ | ३४४ |
| ६० | कालिकोट | २६१ | ७५ | ० | ३०१९७ | ० |
| ६१ | हुम्ला | ५८ | ३९ | ० | ११०३२ | ९७ |
| ६२ | जाजरकोट | २३२ | ७५ | ० | ८८५३ | १३८ |
| ६३ | दैलेख | १२९ | ६३ | ० | १४१३१ | ७२ |
| ६४ | सुर्खेत | २३६ | ७२ | १४९६ | १२५८२ | ० |
| ६५ | वांके | ४४२ | ९६ | ३१५ | ७३२७ | ० |
| ६६ | वर्दिया | ३२४ | ८३ | ८७५ | ४३१५ | ४६० |
| ६७ | वाजुरा | १७५ | ७५ | ० | ७५१८ | १७९ |
| ६८ | अछाम | ७८ | ५ | ० | १२२७९ | ० |
| ६९ | वझाङ्ग | ३३ | ६८ | ० | ५९६९ | ० |
| ७० | डोटी | १११ | ६१ | ० | ९०४८ | १५४ |
| ७१ | कैलाली | १८७ | १३५ | २१३१ | १२६३८ | ६९३ |
| ७२ | दार्चुला | २२५ | ७५ | १८ | २६३१ | १८४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७३ | वैतडी | ४५९ | ६९ | ० | ९६५१ | १९९ |
| ७४ | डडेल्धुरा | १९४ | ७५ | ४६७ | ४९०९ | १४१ |
| ७५ | कन्चनपुर | ३७१ | ७० | १२२ | ७३९७ | २५९ |
| ७६ | काठमाडौं महानगर | १८१ | १७ | ० | ० | ३९ |
| ७७ | विराटनगर उप म. | १८८ | २७ | ० | ५४९ | ७५ |
| ७८ | विरगञ्ज उप म. | ६४ | २४ | ० | १९८ | ० |
| ७९ | पोखरा उप म. | २०७ | ९ | ५ | ३८२ | ७१ |
| ८० | ललितपुर उप म. | १२६ | २९ | २१ | २० | ४८ |
| ८१ | इलाम न.पा. | १६ | ३ | ० | ४० | १३ |
| ८२ | दमक न.पा. | ७९ | ७ | १० | ३४८ | ४३ |
| ८३ | मेचीनगर न.पा. | ६५ | ५ | १९४८ | १७० | ३८ |
| ८४ | इटहरी न.पा. | ५७ | १ | ९ | ३४० | ० |
| ८५ | धरान न.पा. | ९२ | ० | १ | ५२५ | ११५ |
| ८६ | लहान न.पा. | ३४ | ७ | ० | ६८७ | २ |
| ८७ | त्रियुगा न.पा. | ९४ | १६ | ० | ५३८ | ७० |
| ८८ | जनकपुर न.पा. | २५ | १६ | ० | ७९५ | ९० |
| ८९ | कीर्तिपुर न.पा. | २२ | ५५ | ० | ० | ४५ |
| ९० | भक्तपुर न.पा. | ७५ | २१ | ० | ६ | ४५ |
| ९१ | मध्यपुर ठिमी न.पा. | ७२ | ८ | ० | १ | ९ |
| ९२ | बनेपा न.पा. | ११ | ६ | ० | १७ | २१ |
| ९३ | हेटौडा न.पा. | ४४ | १४ | ० | ९० | ६९ |
| ९४ | भरतपुर न.पा. | ६६ | ४ | ० | २१६ | ४० |
| ९५ | रत्ननगर न.पा. | ३२ | १० | ० | १०० | २४ |
| ९६ | व्यास न.पा. | ३८ | ६ | ३ | ३२९ | १४ |
| ९७ | लेखनाथ न.पा. | १०७ | ७ | ० | ५८९ | १५१ |
| ९८ | बुटवल न.पा. | ४९ | ८ | ११ | ९७ | ३७ |
| ९९ | सिद्धार्थनगर न.पा. | १७ | ९ | २३ | १८ | १० |
| १०० | बागलुङ न.पा. | ४४ | ४ | ० | ४२३ | ० |
| १०१ | घोराही न.पा. | ५९ | १७ | १६ | ८६६ | २० |
| १०२ | तुल्सीपुर न.पा. | ३४ | १५ | ० | ६१३ | ० |
| १०३ | नेपालगञ्ज न.पा. | ५४ | ४ | ८४ | ३१८ | ० |
| १०४ | गुलरिया न.पा. | १६ | १० | १६० | ७५७ | ० |
| १०५ | टिकापुर न.पा. | १४ | ३ | ७० | ७६९ | ४२ |
| १०६ | धनगढी न.पा. | ५१ | ४ | ६५ | ११४३ | ३३ |
| १०७ | भीमदत्त न.पा. | १३४ | २४ | १९ | २९१९ | २८ |
| | **जम्मा** | २७२०३ | ६३७५ | २२२५६ | ५०७७१८ | २२४५२ |

*स्रोतः संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको अभिलेख, २०७२*

## अनुसूची ८

### जिल्लामा गठन भएका बालक्लब

| क्रसं | | बालक्लबको कूल सङ्ख्या (२०७१/७२) | सम्लग्न बालबालिका | | |
|---|---|---|---|---|---|
| | | | बालिका | बालक | जम्मा |
| १ | अछाम | ५०४ | २६८८ | ३१३२ | ५८२० |
| २ | बैतडी | ५९० | ४१३० | ४७२० | ८८५० |
| ३ | बाजुरा | २०९ | ५५८ | १९५० | २५०८ |
| ४ | भक्तपुर | ५०० | ६३५ | ७८३ | १४१८ |
| ५ | चितवन | ३४४ | ३२५४ | ३७२९ | ६९८३ |
| ६ | धादिङ | २३३ | १३६८ | १३६० | २७२८ |
| ७ | धनुषा | ११७ | ५४७ | ६५६ | १२०३ |
| ८ | दोलखा | १०० | ५२० | ५८० | ११०० |
| ९ | डोल्पा | ७६ | ७५० | ८४६ | १५९६ |
| १० | गोरखा | ८९ | ११५९ | १२२६ | २३८५ |
| ११ | गुल्मी | २१३ | २९५८ | २९३५ | ५८९३ |
| १२ | हुम्ला | १३१ | ११२६ | १५४२ | २६६८ |
| १३ | जाजरकोट | १६३ | ८८४ | १०६० | १९४४ |
| १४ | झापा | १११ | १०६२ | ९७६ | २०३८ |
| १५ | कालिकोट | ३५० | २२४५ | ३१४० | ५३८५ |
| १६ | कञ्चनपुर | २८१ | ६४३५ | ७७३० | १४१६५ |
| १७ | काठमाण्डौं | १७५ | २१७२ | २५५७ | ४७२९ |
| १८ | काभ्रे | ४११ | २४६९ | २५३८ | ५००७ |
| १९ | खोटाङ | २३ | १२६ | ११३ | २३९ |
| २० | लम्जुङ | ३१० | २६९५ | २६८९ | ५३८४ |
| २१ | महोत्तरी | १५५ | १९०७ | २३४८ | ४२५५ |
| २२ | मोरङ | ८५१ | ११६९९ | १२४३३ | २४१३२ |
| २३ | मुगु | २८० | १२७४ | १५४१ | २८१५ |
| २४ | मुस्ताङ | १६ | ५७९ | ६२५ | १२०४ |
| २५ | म्याग्दी | ५७ | ४१८ | ४०५ | ८२३ |
| २६ | ओखलढुङ्गा | १४४ | ८१६ | ९०५ | १७२१ |
| २७ | पाँचथर | ३०३ | १४९० | १३७८ | २८६८ |
| २८ | रामेछाप | १८७ | ११०४ | १२४५ | २३४९ |
| २९ | रसुवा | ५० | ७९२ | ७३५ | १५२७ |
| ३० | रौतहट | ९७५ | ४७६३ | ३११६ | ७८७९ |
| ३१ | रोल्पा | ११७ | १४१५ | १५१० | २९२५ |
| ३२ | रुकुम | २०१ | ८६३ | १३४८ | २२११ |
| ३३ | संखुवासभा | ३९६ | २४९७ | ३६१६ | ६११३ |
| ३४ | सप्तरी | १२१६ | ७०१२ | ७३२१ | १४३३३ |
| ३५ | सर्लाही | १५० | ५४० | ६०० | ११४० |
| ३६ | सिराहा | ३६४ | ६०५० | ९६४० | १५६९० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३७ | सोलुखुम्बु | ३५४ | ३३७७ | ४०५५ | ७४३२ |
| ३८ | स्याङ्जा | २६९ | २५५३ | २७४२ | ५२९५ |
| ३९ | ताप्लेजुङ | ३३ | १५५१ | १५६३ | ३११४ |
| ४० | तेह्रथुम | १०४ | ८५८ | ८६५ | १७२३ |
| ४१ | अर्घाखाँची | ४३१ | ४६९२ | ५१९८ | ९८९० |
| ४२ | बाग्लुङ | ३५० | ७७० | ८८५ | १६५५ |
| ४३ | बझाङ | ३४ | ३७३ | ३८८ | ७६१ |
| ४४ | बाँके | ६०० | ६५८० | ५७५४ | १२३३४ |
| ४५ | बारा | २३१ | २९६१ | ७११७ | १००७८ |
| ४६ | बर्दिया | २४६ | १७३१ | १६७५ | ३४०६ |
| ४७ | भोजपुर | २०० | १७०० | १३०० | ३००० |
| ४८ | डडेलधुरा | १६० | ८७६ | १२४८ | २१२४ |
| ४९ | दैलेख | १२०६ | ६४५० | ६६८० | १३१३० |
| ५० | दाङ | ६२१ | ६००० | ६७५० | १२७५० |
| ५१ | दार्चुला | ४८ | २५० | २८३ | ५३३ |
| ५२ | धनकुटा | ३५ | २१० | ३३० | ५४० |
| ५३ | डोटी | ३०१ | २३८४ | ३९६२ | ६३४६ |
| ५४ | इलाम | ८२ | २८५ | ३९० | ६७५ |
| ५५ | जुम्ला | १३४ | ७५० | ११३६ | १८८६ |
| ५६ | कैलाली | ३०६ | १०५२५ | ७५०० | १८०२५ |
| ५७ | कपिलबस्तु | ५३७ | ४४६८ | ६३३५ | १०८०३ |
| ५८ | कास्की | ४६२ | ६३२५ | ५३२१ | ११६४६ |
| ५९ | ललितपुर | १९५ | २६११ | २७०० | ५३११ |
| ६० | मकवानपुर | ३४५ | १११४ | १०२४ | २१३८ |
| ६१ | मनाङ | १५ | १६७ | १२४ | २९१ |
| ६२ | नवलपरासी | ८०० | १०२१९ | १७७१० | २७९२९ |
| ६३ | नुवाकोट | १४५ | २५२३ | १८२७ | ४३५० |
| ६४ | पाल्पा | ७७३ | ९७६३ | ११३६४ | २११२७ |
| ६५ | पर्वत | १५२ | ६४७ | ८२२ | १४६९ |
| ६६ | पर्सा | ३५१ | १८५२ | २७७६ | ४६२८ |
| ६७ | प्युठान | १४६ | २५६१ | २२२३ | ४७८४ |
| ६८ | रुपन्दही | १४१ | १३५२ | १२४९ | २६०१ |
| ६९ | सल्यान | ११४ | अप्राप्त | अप्राप्त | अप्राप्त |
| ७० | सिन्धुली | १०२ | ५६० | ५२३ | १०८३ |
| ७१ | सिन्धुपाल्चोक | ३०० | ३०१३ | ३१०२ | ६११५ |
| ७२ | सुनसरी | ४८५ | ४२७० | ५८८५ | १०१५५ |
| ७३ | सुर्खेत | ३२६ | ३२६२ | ३०५९ | ६३२१ |
| ७४ | तनहुँ | ५१२ | ७२१९ | ८१४१ | १५३६० |
| ७५ | उदयपुर | ४१९ | ३४९९ | ३६२५ | ७१२४ |
| | **जम्मा** | २२४५७ | २०१३०१ | २३०६५९ | ४३१९६० |

*स्रोतः जिल्ला बालकल्याण समितिहरू,२०१५*

नेपाल सरकार

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

# केन्द्रीय बालकल्याण समिति

## Central Child Welfare Board-CCWB

हरिहरभवन, ललितपुर

पत्र संख्या :

चलानी नं. :

मिति २०७१/१२/०४

## प्रेस विज्ञप्ति

केन्द्रीय बालकल्याण समितिको आयोजनामा बालगृह अनुगमन लगायतका बालसंरक्षणसम्बन्धी समसामयिक विषयमा आवश्यक छलफल र **बालगृह अनुगमन प्रणाली सुदृढीकरण तथा बालअधिकार उल्लंघनका घटनाहरुको संबोधनसम्बन्धी अन्तरक्रिया कार्यक्रम** उपत्यकाभित्रका तीनवटै जिल्लाका प्रमुख जिल्ला अधिकारी, स्थानीय विकास अधिकारी, जिल्ला शिक्षा अधिकारी, सहायक प्रमुख जिल्ला अधिकारी, महानगरीय प्रहरी प्रमुख, जिल्ला जनस्वास्थ्य अधिकृत, बालकल्याण अधिकारी लगायत जिल्ला बालकल्याण समितिहरु, केन्द्रीय बालकल्याण समितिका पदाधिकारीहरु सहित विभिन्न सरोकारवाला निकायका अधिकारीहरुबीच दुई दिने छलफल तथा समन्वयात्मक गोष्ठी यही फागुन २९ र ३० गते काठमाडौंमा सम्पन्न भएको छ । उक्त कार्यक्रममा विशेषगरी आवासीय बालगृहको नियमन प्रक्रिया तथा मापदण्डलाई थप प्रभावकारी कसरी बनाउन सकिन्छ भन्ने विषयमा गहन छलफल तथा परामर्श भएको थियो । साथै केन्द्रीय तथा जिल्लास्तरीय बालगृह अनुगमन समितिबाट बालगृहको अनुगमनका क्रममा बालअधिकार हनन्का घटनाहरु देखिएमा बालसंरक्षणका सवालमा शून्य सहनशीलतालाई आत्मसात गर्ने प्रतिबद्धतासमेत व्यक्त गरिएको थियो । आगामी दिनहरुमा बालबालिकालाई आवासीय रुपमा संरक्षण प्रदान गरिएका सबै क्षेत्रहरुको अनुगमनलाई तिब्रता दिइने निर्णय भएको छ ।

यसै सन्दर्भमा हिजो चैत्र ३ गते केन्द्रीय बालकल्याण समितिको संलग्नता एवम् जिल्ला स्तरीय बालगृह अनुगमन समिति काठमाडौंका संयोजक एवम् सहायक प्रमुख जिल्ला अधिकारी श्री सुरेन्द्र पौडेलज्यूको नेतृत्वमा गौशालास्थित **संरक्षणको लागि मानव वातावरण संघ (हाम्रो घर)** नामक संस्थाबाट १६ जना बालबालिका (८ जना बालक र ८ जना बालिका) को उद्धार गरिएको छ । गौशालाको टुरिष्ट बसपार्क सँगै जोडिएको उक्तसंस्थाले बालबालिकाका लागि दुई वटा घर मासिक रु. ९०,०००/- (नब्बे हजार) भाडामा लिएको बताईएता पनि बालबालिकाको लागि तीनवटा कोठा मात्रै प्रयोग गरिएको पाइयो । अन्य कोठाहरुलाई स्टोरको रुपमा प्रयोग गरी परिवार नियोजनका अस्थायी साधनहरु (पुरुष र महिला दुबैले प्रयोग गर्ने), ब्लड ब्याग, सिरिन्जहरु, एक्सरे मेशिनका साथै अखाद्य सामग्रीहरु पाइएकोले उक्त सामग्रीहरु हाल महानगरीय प्रहरी वृत्त गौशालाको संलग्नतामा शिलबन्दी गरिएको छ । बालबालिका रहेको ठाउँमा अत्यन्तै फोहोर, ओढ्ने र ओछ्याउने कपडाको अभाव, खानेपानीको अभाव, भान्सामा खाना पकाउने वस्तु केही पनि नराखिएको, बिजुली बत्ती नभएको, केही म्याद नाघेको खानेकुरा भएको, बालबालिकाकालागि खाना पकाउने र सरसफाई गर्ने व्यक्ति नभएको, अनुगमनमा पटक पटक जाँदासमेत संस्थाको जिम्मेवार व्यक्तिसंग भेट गर्न नसकिएको, राति बालबालिका सुत्ने घरमा कोही पनि जिम्मेवार व्यक्ति बस्ने नगरेको लगायत बालबालिकाहरु मानसिक र शारीरिक रुपमा असहज अवस्थामा रहेको पाइएको साथै **आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०६९** बमोजिमको अधिकांश मापदण्डहरु कार्यान्वयन नभएको पाइएकोले **बालबालिका उच्च जोखिममा पर्नसक्ने** अनुगमन टोलीको स्थलगत निष्कर्ष बमोजिम सो संस्थाबाट बालबालिकालाई आकस्मिक उद्धार गरिएको छ ।

विशेष हेरचाह र संरक्षणका लागि खुलेका बालगृहहरुमा बालअधिकार उल्लंघनका यस्ताखालका घटनाहरु हुन नदिनका लागि आगामी दिनमा बालगृहहरुलाई नियमन गर्ने कार्य अझ प्रभावकारी बनाउन विशेष सजगताका साथ बालबालिकाको संरक्षणार्थ सम्बन्धित सबै सरोकारवालाहरुको गम्भीर ध्यान आकृष्ट गराउँदै यस कार्यमा जिल्ला प्रशासन कार्यालय र जिल्ला बालकल्याण समिति काठमाडौंको सक्रिय पहलकदमीका लागि हार्दिक धन्यवाद दिन चाहन्छौं ।

तारक धिताल

कार्यकारी निर्देशक

फोन नं. : ५०१००४५, ५०१००४६, ५५३९२११ | फ्याक्स : ९७७-१-५५२७५९१ | E-mail : contact@ccwb.gov.np

Tel. : 5010045, 5010046, 5539211 | Fax : 977-1-5527591 | Website : ccwb.gov.np

नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

# केन्द्रीय बाल कल्याण समिति
# Central Child Welfare Board

हरिहरभवन, पुल्चोक, ललितपुर

पत्र संख्या :
चलानी नं. :

**प्रेस विज्ञप्ती**

मिति.........................

## विपदको बेला बालबालिकाको संरक्षणलाई विशेष ध्यानदिन अनुरोध

हालैको भूकम्पबाट भएको धनजनको क्षतिबाट बालबालिका अधिक प्रभावित बन्न पुगेका छन् । यस विपदमा बाबुआमा तथा अभिभावक गुमाएका, परिवारबाट बिछोडिएका, अलपत्र परेका बालबालिकाको उद्धार, संरक्षणका लागि सम्बन्धित जिल्ला बालकल्याण समिति तथा केन्द्रीय बालकल्याण समितिमा सम्पर्क गर्न हुन सबैलाई अनुरोध गर्दछौं ।

भूकम्पको विपदको मौका पारेर बाल यौनदुराचारीहरुले बालबालिकालाई बलात्कार लगायतका यौन दूर्व्यवहार गरेका जस्ता सूचना प्राप्त भएकाले बालबालिका खासगरी बालिकाहरुलाई अभिभावकहरुले आफ्नो निगरानीमा तथा साथमा नै राख्न अनुरोध गर्दछौं । यस अवसरमा बालबालिकालाई एक्लै नछाड्न, अस्थायी बासस्थानमा सधैं आफ्नो समूहमा बस्न, राहत पाउने लोभमा वा अन्य बहानामा अपरिचित व्यक्तिसंग कतै नपठाउन, उनीहरुका साथमा नराख्न, छोटो चिनजानको मान्छेलाई अधिक विश्वास गरी बालबालिकाको जिम्मा नदिन, राती बालबालिकालाई आफूसँगै कोठा वा टेन्टमा राख्न, अपरिचित र शंकास्पद व्यक्तिमाथि नजर राखी प्रहरीलाई खबर गर्ने लगायतका कुरामा सचेत र सतर्क रहन अनुरोध गर्दछौं ।

यस विपद्को घडीमा बालबालिकाको आपतकालीन उद्दार सहयोगका लागि बाल हेल्पलाइनको पैसा नलाग्ने फोन नं १०९८(दश नौ आठ) र बालबालिका खोजतलास समन्वय केन्द्रको फोन नं १०४ मा सम्पर्क गर्न पनि सबैलाई सूचित गर्दछौं ।

तारक धिताल
कार्यकारी निर्देशक
२०७२।१।१८

फोन नं. : ५०१००४५, ५०१००४६, ५५३९२११ फ्याक्स : ९७७-१-५५२७५९१ E-mail : contact@ccwb.gov.np
Tel. : 5010045, 5010046, 5539211 Fax : 977-1-5527591 Website : ccwb.gov.np

नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
# केन्द्रीय बालकल्याण समिति
## Central Child Welfare Board-CCWB

पत्र संख्या : 071/72
चलानी नं. : 1061

मिति.........................

3rd May 2015

Dear Airline Operators,

We would like to bring your attention to the fact that children orphaned and separated from their parents face higher risk of being trafficked both internally and internationally during humanitarian emergencies such as earthquakes, floods etc. In this regards, we would like to request for your outmost vigilance and cooperation to prevent child trafficking in the aftermath of humanitarian crisis created by the recent earthquake in Nepal.

In particular, we would like to request all the airline operators to:

- thoroughly check and verify all the required travel documents before issuing airline tickets and boarding pass to under-aged children of Nepali origin traveling
- ensure that the legal documents are produced for any child travelling alone or with adults other than their parents
- inform the nearest police post/personnel and/or contact the following numbers if the child is suspected to be at risk of trafficking.
  - Ministry of Women Children and Social Welfare: 4200337
  - Central Child Welfare Board: 5010045/46
  - Department of Women and Children: 5526779
  - National Center for Children at Risk: 104 (toll free)
  - Child Helpline: 1098 (toll free)
  - Nepal Police: 100
  - Unicef: 5525712

We would like to extend our sincere appreciation for your cooperation in advance.

Sincerely Yours

(Tarak Dhital)
Executive Director

To
All Airline Operators in Nepal
cc: Ministry of Women Children and Social Welfare

1

फोन नं. : ५०१००४५, ५०१००४६, ५५३९२११ फ्याक्स : ९७७-१-५५२७५९१
Tel. : 5010045, 5010046, 5539211 Fax : 977-1-5527591
E-mail : contact@ccwb.gov.np
Website : ccwb.gov.np

नेपाल सरकार

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

# केन्द्रीय बालकल्याण समिति

**Central Child Welfare Board-CCWB**

हरिहरभवन, ललितपुर

पत्र संख्या :

चलानी नं. :

मिति २०७२/०४/१४

## ध्यानाकर्षण

बालबालिका विरुद्ध समाजमा हाले देखिएका अत्यन्त निन्दनीय, क्रुरतापूर्ण एवं अपराधिक कार्यले हामी सबैलाई अझ बढी गम्भीर र संवेदनशील भई बालसंरक्षणका लागि क्रियाशील हुनुपर्ने देखाएकोछ । गत साउन ५ गते विरामी छोरालाई बचाउन देउतालाई चढाउने नाममा नवलपरासीको कुडिया गाउं विकास समिति वडा नं ५ मा बस्ने १० बर्ष बालक जिवन कोहारको हत्या भएको घटनाले आजको एक्काइसौं शताब्दीमा पनि हाम्रो समाजका कैही पक्षको सोच कतिसम्म क्रुर र अमानवीय रहेको छ भने दर्शाएको छ । समाजमा रहेको पूर्ण अन्धविश्वासका कारण धार्मिक उक्साहटबाट बिरामीको उपचारमा बालकलाई बली दिएको यस घटनाले हामी मर्माहत तथा स्तब्ध भएका छौं, यस्ता किसिमका घटनाले बालबालिकाको स्वतन्त्र रुपमा बाँच्न पाउने अधिकारको उल्लंघन भएको छ । अन्धविश्वास र धर्मको नाममा हुने गरेका यस्ता अमानवीय कार्यहरुलाई अन्त्य गर्ने सन्दर्भमा समाजका हरेक पक्ष र सरकारी एवम् गैरसरकारी निकायहरुको चासो र सक्रियतामा बृद्धि गर्नु आवश्यक छ । उक्त घटनाका अभियुक्तहरु पक्राउ परिसकेकाले कानुनी कारवाहीको प्रक्रिया बढिरहेको छ, तर यस प्रकृतिका अन्य घटनाहरु नहुन् भन्नकालागि विशेष सतर्कता र विषय केन्द्रीत कार्यक्रमहरु संचालन हुन अति आवश्यक छ । अत: यस सन्दर्भमा समुदाय र खासगरी धामी, झाँक्री, पुजारी लगायतलाई लक्षित गरी विशेष सचेतना कार्यक्रमहरु सञ्चालन गर्न सम्बन्धित धार्मिक संस्थाहरु, समाजिक संघसंस्था, मानवअधिकार-बालअधिकार संस्थाहरु, स्थानिय निकाय एवं अन्य सरोकारवाला निकायहरुको ध्यानाकर्षण गराउंदछौं । यसैगरी बालबालिका स्वयम्का बीच पनि बालसंरक्षणको विषयमा सचेत रहन सघाउ पुऱ्याउने कार्यक्रमहरु संचालन गर्न आवश्यक छ । यस घटनाबाट बालबालिकामा परेको डर, त्रास र मनोसामाजिक प्रभावलाई सामान्यीकरण गर्दै सुरक्षाको प्रत्याभुति दिइने तर्फ पनि विशेष ध्यान जान आवश्यक छ । अत: बालबालिकाको क्षेत्रमा क्रियशिल सम्पूर्ण संघसंस्था र निकायहरुसगंको सहकार्यमा यस्ता अन्धविश्वास र हानिकारक परम्परालाई अन्त्य गर्ने सन्दर्भमा आवश्यक क्रियशिलता बढाउन ७५ रै जिल्लाका जिल्ला बालकल्याण समितिहरु लगायत सबै सरोकारवाला निकायकलाई अनुरोध गरिन्छ । यस दुखद् घटनाबाट शोकमा रहेका परिवार प्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

(तारक धिताल)

कार्यकारी निर्देशक

नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

# केन्द्रीय बालकल्याण समिति

**Central Child Welfare Board-CCWB**

हरिहरभवन, ललितपुर

पत्र संख्या :
चलानी नं. :

मिति २०७२/४/३१

## प्रेस विज्ञप्ती

मिति २०७२ साउन ३० गते जुम्लाको खलंगामा निकालिएको जुलुसमा साना वालवालिकालाई अर्धनग्न वनाई प्रयोग गरिएको घटनाको यस समिति भर्त्सना गर्दछ । कसैले पनि आफ्नो अभिष्टि परिपूर्तिका लागि कुनै पनि वहानामा जुलुस, धर्ना, वन्द हडताल जस्ता वयस्कद्वारा गरिने विरोध कार्यहरुमा वालवालिकालाई प्रयोग गरिनु वालअधिकारको दृष्टिकोणबाट कदापी सही मान्न सकिदैन । शारीरिक मानसिक रुपमा कलिला र अति सम्वेदनशिल अवस्थामा रहेका वालवालिकालाई ललाई फकाई, विभिन्न आकर्षण देखाई, गलत सूचना प्रवाह गरी लगायत विभिन्न वहानामा वाध्य पारी विरोध जुलुस जस्ता कार्यमा प्रयोग गरिनुले उनीहरुको शारीरिक मानसिक विकासमा नकारात्मक असर पर्नुका साथै त्यसक्रममा हुन सक्ने झडप, वलप्रयोग, भागदौड लगायतको अवस्थामा जीवन नै जोखिममा पर्न सक्ने सम्भावना रही वालवालिकाको संरक्षण लगायतको अधिकारको उल्लंघन हुन पुग्दछ ।

शान्तिपूर्वक अरुको अधिकारमा वाधा नपुग्ने गरी विरोध गर्न पाउनु मानवअधिकार भित्रकै कुरा हो, तर यस्ता कार्यमा अवोध वालवालिकालाई प्रयोग गरिनु वालवालिकाको मानवअधिकारको ठाडो उल्लंघन हो । अतः कुनै पनि राजनैतिक, धार्मिक, जातीय, क्षेत्रीय वा पेशागत, व्यवसायिक लगायतका कुनै पनि विषयमा गरिने भनिएका विरोध, आन्दोलनहरुमा वालवालिकाको प्रयोग पूर्णरुपमा निषेध गर्ने गराउने कार्यमा आयोजक पक्ष लगायत सवै सम्वन्धित सरोकारवाला निकायहरुको गम्भीर ध्यान जान जरुरी छ । आगामी दिनहरुमा कहिकतै यस्ता कार्य हुन नदिन स्थानीय प्रशासन, सुरक्षा निकायलगायत राज्यका सवै सम्वन्धित निकाय, आम सञ्चार जगत, गैह्रसरकारी संघसस्था, अधिकारकर्मी, स्वयम् वालवालिकाका अभिभावक, राजनैतिक दल, धार्मिक समुदाय, व्यवसायी लगायत आमजनसमुदाय समेत सवैलाई वालवालिका प्रति अत्यन्तै जिम्मेवार वन्न र यस्ता घटना हुन नदिन सचेत रही वालअधिकार संरक्षण तथा सम्वर्द्धनमा सहकार्यका लागि समेत सवैलाई हार्दिक अपिल गर्दछौं ।

२०७२/४/३१

तारक धिताल
कार्यकारी निर्देशक

फोन नं. : ५०१००४५, ५०१००४६, ५५३९२११
Tel. : 5010045, 5010046, 5539211
फ्याक्स : ९७७-१-५५२७५९१
Fax : 977-1-5527591
E-mail : contact@ccwb.gov.np
Website : ccwb.gov.np

नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

# केन्द्रीय बालकल्याण समिति

# Central Child Welfare Board-CCWB

हरिहरभवन, ललितपुर

पत्र संख्या :
चलानी नं. :

मिति.........................

*प्रेस विज्ञप्ति*

## हिंसात्मक प्रदर्शनसहित बालक हत्याको भर्त्सना

मिति २०७२ भदौ ७ गते कैलालीको टिकापुरमा भएको हिंसात्मक प्रदर्शनका क्रममा एक बालक सहित सुरक्षाकर्मी लगायतको अमानवीय हत्याको घटनाले सबैलाई स्तब्ध बनाएको छ र यस निन्दनीय कार्यको हामी भर्त्सना गर्दछौं । देशका विभिन्न स्थानमा भईरहेको विरोध प्रदर्शनहरु क्रमश: हिंसात्मक बन्दै जानुले समुदायका अत्यन्त सम्वेदनशील समूहमा रहेका बालबालिकाको जीवन र भविष्यलाई नकारात्मक प्रभाव पारिरहेको छ । विगत केही समय देखिको बन्दबाट प्रभावित भई विद्यालय शिक्षा आर्जनबाट बञ्चित रहेका बालबालिकालाई हालको हिंसात्मक प्रदर्शन र कलिला बालकलगायतको हत्यासम्मको घटनाले एकातिर अझ बढी त्रसित बनाउनुका साथै भविष्य प्रतिको अन्यौलता बढाएको छ भने अर्कोतर्फ कतिपयलाई विभिन्न बहनामा हिंसात्मक गतिविधि तर्फ उन्मुख गराउने जोखिम पनि बढीरहेको छ । बालबालिकालाई हिंसाको संस्कृतिबाट जोगाउनु सबैको दायित्व हो । आफ्नो अधिकारको माग गर्ने नाममा अरुको अधिकारको उल्लंघन गर्दै हिंसात्मक कार्य गर्नु मानवअधिकारको दृष्टिकोणबाट कदापी मान्य हुन सक्दैन । अझ त्यसमा बालबालिकाको बाँच्न पाउने र हरेक क्षण शान्तिपूर्ण वातावरणमा सिक्न, पढ्न पाउने अधिकारलाई कुण्ठित गरिनुले लाखौ बालबालिकाको भविष्य नै संकटमा पर्ने देखिन्छ ।

अत: विरोध प्रदर्शन गर्ने सबै पक्षहरुलाई कुनैपनि रुपमा हिंसात्मक प्रदर्शन नगर्न, हिंसाजन्य कार्य नगर्न र बालबालिकाको शान्तिपुर्वक बाँच्नपाउने, हिंसाजन्य कार्यबाट सुरक्षित हुन पाउने र निरन्तर शिक्षा पाउने लगायतका अधिकारमा बाधा सृजना नगर्न आह्वान गर्दछौं । यसैगरी कुनैपनि स्वरुपमा हुने हिंसात्मक कार्य एवम् विरोध प्रदर्शनहरु लगायत सामाजिक सद्भाव खल्बल्याउने कार्यबाट आफ्ना बालबालिकाहरुलाई सुरक्षित राख्न विशेष सर्तकता अपनाउन पनि सबै अभिभावक, समुदायलाई अनुरोध गर्दछौं । यस्ता घटनाहरुबाट बालबालिकालाई पर्न सक्ने मनोसामाजिक प्रभावलाई ध्यानमा राखी हिंसात्मक घटनाहरुका कतिपय विभत्स दृष्यहरु लगायत सामाजिक सद्भाव खल्बल्याउने विषयका समाचारहरुको प्रकाशन, प्रशारणमा विशेष सजगता अपनाउन पनि सम्पूर्ण सञ्चारमाध्यमलाई अनुरोध गर्दछौं । हिंसा बढाउँदै तथा सामाजिक सद्भाव बिगार्दै एकअर्का प्रति वितृष्ण सृजना गरेर कसैको पनि भलो नहुने कुरा विगतबाट अनुभव गरीसकिएको स्मरण गर्दै राष्ट्रका भविष्य मानिने बालबालिकालाई वर्तमानमानै सुरक्षित राख्नका निम्ति बन्द हड्ताल लगायत हिंसात्मक कार्यलाई तत्कालै रोकी विद्यालय तथा बालबालिकालाई शान्तिक्षेत्रका रुपमा ग्रहण गरी उनीहरुको अधिकारलाई कुठाराघात हुने कुनै पनि कार्य नगर्न सबैलाई हार्दिक आहवान गर्दछौं । यस दु:खद् घटनाबाट मृत्यूवरण गर्ने अवोध बालक लगायत सबै प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछौं ।

२०७२ भदौ ८

तारक धिताल
कार्यकारी निर्देशक

फोन नं. : ५०१००४५, ५०१००४६, ५५३९२११ फ्याक्स : ९७७-१-५५२७५९१
Tel. : 5010045, 5010046, 5539211 Fax : 977-1-5527591
E-mail : contact@ccwb.gov.np
Website : ccwb.gov.np

**बालबालिका राख्ने**

**सम्पूर्ण बालगृह, संघ संस्था तथा विद्यालयहरु लगायतलाई सूचना !**

विपद्को बेलामा भूकम्पका कारण बाबुआमा गुमाएका तथा अभिभावकबाट बिछोडिएका, अलपत्र परेका बालबालिकाको उद्धार, संरक्षण गर्नु सबैको दायित्व हो। तर यस्तो विपद्को समयमा कतिपय संस्था वा व्यक्तिले बालबालिका तथा परिवारको उचित लेखाजोखा बिना, गलत सूचना दिई वा प्रलोभनमा पारेर तथा अधिकार प्राप्त निकायको सिफारिस बिना गलत ढंगले बालबालिकाको ओसारपसार गर्नसक्ने र बालबालिकाहरु अझ बढी जोखिम तथा दुर्व्यवहारमा समेत पर्ने संभावना रहन्छ। त्यसैले कुनै पनि बालगृह लगायत संघसंस्था विद्यालय आदिले विभिन्न गाउँ, जिल्लाबाट बालबालिकालाई सम्बन्धित जिल्ला प्रशासन कार्यालय, महिला बालबालिका कार्यालय तथा जिल्ला बालकल्याण समितिको सिफारिस बिना अन्यत्र नलैजान सबैलाई सूचित गरिन्छ। कुनै संस्थाले विपद् पीडित बालबालिकालाई ल्याई संरक्षण दिएको भए सोको जानकारी सहित पूर्ण विवरण तुरुन्तै केन्द्रीय बालकल्याण समितिमा पेश गर्नु हुन सबैलाई सूचित गरिन्छ। साथै बालगृह लगायत संघसंस्थामा साबिक रहिरहेका बालबालिकालाई विपद्को क्षतिका कारणले बसिरहेको स्थानबाट अन्त कतै स्थानान्तरण गरिएको छ भने सोको पूर्ण विवरण सहितको जानकारी सम्बन्धित जिल्ला बालकल्याण समिति र केन्द्रीय बालकल्याण समितिमा तुरुन्तै पेश गर्नु हुन पनि सबैलाई सूचित गरिन्छ।

**नेपाल सरकार**

**महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय**

**केन्द्रीय बालकल्याण समिति**

# विपदमा बालबालिकाको संरक्षण

भूकम्पको विपदको मौका पारेर अस्थायी बसोबास लगायतको अवस्थामा बालबालिकालाई यौन दूर्व्यवहार भएका सूचना प्राप्त भएकाले बालबालिका खासगरी बालिकाहरुलाई अभिभावकहरुले आफ्नो निगरानीमा नै राख्न अनुरोध गर्दछौं। यस असहज अवस्थामा बाबुआमा तथा अभिभावकलाई निम्न कुरामा सचेत र सतर्क रहन आह्वान गर्दछौं:

- बालबालिकालाई एक्लै नछाड्ने, अस्थायी बासस्थानमा सधैं आफ्नो समूहमा बस्ने,
- राहत पाउने लोभमा वा अन्य बहानामा अपरिचित व्यक्तिसंग बालबालिकालाई एक्लै कतै नपठाउने, उनीहरुका साथमा नराख्ने,
- छोटोसमयको चिनजानका मान्छेलाई अधिक विश्वास गरी बालबालिकाको जिम्मा नदिने,
- राती बालबालिकालाई आफूसँगै कोठा वा टेन्टमा राख्ने,
- अपरिचित र शंकास्पद व्यक्तिमाथि नजर राखी प्रहरीलाई खबर गर्ने

बालबालिकाको आपतकालिन उद्दार सहयोगका लागि बाल हेल्पलाइनको पैसा नलाग्ने **फोन नं १०९८ (दश नौ आठ)** र बालबालिका खोजतलास समन्वय केन्द्रको **फोन नं १०४** मा सम्पर्क गरौं।

# विपदमा बाबुआमा गुमाएका बालबालिकाको संरक्षण

भूकम्पका कारण बाबुआमा गुमाएका तथा अभिभावकबाट बिछोडिएका, अलपत्र परेका बालबालिकाको उद्धार, संरक्षणका लागि सम्वन्धित जिल्ला बालकल्याण समिति तथा केन्द्रीय बालकल्याण समितिमा सम्पर्क गर्न सबैलाई अनुरोध छ। बालबालिकाको आपतकालिन उद्धार, सहयोगका लागि बाल हेल्पलाइनको पैसा नलाग्ने **फोन नं १०९८ (दश नौ आठ)** र बालबालिका खोजतलास समन्वय **केन्द्रको फोन नं १०४** मा सम्पर्क गर्न सकिनेछ। यस विपदमा अभिभावक विहिन बालबालिकाको उद्दार गरी संरक्षणका लागि जिल्लाबाट अन्यत्र लानै पर्ने अवस्था आईपरेमा जिल्ला तथा केन्द्रीय बालकल्याण समितिसंग अनिवार्य समन्वय गर्न सबैलाई सूचित गरिन्छ। विपदको बेलामा गलत ढंगले बालबालिकाको ओसार पसार हुन सक्ने संभावना रहने हुँदा सबैलाई सतर्क रहन र बालबालिकाको उचित अभिलेख राख्न समेत अनुरोध छ।

नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
**केन्द्रीय बालकल्याण समिति**
हरिहरभवन, ललितपुर, **फोन नं ५०१००४५/४६,** इमेल: contact@ccwb.gov.np